# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ४, अङ्क १०, पूर्णाङ्क १५६ | २०७५ साउन ३० गते बुधबार | Wednesday, 15 Aug 2018 | www.eratokhabar.com | मूल्य रु. १०


## प्रहरीले पत्रकारपनि छोडेनन्

■ रातो खबर संवाददाता



विरगन्जका पत्रकार सुदर्शन पाण्डेलाई प्रहरीले पक्राउ गरेको छ। पाण्डेलाई आइतबार अपरान्ह पक्राउ गरिएको हो। समाचार संकलनको क्रममा रहेकोबेला पत्रकार पाण्डेलाई पक्राउ गरिएको हो। पत्रकार पाण्डे रातोखवर साप्ताहिकमा आवद्ध छन्। पाण्डे पुराना पत्रकार साथै मानव अधिकारकर्मी समेत हुन्। नेकपाप्रति राजनैतिक झुकाव राखेकै कारण उनलाई पक्राउ गरिएको पारिवारिक श्रोतले बताएको छ। पाण्डेलाई नेकपाका नेताहरुसँगै पर्सामा प्रहरी हिरासतमा राखिएको छ।

## रोल्पालीले प्रहरीचौकी घेरेर नेता छुटाए

■ रातो खबर संवाददाता/रोल्पा


नेपाल कम्युनिस्ट पार्टीका स्थानीय कार्यकर्ताले रोल्पाको घर्तीगाउँमा शुक्रबार सभा आयोजना गरेका थिए। सभापूर्व शान्तिपूर्ण तरिकाले भइरहेको जुलुसमा प्रहरीले एकाएक हस्तक्षेप गर्‍यो र नेकपाका स्थानीय नेताहरूलाई गिरफ्तार गरी चौकीसम्म पुर्‍यायो। शान्तिपूर्ण सभामा प्रहरीले हस्तक्षेप गरेपछि आक्रोशित स्थानीयले गएर प्रहरीचौकी घेरा गरे र पक्राउ गरिएका ब्यक्तिलाई थुनामुक्त बनाए। नेकपाका प्रवक्तासहितको गिरफ्तारीको विरोधमा शान्तिपूर्ण तरिकाले सभा-सम्मेलन गर्न पाउनुपर्ने भन्दै स्थानीयले चौकी घेराउ गरे। सयौं जनता गएर चौकी घेराउ गरेपछि गिरफ्तार गरिएकाहरूलाई प्रहरीले थुनामुक्त गर्‍यो। प्रकाण्डलगायत नेता-कार्यकर्ताको रिहाइको माग गर्दै जुलुसले बजार परिक्रमा गर्न लागेको बेला प्रहरीले जुलुसमा हस्तक्षेप गरी नेकपा रोल्पा जिल्ला समिति सदस्य दिनेश र सूर्यलाई गिरफ्तार गरेको थियो। इलाका प्रहरी कार्यालय घर्तीगाउँमा राखिएका उनीहरूलाई ठूलो जनदबाबपछि प्रहरी रिहा गर्न बाध्य भयो। ठूलो सङ्ख्यामा रहेका आक्रोशित स्थानीय बासिन्दाले प्रहरी कार्यालय घेराउ गरेपछि प्रहरी पछि हट्न बाध्य भएको हो। रोल्पाको माडी गाउँपालिकाअन्तर्गत पर्ने घर्तीगाउँ नेकपाको प्रभाव क्षेत्र हो। १० वर्षसम्म सञ्चालित जनयुद्धमा वीरता, साहस र एकताको परिचय बनाएका रोल्पालीहरूले आफ्नो परिचय फेरि दोहोर्‍याएका छन्।

# गिरफ्तारीको चौतर्फी विरोध

## गिरफ्तारीको विरुद्धमा नेपाल बन्द, बन्दलाई सफल पारेकोमा महासचिव विप्लवद्वारा धन्यवाद







नेपाल कम्युनिस्ट पार्टी
Communist Party of Nepal
केन्द्रीय समिति
Central Committee

**प्रेस विज्ञप्ति**

हाम्रो पार्टीका स्थायी समितिका सदस्य तथा प्रवक्ता प्रकाण्ड, पोलिट व्युरो सदस्यहरु पदम राई, ओम पुन, कृष्ण धमला, मोहन कार्की, केन्द्रीय सदस्य देवनारायण शाह लगायतका जिम्मेवार नेता/कार्यकर्ताहरुलाई केपी–पिके सरकारले विशुद्ध राजनैतिक आस्थाका कारण पूर्वाग्रह साँधेर गिरफ्तार गरी अमानवीय यातना दिएपछि त्यसका विरुद्ध बाध्य भएर आन्दोलन घोषणा गरिएको थियो। नेपाली क्रान्तिकारी आन्दोलनप्रति भयानक गद्दारी गरी दलाल संसदीय व्यवस्थामा आत्मसमर्पण गर्न पुगेका यी वामपन्थी खोल ओढेकाहरुले देश र जनतालाई दिनदिनै बर्वाद गरिराखेका छन्। क्रान्तिकारी र देशभक्तहरुमाथि देशीविदेशी प्रतिक्रियावादीहरुको निर्देशन र इसारामा सखाप पार्ने योजना बुनिरहेका छन्। कमरेड प्रकाण्ड लगायतका नेता/कार्यकर्ताहरुको गिरफ्तारी यसैको उदाहरण हो।

यही क्रममा आज साउन २९ गतेका दिन नेपाल बन्दको घोषणा गरिएको थियो। कमरेड प्रकाण्ड लगायतका जतिपनि नेता/कार्यकर्ताहरु अहिले गिरफ्तार गरिएका छन्, ती सबै केपी–पीकेहरुले भन्दै गरेको संघीय संविधानको विपरित रहेको उनीहरुले गरेका रवैयाले पुष्टि गरेको छ। अहिले हाम्रा कमरेडहरुको गिरफ्तारीलाई लिएर चौतर्फी विरोध भैराखेको छ। यसरी विरोध गर्ने संघ/संस्था, विशिष्ट व्यक्तिहरुप्रति हामी धन्यवाद दिन चाहन्छौं। यो सामाजिक फासीवादी सरकार गठन भएदेखि नै नेपालका क्रान्तिकारी शक्तिमाथि एकोहोरो दमन चलाई राखेको छ। यो कुरा देशका देशभक्त, वामपन्थी, प्रगतिशिल शक्तिहरुले बुझ्न ढिलो गर्नु हुँदैन। दिनप्रतिदिन फासिस्ट र निरंकुश बन्दै गएको यो सरकार र मुलरुपमा संसदीय व्यवस्थाका विरुद्ध सबै मिलेर अन्तिम लडाई लड्न पनि जरुरी भैसकेको छ।

हाम्रो पार्टीले आह्वान गरेको यो नेपाल बन्दलाई समर्थन गर्दै वक्तव्य निकाल्ने सबै राजनैतिक शक्तिहरु, सहयोग र ऐक्यबद्धता व्यक्त गर्ने, वामपन्थी, देशभक्त र प्रगतिशलि शक्ति, जनताप्रति हाम्रो पार्टी हार्दिक कृतज्ञता ज्ञापन गर्दछ। साथै हामीले शुरु गरेको जनमुक्ति र राष्ट्रमक्ति अभियानमा सबैको सहयोग, साथ रहनेछ भन्ने पनि अपेक्षा राख्दछौं।

२०७५ साउन २९ गते

विप्लव
महासचिव

■ अम्बिका चन्द/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले सरकार दिनप्रतिदिन फासिष्ट र निरंकुश बन्दै गएकोले सरकार र मुलरुपमा संसदीय व्यवस्थाका विरुद्ध सबै मिलेर अन्तिम लडाई लड्न पनि जरुरी भैसकेको बताएका छन्। विप्लवले पार्टीका स्थायी समिति सदस्य प्रकाण्डलाई प्रहरीले पक्राउ गरेको विरोधमा मंगलबार सो पार्टीले आह्वान गरेको नेपालबन्द सफल बनाउने सम्पूर्ण बामपन्थी, देशभक्त, प्रगतिशिल शक्ति र जनताप्रति हार्दिक कृतज्ञता पनि ब्यक्त गरेका छन्। मंगलबार साँझ जारी गरिएको विप्लवको विज्ञप्तिमा सरकारले विशुद्ध राजनैतिक आस्थाका कारण पूर्वाग्रह साँधेर गिरफ्तार गरी अमानवीय यातना दिएपछि त्यसका विरुद्ध बाध्य भएर आन्दोलनका कार्यक्रम घोषणा गरिएको उल्लेख छ। विज्ञप्तिमार्फत् विप्लवले आफ्नो पार्टीले आह्वान गरेको नेपालबन्दमा सहयोग र समर्थन गर्ने सबै पक्षलाई धन्यवाद दिएका छन्। साथै महासचिव विप्लवले सरकारले दमन जारी राखे प्रतिरोध गर्ने चेतावनी पनि दिएका छन्।

सरकारले नेपाल कम्युनिस्ट पार्टीमाथि अघोषित प्रतिबन्ध लगाएर उसका हरेक राजनैतिक गतिविधिमा समेत प्रहरी हस्तक्षेप गरेपछि नेकपाले सरकारी दमनको प्रतिरोध गर्ने चेतावनी दिएको छ। सरकारले नेकपाका नेता कार्यकर्ताहरुलाई गिरफ्तार गर्ने, जेल हाल्ने र झुट्ठा मुद्दा लगाउने काम जोडतोडले अघि बढाएपछि नेकपाले फासिवादी दमनको सशक्त प्रतिरोध गर्ने भन्दै त्यसबाट उत्पन्न हुने परिणामको जिम्मेवार सरकार नै हुनुपर्ने बताएको छ। राजनैतिक बृत्तमा सरकार र नेकपा बीचको दुरी बढिरहेको र यसले देशलाई फेरि जनयुद्ध २ मा लैजान सक्छ भन्ने चिन्ता व्यक्त भइरहेको बेला नेकपाका उच्च तहका नेता प्रकाण्डलाई पक्राउ गरेको छ। जवाफमा नेकपाका महासचिव विप्लवले बुधवार जारी गरेको विज्ञप्तिमा संशक्त संघर्षमा जाने चेतावनीसहित पार्टी पंक्तिलाई सरकारी रबैयाको कडा प्रतिवाद गर्न निर्देशन गरेका छन्। नेकपाको राजनैतिक आयातन बढिरहेको र जनसमर्थन बढिरहेको बेला विप्लवले विज्ञपतिमार्फत् लोकतन्त्रवादी र देशभक्त शक्तिलाई राजनीतिक अधिकारको पक्षमा लाग्न आह्वान गरेका छन्। उनले

... बाँकी पृष्ठ ७ मा

# नेकपाका नेतामाथि सरकार अमर्यादित

## हत्कडी ठूलो कुरा होइन जनताको मुक्ति ठूलो कुरा हो – प्रकाण्ड

■ रातो खबर संवाददाता/काठमाडौं

बाटोमा हिडिरहेको बेला मंगलबार बेलुका दक्षिणकालीबाट पक्राउ गरिएका नेकपाका प्रवक्ता प्रकाण्डलाई सरकारले अमर्यादित ब्यवहार गरेको छ। पक्राउ गरेको १२ घण्टासम्म पनि उनलाई सार्वजनिक नगरी आँखाका कालो पट्टि बाँध्नुका साथै उनलाई र उनका सहयोगीलाई शारिरिक र मानसिक यातना दिएको छ। प्रकाण्डको काडमाडौं सुकेधारास्थित डेरामा प्रहरीले छापा मार्नुको साथै उनको परिवारलाई समेत मानसिक यातना दिएको छ। इन्स्पेक्टरको कमाण्डमा आएका प्रहरीले प्रकाण्डको डेरामा पेस्तोल देखाउँदै गाली गलौज गरेको उनका छोरा नरेन्द्र विकले जानकारी दिए।

राजनैतिक नेतालाई पनि अपराधीको जस्तै प्रहरीले हत्कडी लगाएर

बाँकी पृष्ठ ७ मा



## राजनीतिक शक्तिलाई अपराधिलाई झैं हत्कडी लगाउनु गलत : डा.भट्टराई

■ रातो खबर संवाददाता/काठमाडौं



पूर्व प्रधानमन्त्री तथा नयाँ शक्ति पार्टीका संयोजक डा. बाबुराम भटराईले सरकारले विप्लव नेतृत्वको नेकपाका नेता कार्यकर्ताहरुलाई पक्राउ गरी अपराधीलाई जसरी हत्कडि लगाएको भन्दै विरोध गरेका छन्। भटराईले भने -'राजनीतिक शक्तिलाई राजनीतिक ब्यबहार गर्नुपर्छ, विप्लवहरु राजनीतिक शक्ति हुन् त्यसैले उनीहरुलाई राजनीतिक ढंगले व्यवहार गरिनुपर्छ, अपराधीलाई झैं नेल र हत्कडी लगाउनु बिल्कुल गलत कुरा हो।' प्रहरी महाशाखा काठमाडौं टेकुमा रहेका नेकपाका नेता प्रकाण्डलाई भेटेपछि संचारकर्मीसँग कुरा गर्दै प्रकाण्डले यस्तो बताएका हुन्।

डा भटराईले सरकारको अहिलेका गतिविधिले गर्दा जनताले छिट्टै नयाँ विकल्प खोज्ने दाबी गरेका छन्। भट्टराईले भने 'वर्तमान सरकार नाङ्गो हुन एकदुई बर्ष लाग्छ होला भनेको त पाँच छ महिनामै पो नाङ्गो भयो'। उनले सरकारको चरित्र कुनैपनि अर्थमा समाजवादी, साम्यवादी, अग्रगामी नभएको बताए। आफूलाई कम्युनिष्ट भन्ने र क्रान्ति गरेर आएको पार्टीको सरकारले राजनीतिक पार्टीका नेताहरुलाई सामान्य गिरफ्तारी गरेपनि हत्कडी लगाउनु बिल्कुल गलत भएको बताए। त्यत्रो लामो संघर्ष गरेर १४ बर्ष जेल बसेर आएका प्रधानमन्त्री र त्यती ठूलो विद्रोहको नेतृत्व गरेर आएका प्रचण्ड यस्तो ब्यवहार गर्नु ठिन नभएको भटराईको भनाई छ। वर्तमान सरकारले चुनावी खर्च उठाउन मूल्यवृद्धि गरेको भट्टराईको भनाई छ।

## तीन कम्युनिस्ट पार्टीले गरे प्रकाण्ड पक्राउको विरोध







■ रातो खबर संवाददाता/काठमाडौं

नेकपाका नेता प्रकाण्डलाई गिरफतार गरेको विषयलाई लिएर तिन कम्युनिस्टले विरोध गर्दै रिहाईको माग गरेका छन्। नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य 'किरण'ले नेकपाका प्रवक्ता प्रकाण्डसहित गिरफ्तार नेताकार्यकर्तालाई बिनाशर्त रिहाइको माग गरेका छन्। उक्त पार्टीका महासचिव किरणले बुधबार प्रेस वक्तव्य जारी गर्दै आफूलाई कम्युनिस्ट बताउने सरकारले क्रान्तिकारी नेतालाई गिरफ्तारी गर्नु निन्दनीय भएको बताएका छन्। किरणको विज्ञप्तिमा भनिएको छ- 'प्रकाण्डसहित तीन जना कमरेडहरुलाई सरकारले

बाँकी पृष्ठ ७ मा

## वैज्ञानिक समाजवादको अनिवार्यता

**देश/परिवेश**

■ विप्लव



पुँजीवादी दुनियाँले जति नै आलोचना, भर्त्सना, आक्रोश र घृणा पोखे पनि विश्व एक्काईसौं शताब्दीमा प्रवेश गरेसँगै वैज्ञानिक समाजवाद-साम्यवादको अनिवार्यता यसरी उठेर अगाडि आएको छ; जसरी सत्रौं शताब्दीमा पोपले अधर्म, पाप र अपवित्रताको उद्घोष गरे पनि सामन्तवादका नाइके र सम्राट्हरूलाई मिल्काउँदै आधुनिक पुँजीवाद उदाएको थियो। साथै जसरी समय पुगेपछिको बच्चा आमाको गर्भबाट बाहिर निस्किन अनिवार्य हुन्छ त्यहाँ केवल सुडेनीको काम गर्ने तत्वहरूको मात्र आवश्यकता हुन्छ। हामीलाई थाहा छ, सन् १९९० तिर 'संशोधनवादी समाजवादी देशहरूमा' नाङ्गो पुँजीवाद पुनरावृत्त हुँदै गर्दा वैज्ञानिक समाजवादको भविष्यबारे त्यसरी नै भविष्यवाणी गरिएको थियो जसरी सन् १९१७ को अक्टोबर क्रान्तिद्वारा पुँजीवाद फ्याँकिँदा पुँजीवादको भविष्य समाप्त भएको विश्वास गरिएको थियो। पुँजीवादी राजनीतिक नेतृत्वले मात्र होइन, कैयौं पुँजीवादी विश्लेषकले समेत समाजवादी-साम्यवादी युग समाप्त भएको निष्कर्ष निकालेका थिए। तर संशोधनवादी 'समाजवाद' को पतन र आज पुँजीवादले भोगिरहेको असफलता र सङ्कटका साथै पुँजीवादी-साम्राज्यवादी व्यवस्थाले मानव-दुनियाँमाथि थोपरिरहेको अति-उत्पादन, बजारको छिनाझप्टी, आर्थिक विपत्ति, युद्ध र विध्वंसले मानवजातिलाई वैज्ञानिक समाजवादको आवश्यकता त्योभन्दा बढी महसुस भइरहेको छ जति आवश्यकता पेरिस कम्युन र अक्टोबर क्रान्तिपूर्व गरिएको थियो। मानवजातिमा पैदा भएको पुँजीवादप्रतिको घृणा र वैज्ञानिक समाजवादप्रतिको आस्थाले वैज्ञानिक समाजवादको आगमनलाई त्यतिकै अनिवार्य बनाइदिएको छ, जति कि सत्रौं-अठाह्रौं शताब्दीमा सामन्तवादसँगको सङ्घर्षमा पुँजीवाद बेलाबखत पराजय हुँदा पनि पुँजीवादी विजयलाई नै अनिवार्य बनाइदिएको थियो। पुँजीवादको अन्त्य र समाजवाद-साम्यवादको आगमनबाट मान्छे त्यसरी नै बच्न सक्नेछैन जसरी दासयुगको अन्त्यबाट समाजको कोही पनि सदस्य बच्न सकेको थिएन। यहाँनेर लेनिनले वैज्ञानिक समाजवादको अनिवार्यताबारे उल्लेख गर्नुभएको विषय निकै महत्वपूर्ण छ, उहाँले भन्नुभयो, "समाजवाद स्वप्नद्रष्टाहरूको मनगढन्ते कुरा होइन, यो त आधुनिक समाजमा उत्पादक शक्तिहरूको विकासको अन्तिम उद्देश्य एवम् अनिवार्य परिणाम हो।"

क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# ‘अपराधी’ प्रकाण्ड

वामपन्थ र कम्युनिस्टको मुखुन्डो लगाएको सामाजिक दलाल पुँजीवादी समूहहरूको गठबन्धन केपी-पीके सरकार झन्झन् क्रूर र फासिवादी बन्दै गएको छ। कथित दुईतिहाइको दम्भले भ्यागुतोझैँ फुलेको केपी-पीके सरकारले राष्ट्रियता, जनतन्त्र, जनजीविकाको रक्षा एवम् सुनिश्चितताका साथै अन्याय, विभेद र असमानताको अन्त्यका लागि जनताको साथ लिएर एकीकृत जनक्रान्तिमा होमिएका नेकपाका शीर्ष तहका नेतादेखि कार्यकर्तासम्मलाई षड्यन्त्रपूर्ण गिरफ्तारी, चरम यातना र झूट्टा मुद्दा लगाउँदै निरङ्कुश राणाकाल, पञ्चायतीकाल र शाहीकाल तीनवटै निकृष्ट व्यवस्थाको एकीकृत स्वरूप अभिव्यक्त गरिरहेको छ । गतसाता नेकपाका स्थायी समिति सदस्य एवम् पार्टीप्रवक्ता खड्गबहादुर विश्वकर्मा ‘प्रकाण्ड’ लगायत तीनजनालाई अपराधीको आरोप लगाउँदै गिरफ्तार गरियो । प्रकाण्डसहित तीनजनाको आपराधिक शैलीको गिरफ्तारी, आँखामा पट्टी, हतकडी, यातना र झूट्टा मुद्दासम्म आइपुग्दा यो बुख्याँचा सरकार नेकपालाई भड्काएर तत्काल गृहयुद्ध सुरु गराउन उद्यत छ भन्ने सङ्केत देखिन्छ। यो उसको आत्मघाती हर्कत हो। यसको जति निन्दा र भर्त्सना गरे पनि कमै हुन्छ। हामी षड्यन्त्रपूर्वक गिरफ्तार गरी झूट्टा मुद्दा लगाइएका, हिरासत, हतकडी र आँखामा कालोपट्टी बाँधिएका प्रकाण्डलगायत नेकपाका सबै नेता र कार्यकर्ताहरूको तत्काल रिहाइका लागि माग गर्दछौँ ।

केपी-पीके सरकारले रामबहादुर थापालाई मोहरा बनाएर यतिबेला नेकपाका प्रवक्ता प्रकाण्डलगायत पीबीएमहरू पदम राई, ओम पुन, मोहन कार्की, कृष्ण धमला, सीसीएम आजाद, देवनारायण शाहलगायत देशभरबाट कयौँ नेता र कार्यकर्तालाई बिनाकारण गिरफ्तार गरी अमानवीय व्यवहार गर्दै झूट्टा मुद्दामा फसाउने प्रपञ्च रचिरहेको छ र नेकपालाई नेपाल बन्द गर्न बाध्य बनाएको छ । गृहमन्त्री रामबहादुर थापाले एउटा सार्वजनिक कार्यक्रममा प्रकाण्डलगायत नेकपाका नेताहरूले आपराधिक र आतङ्ककारी गतिविधि गरिरहेकाले गिरफ्तार गर्नुपरेको झूट्टा भाषण गरेका छन् । बाटो हिँड्दै गरेका, घर र कोठामा बसिरहेका नेता-कार्यकर्ताहरूलाई अपराधी र आतङ्ककारी देख्ने रामबहादुर र केपी सरकारको दृष्टिभ्रम शान्तिपूर्ण आन्दोलनले हट्ने देखिँदैन । यो सरकारले देश र जनताका पक्षमा लडिरहेका नेता र कार्यकर्ताहरुलाई अपराधी भन्दै यस किसिमको निकृष्ट व्यवहार गर्न पाउँदैन । जनताले बुझिसकेका छन्, हिजो पनि संसद्वादी शक्ति र राजतन्त्रका पक्षपातीहरुले जनयुद्ध लडिरहेको माओवादीलाई अपराधी र आतङ्ककारी घोषणा गरेका थिए । यसले विद्रोही शक्तिलाई क्रान्ति अघि बढाउन सहज भएको थियो । देश र जनताको सेवा गरिरहेको शक्तिलाई अपराधी र आतङ्ककारी घोषणा गरेपछिको परिणाम राजतन्त्र र संसद्वादीहरुले राम्रैसँग अनुभूति गरेका थिए। तर केपी र रामबहादुरहरु यति छिट्टै त्यो ताजा विगत भुलेको नाटक गरिरहेका छन् ।

केपी-पीके सरकार यतिबेला चौतर्फी अलोकप्रिय र बदनाम बन्दै गएको छ । यो सरकारले एकातिर जनतामाथि तीन तहका कर लादेर उठ्नै नसक्ने गरी थलापारेको छ भने अर्कातिर सिंहदरबारको भ्रष्टाचारलाई संस्थागत गरेर तल्लो तहसम्म पुऱ्याएको छ। महँगीले जनताको दैनिक जीवन नै सञ्चालन हुन मुस्किल भएको छ भने समाजमा व्याप्त हत्या, बलात्कार र व्यभिचारले विगतका कुनै पनि अलोकप्रिय र जनविरोधी घटनाहरूलाई बिर्साउँदै लगेको छ । बालिका बलात्कार र हत्या, बालक अपहरण र हत्या, कर्मचारीद्वारा करोडौँ भ्रष्टाचार, वैदेशिक रोजगारीमा झुक्याएर लगिएका महिला र युवाहरूको बिचल्ली...दैनिक यसप्रकारका निन्दनीय घटनाले सञ्चारमाध्यम रङ्गिएका छन् र लाचार सरकारका उपलब्धि मान्दै जनताले यस्ता घटना हेर्दै र सुन्दै दिन-रात काट्नुपरेको छ । प्राकृतिक प्रकोपका कारण बेहाल हुने जनताको त कुनै लेखाजोखा नै छैन। देशको सीमा मिचिइरहेकै छ। सीमा क्षेत्रका जनतामाथि भारतीय साम्राज्यवादको हस्तक्षेप र यातना बढिरहेकै छ तर पनि केपी-पीके सरकार जनतालाई झुक्याइरहेको छ- समृद्ध नेपाल, सुखी नेपालीको झूट्टा नारा र आश्वासन बाँडेर। बलात्कार, अपहरण र हत्या वृद्धि गरेर, महँगी र भ्रष्टाचार व्यापक बनाएर, देशभक्त र क्रान्तिकारी विद्रोहीहरूलाई जेलनेल हालेर र झूट्टा मुद्दामा फसाएर यो सरकारले कस्तो समृद्धि र सुख बाँड्न खोजिरहेको होला, आश्चर्यको विषय बनेको छ। यो छद्म स्यालले आकाशतिर चिल देखाउँदै भुइँको चल्ला चोरेर फरार भएजस्तो हो ।

एउटा महान् उक्ति छ- संसारभरकै प्रतिक्रियावादी र जनविरोधीहरू एउटै धातुले बनेका हुन्छन् । हिटलर, मुसोलिनी, डोनाल्ड ट्रम्पदेखि केपी-पीके र रामबहादुरसम्मका हर्कतहरूलाई हेर्दा यो उक्ति तिनकै लागि बनाइएको होजस्तो लाग्छ । हिटलरले पनि समाजवादकै नाममा आमहत्या र नरसंहार गरेको थियो। राणाशासक र राजामहाराजाहरूले पनि ‘रामराज्य’ को गुलियो सपना बाँडेर जनदमन गरेका थिए । यतिबेला समाजवादको भ्रम बाँड्दै हिँडेका पीके-केपी र रामबहादुरहरू पनि जनदमन गर्दै जनता र देशविरोधी गतिविधि गरेर निरङ्कुश शासकको सिको गरिरहेका छन् । आफैँ समाप्त नहोउन्जेल गल्ती दोहोऱ्याइरहने प्रतिक्रियावादी शासकहरूको चरित्र यो सरकारले पनि दोहोऱ्याइरहेको छ। हामी यो सरकारलाई सुझाव दिन्छौँ- सरकार, जनता र विद्रोहीमाथि दमन गरेर र झूट्टा मुद्दा लगाएर तिम्रो राज्य ‘रामराज्य’ बन्दैन ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# जनथा भिमुक्ति पेरामुनाका समस्याहरु


गुणराज लोहनी

विश्व कम्युनिस्ट आन्दोलन अहिले रक्षात्मक छ । पुँजीवादले परम्परागत स्वरुपमा नभएर फरक रुप र रङ्गमापछिल्लो समयमा विश्वलाई लपेटेपछि विश्वका सबैजसो संशोधनवादीहरुले पुँजीवादका सामु यो या त्यो बहाना बनाएर आत्मासमर्पण गरिरहेका छन् । त्यसैको पछिल्लो शिकार नेपालको विजयउन्मुख जनयुद्ध बन्न पुगेको छ । र त्यसका मुख्य नेताहरुले विभिन्न बहाना बनाउँदै मार्क्सवाद नै परित्याग गर्न पुगेका छन् । हुन त नेपाली जनयुद्ध पेरुको जनयुद्धले गोञ्जालोको गिरफ्तारी पछि खाएको धक्का, ठीक त्यसै गरी श्रीलंकामा जनता भिमुक्ति पेरामुना अर्थात जनमुक्ति मोर्चाको आन्दोलन त्यस पार्टीका प्रमुख रोहना विजेवीराको गिरफ्तारीपछि सिथिल हुन पुगेको अवस्थामा शुरु भएको थियो । यसरी पेरु र श्रीलंकाको जेभीपीले गरेका दुवै क्रान्ति र आन्दोलनको मुख्य उद्देश्य मार्क्सवादमा आधारित समाजवाद स्थापना रहेको थियो । यद्यपी यिनीहरुले धक्का खानुको मुख्यकारण भनेको वैचारिक रहेको भन्नेमा विमति राख्ने ठाउँ छैन । यिनीहरुले गरेको क्रान्तिकारी कम्युनिस्ट आन्दोलन र ती आन्दोलनहरुले खाएका धक्काबाट के शिक्षा लिने भन्नेमा स्पष्ट हुन जरुरी छ।

अहिले नेपाल कम्युनिस्ट पार्टीले समाजवादी आन्दोलनको नेतृत्व गरिराखेको छ। त्यो आन्दोलनलाई सखाप पार्ने योजनामा आफूलाई कम्युनिस्ट भन्न रुचाउने र समाजवादको बखान गरेर नथाक्ने यो सरकारले विभिन्न योजनाहरु बनाइराखेका समाचारहरु आइरहेका छन् । नेपाल कम्युनिस्ट पार्टीले अहिलेको अवस्थामा राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका सामान्य मुद्दालाई लिएर गरेका महंगी, भ्रष्टाचार, कालोबजारी र राष्ट्रघातका विरुद्ध गरिएका आन्दोलनहरुबाट तर्सिएर यो सरकारले उक्त पार्टीका नेता, कार्यकर्ता र समर्थक, शुभचिन्तकहरुलाई दिनदिनै सयौंको संख्यामा गिरफ्तार गर्ने, बन्दि बनाउने, जेल चलान गर्ने र यहाँसम्म कि बेपत्ता पार्नेसम्म गरेको छ । यही सरकारका संयन्त्रहरुबाट आइरहेको छ कि यो सरकारले नेपाल कम्युनिस्ट पार्टीद्वारा सञ्चालित आन्दोलनलाई ९० को दशकको अन्ततिर श्रीलंकामा जनथा भिमुक्ति पेरामुना जस्तै बनाउने योजना छ रे । यो सरकारले नेपाल कम्युनिस्ट पार्टीका नेताहरुलाई गिरफ्तार गर्ने, जेलमा सडाउने र आन्दोलन अघि बढ्न नदिने षडयन्त्रमा लागेको छ भन्ने छ। यी तथ्यहरुलाई पछिल्लो समयमा नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य एवं प्रवक्ता खड्गबहादुर विश्वकर्मालाई अपहरणशैली गिरफ्तार गरी लगभग १८ घण्टा बेपत्ता पारेको र अदालत लैजाँदा पनि हथकडी लगाउने, राजनैतिक नेतालाई गैह्रराजनीतिक मुद्दा लगाउनुले पनि यसलाई पुष्टि गर्दछ।

**के हो जेभीपी(जनथा भिमुक्ति पेरामुना) ?**

जनथा भिमुक्ति पेरामुना(जेभीपी) सन् १९६५ मा क्रान्तिद्वारा श्रीलंकामा समाजवाद स्थापना गर्ने उद्देश्यले गठन भएको थियो । यस समयमा श्रीलंकामा लंका सम समाज पार्टी(एलएसएसपी), श्रीलंका कम्युनिस्ट पार्टी(सीपी), महाजन एक्साथ पेरामुना( एमइपी) र सिलोन कम्युनिस्ट पाटी जस्ता वामपन्थी पार्टीहरु अस्तित्वमा रहेका थिए । सबैलाइ थाहा भएको कुरा हो कि सिलोन कम्युनिस्ट पार्टी त अन्तर्राष्ट्रियवादी क्रान्तिकारी आन्दोलन(रिम)को सदस्य पनि थियो । यो समयमा श्रीलंकामा आर्थिक संकट गहिरिएको थियो । त्यसवेलादेखि संयुक्त राष्ट्रिय पार्टी र श्रीलंका स्वतन्त्र पार्टीहरुले ८ वर्षसम्म एक अर्कोले शासन गरेका थिए । जनथा भिमुक्ति पेरामुनाका संस्थापनहरुले श्रीलंकमा देखा परेको आर्थिक संकटको सामना व्यवहारिकरुपमा समाधान गर्न सकेको थिएन भन्ने ठोकुवा नै थियो। जेभीपीले सन् १९६४ मा ३ वटा वामपन्थीहरुको सरकारमा सहभागिताले उनीहरुको आचरण स्पष्ट भएको र जनता र श्रमजीवी वर्गमा ठूलो धोका भएको बुझेको थियो। पछिल्लो क्रममा उक्त पार्टीका मुख्य नेता रोहना विजेवीरा भएका थिए।

**को हुन् रोहना विजेवीरा**

१९६४तिर रोहना विजेवीरा मस्कोको लुमुम्बा विश्वविद्यालयमा चिकित्सा शास्त्र पढिरहेका थिए। त्यहाँ उनले मार्क्स, एंगेल्स र लेनिनका कितावहरु पढेका थिए, उनी एक समाजवादी हुने प्रतिबद्धता व्यक्त गरेका थिए । १९६४ मा उनी श्रीलंकाको यात्रा गरेपछि सोभियतको परम्परालाई तोडेर फेरि नफर्किने गरी सोभियत संघ छाडेका थिए । त्यो समयमा श्रीलंकाको कम्युनिस्ट पार्टी एउटाले सोभियत संघ र अर्कोले चिनीयाँ पक्ष लिएर दुई पार्टीमा विभाजित हुन पुगेको थियो । स्टालिनको मृत्यु पश्चात निखिता ख्रुश्चेवले ल्याएको शान्ति पूर्ण सह–अस्तित्व, शान्ति पूर्ण विकास जस्ता पाँच स को संशोधनवादी नीति ल्याएपछि चिनीयाँ कम्युनिस्ट पार्टी र सोभियत कम्युनिस्ट पार्टीका बीचमा महान बहस चलेको थियो । यसरी विश्व कम्युनिस्ट आन्दोलन सोभियत र चिनीयाँ गरी दुई खेमामा बाँडिएको थियो । यसैको प्रभाव श्रीलंकाको कम्युनिस्ट पार्टीमा परेको थियो । चिनीयाँ विचारको नेतृत्व प्रेमलाल कुमारासिरीद्वारा गरिएको थियो । बुबाको निधन पश्चात विजेवीरा कुमारासिरीको सम्पर्कमा पुगेका थिए र पार्टीको स्टाफमा जोडिएका थिए । उनले घरमा नै मजदूर संगठनको कार्यालय खोलेका थिए।



**विभाजन**

विजेवीराले व्यापकरुपमा वामपन्थी आन्दोलन विस्तार गरेका थिए(जुन अहिले श्रीलंकामा पुरानो वामपन्थीका रुपमा लिइन्छ । ) जबसम्म त्यहाँ पेशेवार क्रान्तिकारी कार्यकर्ताहरु उत्पादन भएका थिएनन् र मार्क्सवादबाट जनतालाई प्रशिक्षित गरिएको थिएन । “पुराना वामपन्थी” भनिएकाहरुले श्रमजीवीहरुलाई अन्तिम शब्द भनेका थिए । उनलाई पनि “पुरानो वामपन्थी” नेताप्रति विश्वास थियो, त्यो आशाप्रति सचेत थिए, जुझारु श्रमीकहरुलाई वेवास्तापूर्ण तरिकाले पूर्णरुपमा प्रयोग गरियो । विजेवीरा र अरुले १९६६ को मध्यतिर एउटा नयाँ र स्पष्ट क्रान्तिकारी चरित्रको पार्टीको घोषणा गरेका थिए। उनीहरुले, श्रीलंकाका अधिकांश पार्टीहरुको जन्मदेखिको विपरित तरिकाबाट उनीहरुको खण्डन गर्दै नयाँ पार्टी बनाएका थिए। यो समयमा उनीहरुले राजनैतिक कार्यकर्ताहरुलाई र श्रमीक वर्गमा राजनैतिक सचेतान दिने र बद्धि गर्ने काममा व्यस्त गराएका थिए।

**पाँच कक्षाहरु**

विजेवीराले सबैभन्दा पहिला जनतालाई राजनैतिकरुपमा शिक्षित गर्नु पर्दछ भन्ने कामलाई महत्व दिएका थिए। मार्क्सवादी विश्लेषण अनुसार श्रीलंकाको सामाजिक–राजनैतिक–आर्थिक समस्याहरुको पहिचान नगरेका कारण सही तरिकाले पत्ता लगाउन पर्ने मुख्य कारण रहेको भन्ने मुद्दा उनीहरुले उठाएका थिए र त्यही अनुरुप कदम चाल्ने निर्णय गरेका थिए । मुख्य ५ वटा शिर्षकमा मार्क्सवादी विश्लेषणको आधारमा ५ वटा बहस गरिएको थियो । १९६८ बाँकी समय भरी, देशको उत्तरदक्षिण र पूर्वपश्चिमका सबै जसो भूभागमा विजेवीरा पार्टी सदस्यहरुलाई राजनैतिक कक्षाहरु लिनका लागि गएका थिए । प्रशिक्षण क्याम्पमा ५ किसिमका राजनीतिमा आधारित कक्षाहरुलाई पछ्याइएको थियो । यी राजनैतिक प्रशिक्षण कक्षाहरुलाई सरकार र “पुराना वामपन्थी”हरुबाट पूर्वसावधानीका साथ गोप्य राखिएको थियो । यसरी सञ्चालन गरिएका सबै कक्षाहरु विजेवीराद्वारा सञ्चालन गरिएको थियो । यी कक्षाहरु प्रत्येक दिन १७ देखि १८ घण्टासम्म चल्दथे र खानाका लागि मात्र राकिन्थ्यो ।

सन् १९७१ सम्म, जेभीपी एउटा राजनैतिक पार्टीका रुपमा स्थापित भएको थियो र अरु वामपन्थी राजनैतिक पार्टीहरुको वैकल्पिक शक्तिका रुपमा आइसकेको थियो । जेभीपीका बहुमत सदस्य र समर्थकहरु त्यो समयमा युवा उमेर समूहका थिए । यसले जेभीपी राजनैतिक उर्जा र राजनैतिक चुनौतिको घण्टि बजाएको थियो । त्यसैले सरकार र उसको गठबन्धन वामपन्थीहरुले उक्त पार्टीलाई विभिन्न तहमा विभाजन गर्ने रणनीति लिएका थिए। त्यसपछि जेभीपीको शक्तिलाई स्वीकार गरिएको थियो । यद्यपी यो पार्टी पूर्ण रुपले परिपक्क राजनैतिक पार्टी बनिसकेको थिएन् । त्यहाँ धेरै समस्याहरु थिए जसलाई उनीहरुले शुद्धिकरण गर्न जरुरी थियो।

१९७१ मा विद्रोह गर्दा ३० हजार जिउँदाजाग्दा युवाहरु रहेको दावी गरिएको थियो। १९७१ को अप्रिलमा भण्डारानाइके सरकार विरुद्ध विद्रोह गर्नुभन्दा पहिला जेभीपीले विश्वव्यापीरुपमा ध्यानाकर्षण गरेको थियो । कमजोर हतियार र सामान्य तालिम पाएका भएता पनि युवाहरुले दक्षिण र मध्यका प्रदेशहरुको अधिकांश स्थानहरु उनीहरुले केन्द्रीय फौज नआइएसम्म कब्जा गर्न सफल भएका थिए । यसले गर्दा त्यहाँको केन्द्रीय सरकार र सुरक्षा निकायमा ठूलो संकट ल्याइदिएको थियो। १९७१ को मार्चमा बम फ्याक्ट्रीमा भएको विस्फोटको दुर्घटना भयो। पुलिसले केजिया जिल्लाको नेलुन्डेनियाको एउटा झुप्रोमा ४८ वटा बम फेला पारेको थियो।

छोटै समयमा विजेवीरालाई गिरफ्तार गरियो र जाफ्ना कारागारमा लगियो, जहाँ उनलाई विद्रोहीका बीचमा राखियो । उनको गिरफ्तारी र पुलिसमाथि परेको अनुसन्धानको दवाव बढिरह्यो । जेभीपीका अरु नेताहरुले तुरुन्तै प्रतिक्रिया देखाउने निर्णयमा पुगेका थिए । उनीहरुले अप्रिल ५ को ११ बजे विद्रोह गर्न सहमत भएका थिए । सरकारसँगको २ हप्ताको लडाईं पछि सरकारले दुर्गम स्थानहरु बाहेक नियन्त्रणमा रहेको धेरै जसो स्थान फिर्ता लियो । मानव र राजनैतिक दुवै शर्तमा विजयको मूल्य अधिक थियो । जेभीपीका अनुसार उसका ३० हजार विद्रोही थिए। ती मध्ये अधिकांश २० वर्ष मुनिका राज्यको दमनमा मारिएका थिए। उक्त दमनमा सेना र कथित पुलिसको अत्याधिक प्रयोग गरिएको थियो । राज्यले दमन गरेर समाप्त पार्नुको साँटो दमनलाई लम्ब्याउनतिर लागिएको थियो । भण्डारानाइकेले एम्नेस्टिलाई १९७१ को मै र जुनमा बोलाएकि थिइन्, र मुख्य रुपमा मुख्य नेताहरुलाई मात्र नभएर सबैलाई देखाएकि थिइन् । विजेविरालाई विद्रोहको समयमा पहिला नै गिरफ्तार गरेर २० वर्षका लागि जेल पठाइएको थियो।

**१९८७ देखि ८९ सम्मको विद्रोह**

१९७१ बाट शुरु भएको जेभीपीले नेतृत्व गरेको विद्रोहमा जब धेरै कमरेडहरुको मृत्यु भयो, १९८७ को विद्रोहभन्दा पहिला शान्ति कायम राख्न भनि आएको भारतीय सुरक्षा फौज विद्रोह दवाउन सफल भएको थियो । यसरी भारतीय सेनाको श्रीलंका प्रवेश र विद्रोही माथि भएको दमनले सिंहाली जनताको ठूलो संख्यामा राष्ट्रवादी मनोभावनामा बढेर गएको थियो । राज्यको फौजी शक्ति र भारतीय फौजी शक्तिको दमनका विरुद्ध जेभीपीले पनि प्रतिरोधात्मक कार्वाहीहरु शुरु गरेको थियो । दक्षिणका महतारा वरिपरिका आधारहरुमा जनता ३ इकाइहरुमा संगठित रहेका थिए । सरकार र भारतीय सुरक्षा फौजको दमनका विरुद्ध भएका प्रतिरोधात्मक संघर्ष जसलाई जेभीपीले २ वर्षसम्म नेतृत्व गरेको थियो । यस क्रममा हजारको आसपासमा मान्छे मारिएका थिए । अन्ततः सरकारी फौज जेभीपीका मुख्य नेता विजेवीरालाई समात्न सफल भयो । उसले समातेर र हत्या गऱ्यो । उनका सहायकलाई १९८९ मा कोलम्बोमा सरकारी फौजले माऱ्यो । १९९० सम्ममा जेलमा जेभीपीका पोलिट ब्युरो सदस्य र अन्य सदस्यहरु गरी ७ हजारको हत्या गरेको थियो।

विजेवीरा र उनका सहयोद्धाहरुको हत्यापछि बाँकी बचेकाहरुले क्रान्तिकारी आन्दोलनलाई नयाँ शिरामा संगठित गर्ने प्रयास नै गरेनन् । यद्यपी यो संक्षिप्त विद्रोहले श्रीलंकाको राजनीतिमा निकै ठूलो हलचल ल्याइदिएको थियो । १९७१ सम्म जेभीपीलाई सरकारले प्रतिबन्ध लगाएको थियो । भूमिगत रहँदा नै उसले १९७८ को स्थानीयतहको चुनावमा भाग लिएको थियो। त्यस समयदेखि जेभीपीले क्रान्तिको बाटो छाडेर संसदीय आहलमा डुब्न पुगेको थियो।

**कमजोरी के के रहे**

जेभीपीमा क्रान्तिको हुटहुटी रहेको थियो। त्यस पार्टीका नेताहरुले श्रीलंकाको कम्युनिस्ट पार्टीको नाममा भए गरेको संशोधनवादका विरुद्ध पनि सैद्धान्तिक भन्दा पनि फौजी रुपले प्रतिवाद गरेका थिए । श्रीलंकामा देखा परेको आर्थिक संकटलाई उनीहरुले समाधान गर्न खोजे । तर उनीहरुले श्रीलंकाको वर्ग विश्लेषण, पछिल्लो अवस्थामा विकास भएको विश्व राजनीतिको समिक्षा, विश्व कम्युनिस्ट आन्दोलनमा देखा परेको विवाद र त्यसको सही समाधानका बारेमा खासै सरोकार राखिएन।

जेभीपीले आक्रमण, हतियार र लडाकुको कुरा त गऱ्यो । तर जनतालाई राजनीति बुझाएन । बढिभन्दाबढि जनतालाई संगठित गर्ने, साथै मार्क्सवादको राज्य सत्ता सम्बन्धि अवधारणालाई स्पष्ट पार्ने, संसदीय व्यवस्थाको भण्डाफोर गर्ने र आत्मागत र बस्तुगत अवस्थाको सहि सहि विश्लेषण गर्दै नयाँ विचार निर्माण गर्दै कार्यदिशा, कार्ययोजना र कार्यक्रमको विकास गर्नु पर्दथ्यो । त्यसो हुन सकेन । वामपन्थी, देशभक्त र प्रगतिशिल शक्तिसँग संयुक्त मोर्चा निर्माण गर्नुपर्दथ्यो। उसले सबै दुश्मन बराबरको नीति अवलम्बन गऱ्यो।

कमरेड माओको निधनपछि कुनै पनि क्रान्तिहरु सफल हुन सकेका छैनन् । विजयको सन्निकट पुगेका नेपाल र पेरु लगायतका देशहरुमा प्रतिक्रान्ति भएको छ । त्योभन्दा पनि बिडम्बना त यी क्रान्तिका मुख्य नेतृत्वले नै प्रतिक्रान्तिको नेतृत्व पनि गरेका छन् । यसले गर्दा फेरि क्रान्तिलाई नयाँ शिराबाट उठाउनु भनेको फलामको च्युरा चपाउनु जस्तो हो । अझ भन्नु पर्दा भवनावशेष पञ्छाएर नयाँ भवन खडा गर्नु सरह हो।

क्रान्तिको भवनावशेषमा फेरि नयाँ क्रान्तिको प्रयत्न गरिएको छ । त्यसलाई मुनामा नै निमोट्ने दुस्प्रयास हिजोका क्रान्तिका नायकहरुले गरिराखेका छन् । विश्व कम्युनिस्ट आन्दोलनमा यो परिघटना नयाँ नै हो। उनीहरुले क्रान्तिकारी पार्टीलाई लिट्टे वा जेभीपी बनाउने ध्वाँस दिइरहेका छन् । उनीहरुको यस्ता ध्वाँसलाई पहिला विचारमा निस्तेज पार्नु पर्दछ।

▶▶ पृष्ठ १ बाट क्रमशः ...

# वैज्ञानिक समाजवादको अनिवार्यता

(मार्क्स-एङ्गेल्स, सङ्कलित रचना खण्ड १, फ्रेडरिक एङ्गेल्स, पृ. १५) ।

त्यसैगरी बुर्जुवावर्गको खण्डन र इच्छाविपरीत मार्क्सवाद झन् कसरी शक्तिशाली भएर उठ्छ भन्ने सन्दर्भमा उल्लेख गर्नुभएको एउटा उक्तिले शानदार तरिकासँग मेल खान्छ। लेनिनले सन् १९०८ अप्रिल ३ मा लेख्नुभएको थियो, "बुर्जुवावर्ग मार्क्सवादबारे केही सुन्न पनि चाहँदैन, उसले यो घोषणा गर्छ कि मार्क्सवादको खण्डन र उन्मूलन भइसकेको छ; समाजवादको खण्डनद्वारा आफ्नो जीवन उन्नतिको मार्ग बनाइरहेका युवा वैज्ञानिक र हरेक प्रकारका जीर्ण 'पद्धतिहरू' का दियोलाई बचाइराख्नेवाला केही जर्जर वृद्धजन, दुवैले समान उत्साहका साथ मार्क्समाथि प्रहार गर्छन् । मार्क्सवादको विकास एवम् मजदुरवर्गमा उनको विचारको प्रसार तथा सुदृढीकरणको फल यो हुने गरेको छ कि सरकारी विज्ञानद्वारा 'उन्मूलन' पछि हरेकपटक अधिक शक्तिशाली, अधिक इस्पाती तथा अधिक जीवन्त बनेर जानेवाला मार्क्सवादमाथि यो बुर्जुवा हमला अनिवार्यतः बढ्दै र तेज हुँदै जानेछ। "

(लेनिन, संकलित रचना, भाग ३, हिन्दी संस्करण, मार्क्सवाद र संशोधनवाद, पृ. ३७४) ।

साँचो कुरा हो कि पुँजीवादी दुनियाँले वैज्ञानिक समाजवाद-साम्यवादका बारेमा त सुन्नसम्म पनि चाहँदैन तर उसको इच्छाविपरीत उसको हरेक आलोचना र हमलापछि साम्यवाद झन् शक्तिशाली र अनिवार्य भएर अगाडि आइरहेको छ, आज पनि ' इतिहासको अन्त्य' लाई चिर्दै समाजवाद-साम्यवाद टार्न नसक्ने गरी अगाडि आउँदैछ।

वैज्ञानिक समाजवाद-साम्यवादको अनुसन्धानपछि वैज्ञानिक समाजवादले पुँजीवादमाथि युगान्तकारी विजय हासिल गऱ्यो । श्रमिकवर्गले आफ्नो नयाँ पुस्ताका लागि साम्यवादी सभ्यताको ढोका खोलिदियो, दुनियाँ प्रज्वलित भयो । परन्तु समाजवाद सञ्चालनमा रहेको अनुभव र ज्ञानको कमीका कारण समाजवादले अकल्पनीय पराजय व्यहोर्नुपऱ्यो, जसले गर्दा समाजवादको भविष्यप्रति नै प्रश्नहरू खडा भए । तर तथ्यहरूले बताउँछन् कि समाजवाद कुनै कल्पनाको दुनियाँ नभएर ऐतिहासिक युगको निष्कर्ष हो। जस्तो कि वैज्ञानिक समाजवाद-साम्यवादबारे मार्क्सको अनुसन्धानबारे चर्चा गर्दै 'राज्य र क्रान्ति' मा लेनिनले भन्नुभएको छ, "मार्क्सले कुनै पनि काल्पनिक जगत्को रचना गर्ने अथवा एक अज्ञात वस्तुको सम्बन्धमा व्यर्थको कपोलकल्पना गर्ने रत्तिभर पनि प्रयास गर्नुभएको थिएन । साम्यवादसम्बन्धी प्रश्नलाई मार्क्सले त्यसै ढङ्गले नै प्रस्तुत गर्नुभएको थियो जसरी कुनै प्रकृतिविज्ञ कुनै नयाँ जैविक प्रवर्गको विकाससम्बन्धी प्रश्नमाथि विचार गर्दछ अर्थात् त्यो यस किसिमबाट उत्पन्न भएको हो र यस निश्चित दिशातर्फ परिवर्तित छ भन्ने कुरा उसलाई राम्रो थाहा छ। "

*(राज्य र क्रान्ति, पाँचौँ अध्याय, पृ. ७७)।*

लेनिनको यो उक्तिले प्रस्ट गर्छ, वैज्ञानिक समाजवाद-साम्यवाद कुनै काल्पनिक अनुमान र भविष्यवाणी नभई समाज विकासको प्रक्रियाले अनिवार्यतः अगाडि आउने युग हो । यसलाई कुनै घटना विशेषको हारजितबाट परिभाषित गर्न मिल्दैन । हुन सक्छ, घटना-परिघटना, क्रान्ति-प्रतिक्रान्ति, विद्रोह-प्रतिविद्रोहका अनेकौँ चरणहरू पार गरेर यो पूरा हुन सक्दछ । यो सत्यलाई कम्युनिस्टहरूले मात्र होइन, स्वयम् पुँजीवादीहरूले पनि नबुझेका होइनन् । उनीहरूले बाहिर मुखले जति विरोध गरून्, भित्री रूपमा उनीहरूलाई हरेक दिन वैज्ञानिक समाजवादको विजयोन्मुख भविष्यले त्रसित बनाइरहेको छ । यसैले पनि साबित गर्छ राजनीतिक विज्ञानको सच्चाइबाट हेर्दा वैज्ञानिक समाजवाद-साम्यवाद मानवसभ्यताको आउँदो अनिवार्य युग हो।

वैज्ञानिक साम्यवाद आउन अनिवार्य यसकारण पनि छ, स्वाभाविक रूपमा जिज्ञासा पैदा हुन्छ, के त्यस्ता आधारहरू छन् जसले साम्यवादको अनिवार्यतालाई बुझ्न र बुझाउन सकियोस् । यो एकदमै जायज हुन्छ, हामीले पराजयमा परेको साम्यवादको विजयलाई अनिवार्य साबित गर्न यसका वैज्ञानिक र वस्तुगत आधारहरू प्रस्तुत गर्नैपर्छ । हामीसँग यसका आधारहरू छन् र अनिवार्य रूपले छन् । यहाँ पुँजीवादले जसरी आफ्नो क्षणिक सफलतालाई निर्विकल्पताको टोपी बनाएर गतिशील दुनियाँमाथि लाद्ने पूर्वाग्रहको कुनै औचित्य छैन । हालसम्मका अध्ययन-अनुसन्धानलाई केन्द्रमा राखेर हेर्दा पुँजीवाद अन्त्य हुने र वैज्ञानिक समाजवाद आउने दुई आधार रहेका छन्। ती हुन् ः

(क) वस्तुगत आधारहरू

(ख) आत्मगत आधारहरू

**(क) वस्तुगत आधारहरू**

पुँजीवाद मर्छ र साम्यवाद जन्मिन्छ भन्ने निष्कर्ष वस्तुगत नियमभित्र पर्छ । कहिले मर्छ र कहिले जन्मिन्छ, त्यो वस्तुको आत्मगत कारणभित्र पर्छ। पुँजीवाद पराजित र पतन हुन्छ भन्ने निष्कर्ष कुनै काल्पनिक र अनुमानित विषय होइन। यो वैज्ञानिक नियमहरूद्वारा प्रमाणित सत्य हो । पुँजीवादीहरूले जति नै निर्विकल्पता र अन्तिम व्यवस्था भने पनि पुँजीवाद एक दिन समाप्त हुन्छ भन्ने सत्यलाई कसैले पनि काट्न सम्भव छैन। यो सत्यलाई निम्नवस्तुगत आधार र नियमहरूले बुझ्न सहयोग पुऱ्याउँछन् ः

१. वस्तुको जन्म र मृत्युको वैज्ञानिक नियम
२. जनवादी एवम् क्रान्तिकारी वर्ग (शक्ति) को जन्म र विकास
३. पुँजीवादको सङ्कट (असफलता)

**१. वस्तुको जन्म र मृत्युको वैज्ञानिक नियम**

वैज्ञानिक समाजवादको उदय र पुँजीवादको पतन हुन्छ भनेर साबित गर्ने पहिलो वस्तुगत कारण वस्तुको जन्म र मृत्युको भौतिकवादी नियम हो । विज्ञानले पुष्टि गरेको छ, भौतिक जगत्का कुनै पनि वस्तुको आयु हुन्छ, त्यो जन्मेपछि अनिवार्य रूपले बढ्दै बूढो हुन्छ र निश्चित समयमा मर्छ। चाहे जीव होस्, चाहे निर्जीव होस्, जुन अवस्थामा जन्मियो वा निर्माण भयो, त्यस्तै रहिरहँदैनन्। त्यो जन्मेपछि क्रमशः युवा, प्रौढ, बूढो हुन्छ र मर्छ । पुरानोबाट हर्दम नयाँमा विकास हुँदै एकदमै नयाँमा परिवर्तन हुन्छ। हरवस्तुजस्तै राजनीतिक सत्ता र व्यवस्था पनि एउटा वस्तु नै हो । यो जन्मिन्छ र मर्छ । इतिहास भन्छ, आज पुँजीवाद छ, यो सुरुमै जन्मिएको व्यवस्था होइन । सबैभन्दा पहिले दाससत्ता र दास-व्यवस्था जन्मियो । त्यो करिब ८ हजार वर्ष चल्यो । त्यो प्राकृतिक नियमअनुसार नै बूढो भयो, जति नै गरे पनि बाँचिरहन सकेन, न त बचाउन नै सकियो। त्यो मऱ्यो र त्यसलाई दाहसंस्कार गरियो। त्यसपछि दास व्यवस्थाको ठाउँमा सामन्ती व्यवस्था आयो । खुब तामझामका साथ सिंहासनमा चढेको सामन्ती-सत्ता र व्यवस्था लगभग १५ सय वर्ष बाँच्यो। त्यसले आफूलाई अजम्मरीजस्तो ठान्थ्यो। त्यसका विरोधीहरू बिनाछानबिन शूलीमा चढ्थे, अफसोच जति नै गरे पनि प्राकृतिक नियमअनुसार नै त्यो बूढो भयो, मऱ्यो र त्यसलाई पनि दाहसंस्कार गरियो । सामन्तवादी व्यवस्था मरेपछि त्यसको ठाउँमा पुँजीवादी उत्पादन सम्बन्ध र पुँजीवादी राजनीतिक व्यवस्था जन्मिएको हो । पुँजीवादले निकै सिँगारपटार गरेर सत्ताको बागडोर समालेको हो, यसले पनि अरूले जस्तै आफूलाई अजम्मरी देखाउन खोजेको हो तर दुईपटक यसले धुलोमा पछारिनुपरेको छ । आधा-प्राण छोडेको पुँजीवादले समाजवादको असफलतापछि आफूलाई पुनः निर्विकल्प र अन्तिम सत्ता भन्दै भुक्याएको छ, यो हुर्किंदै आज ५ सय वर्षको बूढो हुन पुगेको छ। यसले आफूलाई बचाउन अनेक कोसिस गरिरहेको छ । अनेक राजनीतिक, आर्थिक खेलखण्डहरू चलाइरहेको छ । विज्ञान र युद्धको सहारा लिन खोजिरहेको छ तर विज्ञानको नियमअनुसार नै यसले पनि आफ्नो बाटो तताउनु अनिवार्य छ । यसले पनि अनिच्छापूर्वक आफ्ना पुर्खाहरूले लिएको समाधिको बाटो लिनैपर्नेछ । जति नै कराए पनि यो लामो समय बाँचिरहन सम्भव छैन । यो भित्रभित्रै मर्दै गएको छ; यो एक दिन सबैले देख्ने गरी अवश्य मर्नेछ। अर्कोतिर कुनै पनि वस्तु नष्ट हुँदा वा मर्दा त्यसको ठाउँ अर्को वस्तु वा नयाँले लिन्छ। पुरानो मर्दैन मात्र, नयाँको जन्म पनि अनिवार्य हुन्छ । पुँजीवाद पतन हुन्छ भन्नुको अर्थ समाज त्यतिकै बस्छ भन्ने होइन। पुँजीवादको ठाउँ नयाँ राजनीतिक व्यवस्थाले लिन्छ । त्यो सबै दृष्टिले सक्षम वैज्ञानिक समाजवाद नै हो। वैज्ञानिक समाजवाद एक त नयाँ छ, दोस्रो यो वैज्ञानिक र जनताका पक्षमा पनि छ । यसर्थ पुँजीवादको स्थान वैज्ञानिक समाजवादले लिनु अनिवार्य छ। यसलाई जति रोक्न खोजे पनि वस्तुगत नियमअनुसार नै वैज्ञानिक समाजवादको उदय र आगमनलाई कसैले रोक्न सम्भव छैन । वैज्ञानिक समाजवादलाई रोक्ने सोच्नु भनेको बिहानीको सूर्यलाई रोक्न खोज्नुजस्तै हो; जो समय पुगेपछि आइछोड्छ।

**२. जनवादी एवम् क्रान्तिकारी वर्ग (शक्ति) को जन्म र विकास**

पुँजीवादको पतन र वैज्ञानिक समाजवादको विजय हुन्छ भन्ने दोस्रो वस्तुगत कारण समाजमा जनवादी र क्रान्तिकारी वर्ग-शक्तिको जन्म र विकास हुनु हो। वैज्ञानिक नियमले नै के साबित गर्छ भने कुनै वस्तुमा पुरानो र नयाँको, जीवनशील र मरणशील पक्षका बीचमा सङ्घर्ष पैदा हुन्छ। सङ्घर्षको बीचमा पुरानो पक्षभन्दा नयाँ पक्ष शक्तिशाली र क्रान्तिकारी नभएसम्म पुरानोको विस्थापन वा पतन हुँदैन । जति नै सङ्कटबाट गुज्रे पनि नयाँमा रूपान्तरण हुन सक्दैन तर जब सङ्घर्षमा पुरानोभन्दा नयाँ शक्ति जीवनशील, क्रान्तिकारी र शक्तिशाली भएर विकास हुन्छ तब पुरानो विघटन हुन्छ र नयाँको विजय हुन्छ। सामन्तवाद लामो समय बाँच्नु सामन्तवादभित्र समस्या नरहेर होइन, सामन्तवादभन्दा असल र शक्तिशाली पक्ष अर्थात् पुँजीवादको विकास ढिला हुन पुग्नुको कारणले हो । जब सामन्तवादभित्रैबाट सामन्तवादभन्दा नयाँ, प्रगतिशील र शक्तिशाली शक्ति पुँजीवादी शक्तिको विकास भयो तब सामन्तवाद सदाका लागि परास्त भयो र समाप्त भयो। अनि समाजमा त्यसको ठाउँ सामन्तवादभन्दा प्रगतिशील र जनवादी रहेको शक्ति पुँजीवादीवर्ग र शक्तिले लियो। समाज र राज्यमा पुँजीवाद स्थापना भएपछि त्यसले आफूलाई जनवादी र प्रगतिशील बनाइराख्न सकेन, बरु आफूभन्दा पनि निःस्वार्थ, प्रगतिशील, जनवादी र क्रान्तिकारीवर्ग सर्वहारावर्ग (मजदुर) जन्माउन पुग्यो । अर्थात् पुँजीवादको गर्भबाट त्योभन्दा प्रगतिशील, जनवादी र क्रान्तिकारी शक्ति सर्वहारावर्गको जन्म हुन पुग्यो। सर्वहारावर्गको जन्मको वैचारिक-राजनीतिक संश्लेषण नै वैज्ञानिक साम्यवाद हो । वैज्ञानिक समाजवाद-साम्यवाद पुँजीवादभन्दा सबै दृष्टिले प्रगतिशील, जनवादी र क्रान्तिकारी छ । यसले आफ्नो वर्ग-चरित्रअनुरूप नै नयाँ समाज, राज्य र सभ्यताको दृष्टिकोण, राजनीति, अर्थनीतिहरू निर्माण गरेको छ; जसले पुँजीवादद्वारा उब्जाइएका र थोपरिएका सबै मानवीय विभेद, शोषण, उत्पीडन, दमन, पछौटेपन, अशिक्षा आदिलाई समाप्त पार्ने र मानव-दुनियाँमा आजसम्मकै नयाँ, जनवादी र मानवीय सभ्यता निर्माण गर्ने लक्ष्य लिएको छ।

वैज्ञानिक समाजवाद-साम्यवाद अनुसन्धान गरिएपछि यो कुनै धारणा र परिकल्पनामा मात्र सीमित छैन । यसले पुँजीवादलाई धेरै ठाउँमा परास्त गरिसकेको छ र आफ्नो शौर्य र क्षमता प्रदर्शन गरिसकेको छ । वास्तविक वैज्ञानिक समाजवादी सिद्धान्तअनुरूप सञ्चालन रहेसम्म समाजवादले गरेका विकासलाई आजका कुनै पनि व्यवस्थाले न पूरा गर्न सकेका छन्, न त भेट्टाउन नै सकेका छन्। समाजवादी सत्तामा समस्या आए पनि समाजवादी सिद्धान्त, दृष्टिकोण र सर्वहारावर्गको शक्ति विकल्पहीन रहेको छ । तर पुँजीवादलाई हेऱ्यौँ भने जताततै अशान्ति, हस्तक्षेप, लुटखसोट, युद्ध र विध्वंस मात्र छ । यसले यही सच्चाइलाई प्रमाणित गर्छ, पुँजीवादलाई परास्त गर्न सक्ने सबैभन्दा प्रगतिशील, जनवादी र क्रान्तिकारी वर्ग आइसकेको र तीव्र गतिमा विकास भइरहेको हुनाले उपयुक्त समयको आगमनसँगै वस्तुगत नियमअनुरूप नै पुँजीवादको अन्त्य र वैज्ञानिक समाजवाद-साम्यवादको उदय अनिवार्य छ।

**३. पुँजीवादको सङ्कट (असफलता)**

पुँजीवाद पतन हुने र वैज्ञानिक समाजवाद सफल हुने तेस्रो वस्तुगत कारण पुँजीवादको चौतर्फी असफलता हो। कुनै पनि वस्तु अस्तित्वमा आउनु र रहनु उसले आफू रहेको वस्तुस्थितिअनुरूप स्वयम्लाई अनुकूलन बनाउन सफल हुन्छ वा हुँदैन भन्नेले निर्धारण गर्छ । जुन वस्तुले प्रकृतिअनुरूप अनुकूलन बनाउन सक्दैन वा रूपान्तरण गर्न सक्दैन, त्यो वस्तु र प्रकृति वा वस्तुस्थितिको प्रतिकूल हुन जान्छ । अन्ततः प्रतिकूल हुन जाने वस्तुलाई प्रकृतिको गतिले बदल्न वा खाइदिन पुग्छ र वस्तुको अन्त्य वा लोप हुन्छ। भनिन्छ कि धेरै वर्ष पहिलेसम्म पृथ्वीमा निकै ठूला ज्यान भएका डायनोसरहरू अस्तित्वमा थिए। उनीहरू एउटा अवधिसम्म बाँचे पनि जब एउटा समय उनीहरूका लागि वातावरण अनुकूल हुन सकेन । प्रकृति र उनीहरूका बीचमा अन्तर्विरोधहरू देखापरे । अन्ततः डायनोसरहरू नै लोप भए। मानवजातिका कैयौँ शाखा र हाँगाहरू पनि आफूलाई प्राकृतिक अवस्थाअनुरूप परिवर्तन र विकास गर्न नसक्दा लोप भइसकेका छन्। आज पनि कैयौँ देशका मानव-हाँगा लोप हुनेतिर गइरहेका छन् । दक्षिणएसियामा त्यस्ता कैयौँ जाति छन् भने नेपालकै कुरा गर्दा कुसुन्डा लोप भइसकेको छ भने राउटेको अस्तित्व सङ्कटमा छ । जीवजस्तै राजनीतिक व्यवस्था पनि आफूलाई बदलिँदो परिस्थितिअनुरूप बदल्न र रूपान्तरण गर्न नसक्दा सङ्कटग्रस्त हुन पुग्ने र अन्त्यमा समाप्त हुँदै आएका छन् । दासयुगले आफैँभित्रबाट विकास भएको उत्पादन-सम्बन्धअनुरूप विकास गर्न नसक्दा नयाँ उत्पादन-सम्बन्धअनुरूप सामन्तवादलाई आफ्नो ठाउँ छोड्नुपऱ्यो । त्यसले दासयुगको पुरानो सामाजिक अस्तित्वलाई समाप्त गरिदियो । सामन्तवादी युगको अवस्था पनि त्यसरी नै पुँजीवादी उत्पादन-सम्बन्धका कारण समाप्त भयो । आज पुँजीवाद पनि त्यस्तै नयाँ सङ्घर्ष र सङ्कटमा छ । पुँजीवादभित्र विकास भएको पुँजीवादी उत्पादन-सम्बन्ध र त्यहीँभित्र विकास भएको उत्पादकशक्ति वा मजदुरवर्गबीच अन्तर्विरोधका कारण पुँजीवादी अर्थ-सम्बन्धले आफूभन्दा सबै दृष्टिले प्रगतिशील र विकसित कम्युनिस्ट र श्रमिकवर्गलाई ठाउँ छोड्नुपर्ने स्थितिमा पुगेको छ। यस सन्दर्भमा मार्क्सले कम्युनिस्ट घोषणापत्रमा लेख्नुभयो, "अब समाज बुर्जुवावर्गको अधिनमा बस्न सक्दैन अर्थात् उसको अस्तित्वले अब समाजसँग सामञ्जस्य राख्दैन। "

(मार्क्स-एङ्गेल्स संकलित रचना खण्ड १, कम्युनिस्ट घोषणापत्र, पृ. ६१)।

त्यसैगरी, पुँजीवाद कसरी मृत्युतिर जाँदैछ भन्ने सन्दर्भमा लेनिनले एक अमेरिकी पत्रकारसँग प्रश्नोत्तर गर्ने क्रममा भन्नुभएको कुरा निकै मार्मिक छ। उहाँ भन्नुहुन्छ, "सामान्यतया प्रविधि अनि विशेषतया यातायातको विराट प्रगति पुँजी तथा बैंकहरूको विशाल समृद्धिको परिणाम यो भयो, पुँजीवाद परिपक्व तथा अति-परिपक्व भइसक्यो। यो कालातीत भइसकेको छ। यो मानवजातिको विकासका लागि सबभन्दा प्रतिक्रियावादी बाधा बनिसकेको छ। यो मुट्ठीभर करोडपतिहरू-अर्बपतिहरूको सर्वसत्ता बनेर बसेको छ। "

(लेनिन, संकलित रचना, खण्ड ९, हिन्दी संस्करण, अमेरिकी पत्रकारको प्रश्नहरूको उत्तर, पृ. १२३)।

यहाँ मार्क्स-लेनिनहरूले भन्नुभएजस्तै यो शताब्दीमा विकास भएका अति-केन्द्रित, अति-एकाधिकारका साथै, निगम पुँजीका कारण श्रमिक जनता र पुँजीवादी राज्यका बीचमा तिखा अन्तर्विरोध र सङ्घर्ष चलिरहेका छन्। पुँजीवाद वस्तुगत रूपले नै पछि पर्दै गएको छ । यो राजनीतिक रूपले शक्तिमा भएर पनि जनचाहनाअनुरूप सञ्चालन हुन सकिरहेको छैन। यसले समाजको ठूलो हिस्सालाई उत्पीडनभित्र घिसारेको छ र ती वर्गहरू पनि पुँजीवादबाट सन्तुष्ट छैनन् । पुँजीवादले झन् पछि झन् ठूला आर्थिक एवम् राजनीतिक सङ्कटहरू निम्त्याइरहेको छ । पुँजीवादकै कारण दुनियाँले डरलाग्दा युद्धहरू भोग्नुपरिरहेको छ । सारमा भन्दा पुँजीवादी राजनीतिक व्यवस्थामा चारैतिर असफल हुँदै गएको छ। अर्कोतिर वैज्ञानिक समाजवादप्रति श्रमिक जनताको भरोसा बढ्दै गएको छ । यसले अगाडि सारेका समाजवादी आर्थिक, राजनीतिक, सांस्कृतिक अवधारणाप्रति आम श्रमिकवर्गको विश्वास तानिएको छ। दुनियाँलाई शान्ति र समृद्धि दिन सक्ने गुण साम्यवादमा मात्र कायम छ भन्ने विश्वास बन्दै गएको छ । यसको अर्थ यही हुन्छ, पुँजीवाद वस्तुगत रूपले नै आजको सामाजिक आवश्यकता र विशेषताअनुरूप छैन। यसले क्रमशः पुँजीवादलाई अन्त्य गर्दै लानेछ र एक ठाउँमा पुगेर पुँजीवादको अन्त्य हुनेछ। पुँजीवादको स्थान वैज्ञानिक समाजवाद-साम्यवादले लिनेछ।

**(ख) आत्मगत कारणहरू**

पुँजीवादी व्यवस्थाको पतन र वैज्ञानिक समाजवादको विजय हुने वस्तुगत कारणहरू मात्र छैनन्, अपितु यसका आन्तरिक कारणहरू पनि छन् । विज्ञानले के साबित गरेको छ भने वस्तुको विकास र विनास, मर्ने र बाँच्ने, सफल र असफल हुने कारणहरू मुख्यतः आन्तरिक नै हुन्छन् । जब आन्तरिक रूपले नै कुनै पनि वस्तु सङ्कटग्रस्त, कमजोर र मृत्युन्मुखी हुन्छ, त्यसको अन्त्य र पराजयलाई कसैले पनि बचाउन सक्दैन । त्यसैगरी, जब कुनै वस्तु आन्तरिक रूपले नै नयाँ जीवन, विकास र सम्भावना लिएर अगाडि लिएर आउँछ, त्यसको जन्म, सफलता र विजयलाई कसैले रोक्न र अन्त्य गर्न सक्दैन। पुँजीवादमाथि वैज्ञानिक समाजवाद हाबी हुने, विकास गर्न सक्ने, सफल हुने यस्ता आन्तरिक कारणहरू छन्; जसको सफलता र विजयलाई कुनै तत्वले पनि रोक्न सक्ने देखिँदैन । वैज्ञानिक समाजवादलाई आउँदो युगमा अनिवार्य जन्म दिने ती मूल कारणहरू निम्नरहेका छन् ः

१. वैज्ञानिक समाजवादको वैज्ञानिक विचार
२. वैज्ञानिक समाजवादको सामूहिक अर्थ-राजनीतिक सम्बन्ध
३. वैज्ञानिक समाजवादको जनवादी विशेषता
४. वैज्ञानिक समाजवादको क्रान्तिकारी चरित्र
५. कम्युनिस्ट पार्टीको सचेत पहल

**१. वैज्ञानिक समाजवादको वैज्ञानिक विचार**

वैज्ञानिक समाजवादको विजय र पुँजीवादको पराजय हुनुको पहिलो र मुख्य आन्तरिक कारण यसको वैज्ञानिक दृष्टिकोण र जनवादी चरित्र हो । वैज्ञानिक समाजवादी दृष्टिकोण प्रकृति, समाज, राज्यसत्ता, वर्ग र क्रान्तिलाई वैज्ञानिक भौतिकवादी तरिकाले अध्ययन गर्ने, बुझ्ने र सोही विचारअनुरूप सञ्चालन गर्ने दृष्टिकोण हो । यसले पुँजीवादी व्यवस्थाको जन्म र पुँजीवादभित्र मानवजातिले भोग्नुपरेका राजनीतिक, आर्थिक, सामाजिक समस्या, दुःख-कष्ट, विभेदहरूलाई बुझ्ने र समाधान गर्ने वैज्ञानिक दृष्टिकोण दिएको छ। मान्छेले मान्छेलाई गर्ने शोषण, उत्पीडन, दमन, युद्धबाट मानव मात्रलाई मुक्ति दिएर दुनियाँमा सबै मानवले समानता, स्वतन्त्रता, समृद्धि, शान्ति पाउने वैज्ञानिक साम्यवादी व्यवस्थाको परिकल्पना गरेको छ । यस्तो दृष्टिकोण र विचार वैज्ञानिक समाजवादसँग मात्र रहेको छ जुन कुरा पुँजीवादी राज्यव्यवस्थाभित्र सम्भव छैन । उदाहरणार्थ, आजको पुँजीवादले मानव-समाजमा लादिरहेको शोषण, दमन, युद्ध र वैज्ञानिक समाजवादले दिन खोजेको समानता, मुक्ति र शान्तिलाई नै लिऔँ । जनताले न्याय, समानता र स्वतन्त्रता खोज्छन् तर पुँजीवादले आधुनिक हतियार, बम र युद्धको बलमा सबैमाथि शासन गर्न खोज्छ। बस्तीका बस्ती खरानी पार्छ। लाखौँलाखलाई एक चिहान पार्छ तर वैज्ञानिक समाजवादले हरेक नागरिकको बाँच्न पाउने, घुम्न पाउने, श्रम गर्न पाउने र शान्ति पाउने अधिकार छ भन्ने विश्वास गर्छ। समाजवादले मानवले मानवलाई जति नै गरे पनि युद्ध र आतङ्कको बलमा शासन गर्न सकिँदैन भन्ने दृष्टिकोण राख्छ । जब हामीले मानव-समाज र जीवनका सन्दर्भमा पुँजीवाद र समाजवादले प्रस्तुत गरेका दृष्टिकोण र व्यवहारलाई हेर्छौँ, तब स्पष्ट हुन्छ पुँजीवादभन्दा कैयौँ गुणा असल र जनवादी विचार वैज्ञानिक समाजवादसँग रहेको छ जुन विचार विज्ञानसम्मत, सत्य र मानवहितमा छ । जब मानव-दुनियाँबारे विचार-दृष्टिकोणमै पुँजीवादभन्दा वैज्ञानिक समाजवाद अतुलनीय रूपले वैज्ञानिक, वस्तुवादी र जनवादी छ भने पुँजीवादमाथि वैज्ञानिक समाजवाद विजयी हुन्छ वा आउँदो युगमा वैज्ञानिक समाजवाद-साम्यवाद अनिवार्य छ भन्ने साबित हुन्छ।

> " पुँजीवाद वस्तुगत रुपले नै पछि पर्दै गएको छ। यो राजनीतिक रुपले शक्तिमा भएर पनि जनचाहनाअनुरुप सञ्चालन हुन सकिरहेको छैन। यसले समाजको ठूलो हिस्सालाई उत्पीडनभित्र घिसारेको छ र ती वर्गहरु पनि पुँजीवादबाट सन्तुष्ट छैनन्। पुँजीवादले झन् पछि झन् ठूला आर्थिक एवम् राजनीतिक सङ्कटहरु निम्त्याइरहेको छ। पुँजीवादकै कारण दुनियाँले डरलाग्दा युद्धहरु भोग्नुपरिरहेको छ। सारमा भन्दा पुँजीवादी राजनीतिक व्यवस्थामा चारैतिर असफल हुँदै गएको छ। अर्कोतिर वैज्ञानिक समाजवादप्रति श्रमिक जनताको भरोसा बढ्दै गएको छ। यसले अगाडि सारेका समाजवादी आर्थिक, राजनीतिक, सांस्कृतिक अवधारणाप्रति आम श्रमिकवर्गको विश्वास तानिएको छ। "

... बाँकी अर्को अंकमा

हरिबहादुर चन्द 'अविरल'

# क्रान्तिका वस्तुगत आधारहरू

समय गतिशील छ। सायद त्यसैको प्रभाव होला आजको बदलिँदो विश्वपरिवेश र यसले विज्ञान र प्रविधिमा गरेको अभूतपूर्व विकास । आदिम साम्यवादी व्यवस्थावाट अगाडि बढेको मानवसमाज दासयुग, सामन्तवादी युग हुँदै पुँजीवादी युगमा प्रवेश त गऱ्यो तर ५औँ शताब्दीमा रोमन साम्राज्यको पतन र भारतीय उपमहाद्वीपमा गुप्त साम्राज्यको उदयसँगै सामन्तवादलाई पुँजीवादले प्रतिस्थापन गऱ्यो भनिए पनि आजको विश्वपरिवेश र विशेषतः तेस्रो विश्वका देशहरूलाई नियाल्दा नपुँजीवाद प्रगतिशील पुँजीवाद (जनवाद) तिर अगाडि बढ्यो, न त सामन्तवादकोसमूल नष्ट नै भयो । हुन त २० औँ शताब्दीको सुरुआततिर सन् १८७१ को पेरिस कम्युनको विजय र सन् १९१७ को अक्टोबर क्रान्तिको अभूतपूर्व विजयले विश्वलाई समाजवादी व्यवस्थाका लागि अगुवाइ त गऱ्यो तर त्यसले निरन्तरता भने पाउन सकेन। त्यसैले आजको विश्व सामन्तवादी अवशेषसहितको पुँजीवाद र प्रगतिशील पुँजीवाद (जनवाद) हुँदै समाजवादबीचको चरम सङ्घर्षबाट अगाडि बढिरहेको छ । सायद यो सङ्घर्षमा समाजवाद नै विजय भएर अगाडि बढ्नेछ। किनकिपुँजीवादी व्यवस्था सङ्कटग्रस्त अवस्थामा छ । अझ भनौँ आज विश्वमा जेजति सङ्कटहरू पैदा भएका छन् ती सबै पुँजीवादका कारण भएका छन् । त्यसैले आजको विश्वपरिवेश समाजवादी दिशातिर अगाडि बढ्ने वा पुँजीवादलाई नै संरक्षण गरेर अगाडि बढ्ने भन्ने अन्तरद्वन्द्वमा रुमल्लिरहँदा नेपालमा भने एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवादमा जान सकिन्छ भनेर नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा क्रान्ति अगाडि बढिरहेको छ।

पछिल्लोपटक सन् १९४९ मा चीनमा क. माओले जनवादी क्रान्ति सम्पन्न गरेपछि संसारमा कहीँ पनि जनवादी क्रान्तिहरू सम्पन्न भएका छैनन्। यद्यपि पेरू, नेपाललगायत केही देशमा तीव्ररूपमा क्रान्ति अगाडि बढे पनि त्यसले पूर्ण सफलता नपाउँदै प्रतिक्रान्ति हावी भयो । त्यसपछिविश्वका कम्युनिस्टहरूलाई एक जबरजस्त प्रश्नले घेरा हालेर राख्यो, त्यो के हो भने क्रान्तिमा जनतालाई सङ्गठित गर्न नसक्नु, सङ्गठित गरेपनि लड्न नसक्नु, लड्न सकेपनि जित्न नसक्नु, जित्न सकेपनि चलाउन नसक्नु र चलाउन खोजे पनि टिकाउन नसक्नुको कारण के हो ?यी समस्याहरूबाट के कुरा स्पष्ट हुन्छ भने विश्वकम्युनिस्ट आन्दोलनमा नयाँ बहसको आवश्यकता छ जुन आन्दोलनले नयाँ शिराबाट आफूलाई विजयी गराओस् ।

आजको विश्व क. मार्क्स र एङ्गेल्सको पालाको जस्तो अवश्य छैन । आजको वस्तुगत अवस्थाअनुसार हामीले क्रान्तिको कार्यदिशा तयार पाऱ्यौँ भने मात्र आन्दोलन वा क्रान्तिले सफलता पाउन सक्छ । त्यसैले हाम्रो पार्टी ने.क.पा. को ८औँ महाधिवेशनले मार्क्सवादका केही नीतिगत र दार्शनिक सवालमा नै विकास गरेको छ । १८४८ मा क. मार्क्सले भनेका थिए, संसार बुझ्ने र बदल्ने कुरा नै प्रमुख हो । तर आजको परिवेशमा आउँदा यतिले मात्र पुग्दैन । त्यसैले हाम्रो पार्टीले भनेको छ- संसार बुझ्ने र बदल्नेसँगै त्यसको रक्षा गर्न जरुरी छ र रक्षा गरेको चीज समयअनुसार विकास गर्न जरुरी छ । यो नै आजको मार्क्सवाद हो । दोस्रो कुरा अन्तरसङ्घर्ष पार्टीको जीवन हो भनेर त हामी सबैले पढेकै थियौँ तर नेपाललगायत विश्वकम्युनिस्ट आन्दोलनमा अन्तरसङ्घर्षले पार्टीलाई जीवन दिनेभन्दा समाप्त गर्ने काम मात्र गऱ्यो । तसर्थ हाम्रो पार्टीले यो सवालमा के भन्यो भने सजातीय अन्तरसङ्घर्षले मात्र पार्टी र क्रान्तिलाई जीवन्तता दिन्छ तर विजातीय अन्तरसङ्घर्षले पार्टी र क्रान्तिको जीवन समाप्त गर्छ । आजको नेपालको अवस्था नलेनिनकालीन रुसजस्तो छ, न त माओकालीन चीनजस्तो छ । त्यसैले यहाँ गर्ने क्रान्तिको मोडेल पनि नयाँ हुन जरुरी छ । अझ भनौँ आजको निगम पुँजीवाद, त्यसको भूमण्डलीय स्वरूप, सूचनाप्रविधिको विकास, प्रतिस्पर्धात्मक राजनीति, नगर समाजको विकासजस्ता थुप्रै कारणले आजको विश्व विकसित र भिन्न छ । त्यसैले यो परिस्थितिमा नेपालमा गर्ने क्रान्तिको मोडेल भनेको एकीकृत जनक्रान्ति हुन्छ। यस्का आफ्नै विशेषताहरू छन् जो आजको भूमण्डलीकृत विश्वराजनीति र नेपालमा विकास भैरेहको राजनीतिक एवम् आर्थिक उत्पादन समन्वयले गर्दा पैदा हुन पुगेका छन् । तिनलाई हामीले गहिरो गरी नबुझेसम्म र आत्मसात नगरेसम्म नेपालको क्रान्तिलाई पार लगाउन सकिँदैन । सानो र भूपरिवेष्ठित अवस्था, गाउँ र सहरको निकट सम्बन्ध, मध्यमवर्गको विकास, जाति, जनजाति र दलित जातिको बसोबास, दलाल पुँजीवादको प्रभुत्व, देशभक्त शक्तिको प्रभाव र प्रविधिमा भएको तीव्र विकाससहितका विशेषतालाई हामीले एकीकृत जनक्रान्तिका मौलिक विशेषता भनेका छौँ । यिनै विशेषतासहितको एकीकृत जनक्रान्तिले नेपालमा चिहानघाटमा पुगेको कम्युनिस्ट आन्दोलनलाई कङ्काल हुनबाट बचाएको मात्र छैन, समयसापेक्ष हिसाबले आफ्नो गतिमा तीव्रता प्रदान गरिरहेको छ। सायद नेपालको प्रगति,समृद्धि र राष्ट्रिय स्वाधीनताकालागि एकीकृत जनक्रान्तिबाट हुने क्रान्ति नै कोसेढुङ्गा साबित हुनेछ।

नेपालमा पटकपटक क्रान्तिमा धोका र बेइमानी हुँदै प्रतिक्रान्ति भएका छन । राज्य दलाल पुँजीपतिहरूको कब्जामा छ । भारतीय साम्राज्यवादको हस्तक्षेप नाङ्गो रूपमा बढ्दैछ । नेपालीश्रमिक जनतादिन प्रतिदिन आक्रोशित बन्दै गइरहेका छन्। यो परिस्थितिमा नेपालमा क्रान्ति गर्ने आधारहरू के हुन् त ? तिनीहरूबारे केही चर्चा गर्न आवश्यक छ जुन निम्नअनुसार छन् :

### १. संसद्वादीहरूको देश र जनताप्रति गम्भीर जिम्मेवारीबोध नहुनु

आज नेपालमा जेजति सङ्कटहरू छन् त्यसको मूल जड भनेको राजनीति हो । यो राजनीति यति विकृत भैसकेको छ, जनताहरू राजनीति गर्न त के सुन्न पनि चाहन्नन् । नेपालमा प्रजातन्त्र आएको पनि २९ वर्ष भैसकेछ तर यो प्रजातन्त्रले जनताकालागि शासन गर्नुको सट्टा आफ्ना निकटवर्तीहरूलाई भरणपोषण गर्ने काम मात्र गऱ्यो । त्यसैले जनताहरू यो संसदीय प्रजातन्त्रबाट वाक्कदिक्क भैसकेका छन् । संसदीय व्यवस्था मान्ने कुनै पनि दलहरूजनताका न्यूनतम आवश्यकताबारे अनभिज्ञ छन् । उनीहरू देशका सिमानाहरू मिचिँदा भनौँवा देश र जनताको स्वाभिमान गुम्दा पनि चुप लागेर बस्छन् । जनताले पढ्न पाए कि पाएनन्, उनीहरूको स्वास्थ्य अवस्था के छ, रोजगारीको अवस्था के छ, उनीहरूको जीवन भोगाइमा दुःखकष्टहरू केके छन्, यीर यस्ता सवालमा संसद्वादीहरू बेखबर हुन्छन् । उनीहरू त केवल जनतालाई सत्तामा जाने भऱ्याङकारूपमाप्रयोग गर्छन् । यसले गर्दा विद्यमान संसद्वादी राजनीतिक दलहरू र बहुसङ्ख्यक जनताबीच तीव्र अन्तरविरोध चुलिँदैछ जुन नेपालको वस्तुगत परिदृश्य हो । हामीले यो मनोविज्ञानलाई सही तरिकाले सदुपयोग गर्न सक्यौँ भने क्रान्तिका लागि जनलहर बढ्नेमा कुनै शङ्का छैन ।

### २. संसद्वादी दलहरूमा स्पष्ट दृष्टिकोणको अभाव

नीतिहरूको पनि नीति हो राजनीति । देशलाई कतातिर डोऱ्याउने भन्ने कुरा राजनीतिले निर्धारण गर्दछ । तर नेपालका संसद्वादी दलहरूसँग स्पष्ट दृष्टिकोण नै छैन- कस्तो राजनीति गर्ने ? कसका लागि गर्ने हो अनि कहाँसम्म पुग्ने हो । भन्दाखेरि ठूलठूला नारा दिएर विकास, समृद्धि, सुशासन भनेर फलाक्छन् तर व्यवहारमा शून्य उपलब्धि हुन्छ । नेपाल अपार सम्भावना भएको देश हो । त्यसैले यी सम्भावनाहरूको सही लेखाजोखा राख्ने राजनीतिक पार्टी र नेताको आवश्यकता छ । नेपाल कृषिप्रधान देश भएकाले कृषिमा अल्पकालीन हिसाबले के गर्ने, दीर्घकालीन हिसाबले के गर्ने ? कसैसँग कुनै योजना छैन । दिन प्रतिदिन नेपालीहरूको टाउकोमा ऋणको थुप्रो बढ्दैछ तर यसको हल गर्ने कुरा वा हाम्रो राष्ट्रिय अर्थतन्त्र बलियो बनाउने कुरा, प्रत्येक वर्ष उत्पादित श्रमशक्तिलाई नेपालमै खपत गर्न उद्योग,कलकारखाना खोल्ने कुरा र नेपालको पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रसँग जोड्ने कुरामा कुनै पनि दलसँग स्पष्ट दृष्टिकोण छैन । त्यसैले उनीहरूमध्ये जुनसुकै दल पनि सत्तामा जाँदा खासै उपलब्धि भएको देखिँदैनजसले गर्दा गरिब र सुकुमबासीहरूको सङ्ख्या दिन प्रतिदिन बढ्दैछजुन यथार्थ धरातल एकीकृत जनक्रान्तिका लागि वस्तुगत आधार बन्न सक्छ।

### ३. राजनीतिक दलहरूमा चरम सत्तालिप्सा

राजनीति गर्ने दलहरू स्वाभाविक रूपमा सत्तामा जान चाहन्छन् किनकि उनीहरूले आफ्नो पार्टीको विचार, दर्शन र राजनीतिबाट देश र जनताको सेवा गर्न सकून् तर नेपाल मात्र त्यस्तो देश हो जहाँ सत्तामा पुग्नका लागि सारा हथकण्डा अपनाइन्छ । २०४६ सालमा बहुदलीय प्रजातन्त्र स्थापना भएपछि करिब २९ वर्षमा कतिवटा सरकार बने भन्ने कुराले के स्पष्ट गर्छ भने नेपालमा राजनीतिक दलहरू कति सत्ताभोगी रहेछन् । कतिसम्म भने कुनै पार्टीको कुनै पात्रलाई सरकारमा जान मन लाग्यो भने ऊ पार्टी फुटाएर भएपनिसरकारमा जान्छ। सरकारमा जानका लागि नेपालका संसद्वादी दलहरूलाई कनै मूल्य, मान्यता र आदर्श चाहिँदैन । यो परिदृश्य नेपाली जनताले विगत २९ वर्षयता लगातार हेर्दै आएका छन् । त्यसैले जनतायी दलहरूप्रति विरक्तिएर नयाँ दल र परिवेशको अपेक्षा गरिरहेका छन् । त्यो आकाङ्क्षा २०६४ सालमा तत्कालीन ने.क.पा.( माओवादी) लाई अत्यधिक मत दिएर जिताएपनि हुन सकेन । जनताको त्यो इच्छा र आकाङ्क्षालाई हामीले क्रान्तिमा जोड्ने कुरा नै वैज्ञानिक र वस्तुवादी हुन जान्छ । त्यसैले चरम सत्तालिप्साको राजनीति नेपाली क्रान्तिका लागि एक वस्तुगत आधार हुन सक्छ ।

### ४. राज्यसत्ताका उपरिसंरचनामा संस्थागत भ्रष्टाचार मौलाउनु

नेपालका धेरै नेताहरू सरकारमा जानुपूर्व भन्छन्- भ्रष्टाचारलाई कडाइपूर्वक नियन्त्रण गरिन्छ। तर पछि तिनै नेताहरू भ्रष्टाचारीहरूलाई संरक्षण दिन्छन् । मूलतः भ्रष्टाचार दुईवटा प्रकृतिका हुन्छन् : एक आर्थिक र अर्को नीतिगत भ्रष्टाचार । नीतिगत भ्रष्टाचारमा जनताको त्यति धेरै चासो नभएपनि आर्थिक भ्रष्टाचारमा भने धेरै चासो भएको देखिन्छ। आजका दिनमा नेपालका हरेक ठाउँवा भनौँ राज्यका प्रत्येक उपरिसंरचना भ्रष्टाचारका केन्द्र भएका छन् । चाहे त्यो कर्मचारीतन्त्र भन्नुहोस् वा अदालत, चाहे त्यो सुरक्षा निकायहरू भन्नुहोस्वा राजनीतिक दल र उसका भ्रातृ सङ्गठनहरू, एनसेल करकाण्ड, सशस्त्र प्रहरीभित्र भएको भ्रष्टाचार, चूडामणि शर्मा, गोपाल खड्का, गोविन्दराज जोशी, जयप्रकाश गुप्ता, लाउडा विमान काण्ड, डाफर काण्ड त सतहमा आएका भ्रष्टाचारका प्रतिनिधि काण्डहरू हुन् । कर फर्स्योट आयोगमा हुँदा चूडामणि शर्माले मात्र ३० अर्ब ५२ करोड रूपैयाँ राजस्व बक्यौतामध्ये ९ अर्ब ५४ करोड रूपैयाँ मात्र राज्यकोषमा दाखिला गरी अन्य रकममा नीतिगत भ्रष्टाचार गरे । आयल निगमको हाकिम हुँदा गोपाल खड्काले कम मूल्यको जग्गा बढी पैसामा किनेको बिल पेस गरेर करोडौँ आर्थिक भ्रष्टाचार गरे । सरकारी कार्यालयमा काम गर्न जाँदा कर्मचारीहरूलाई पैसा नदिई कुनै पनि काम हुँदैन । स्थानीय जनप्रतिनिधिहरूले एउटा हस्ताक्षरका भरमा लाखौँकरोडौँ भ्रष्टाचार गरिरहेका छन् । सुरक्षा निकायहरूमा भर्ती हुन जाँदा लाखौँ रकम मागी तलदेखि माथिसम्म बाँडेर संस्थागत भ्रष्टाचार गरिन्छ । राजनीतिक दलमा आबद्ध पात्रहरू कहाँ कमिसन आँउछ, कता पैसा कुम्ल्याउन पाइन्छ भन्दै संस्थागत रूपमा मन्त्रालय र नेताहरूको घरदैलो चहार्दै हिँड्छन् । यसरी दिन दुई गुना रात चार गुनाको हिसाबले मौलाएको भ्रष्टाचारबाट जनता आजित भैसकेका छन्। त्यसैले भ्रष्टाचार पनि नेपाली जनतालाई हाम्रो क्रान्तिमा जोड्ने एक प्रमुख आधार बन्न सक्छ।

### ५. शिक्षा, स्वास्थ्य र रोजगारबाट जनता वञ्चित हुँदै जानु

राज्य जनताप्रति कति धेरै गैरजिम्मेवार छ भने ऊ जनताको शिक्षा, स्वास्थ्य र रोजगारबारे पूर्ण रूपमा अनभिज्ञ छ । संविधानका पानाहरूमा मौलिक अधिकारकारूपमा उल्लेख गरे पनि आज बहुसङ्ख्यक नेपाली जनताका छोराछोरीहरू शिक्षाबाट वञ्चित भैरहेका छन्। शिक्षा र स्वास्थ्यमा भएको निजीकरणले जनताको जीवनमाथि भयावह स्थिति सिर्जना गरिरहेको छ । आज केही हुनेखानेहरू नर्सरी कक्षामा पढाउन ४/५ लाख रूपैयाँ भर्ना गर्नलाई तिर्छन् त बहुसङ्ख्यक गरिबहरू छोराछोरीहरूलाई भर्ना नै गर्न सक्दैनन् । कोही टाउको दुखेकै भरमा सिङ्गापुर, थाइल्यान्ड र युरोपका महँगा अस्पतालमा धाउँछन् त कोही ५ रूपैयाँको सिटामोल खान नपाएर अस्पतालको छतबाट हामफालेर आत्महत्या गर्छन् । प्रत्येक वर्ष नेपालमा ५ लाख १२ हजारको हाराहारीमा नयाँ श्रमशक्ति तयार हुन्छ जसमध्ये ७५ प्रतिशत खाडी र मलेसिया जान्छन् भने अन्य भारतलगायत अरू देशहरूमा जान्छन् । यसले के जनाउँछ भने नेपालमा रोजगार नै छैन वा उनीहरू वञ्चित छन् । त्यसैले बहुसङ्ख्यक नेपाली कामदारहरूले विदेशी भूमिमा कमाएको पैसाबाट पठाएको रेमिट्यान्सले मात्र धानेको छ यो देशको अर्थतन्त्र । त्यसैले शिक्षा, स्वास्थ्य र रोजगारको सङ्कट बढ्दै जानु एकीकृत जनक्रान्तिका लागि एउटा आधार बन्न सक्छ।

### ६. बाह्य शक्तिकेन्द्रमुखी प्रवृत्ति हाबी हुनु

नेपालविश्वकै एउटा स्वाधीन राष्ट्र हो। तर हाम्रो छिमेकी राष्ट्र भारत सदैव नेपाललाई औपनिवेशिक आँखाबाट हेरिरहन्छ । उसले नेपालमा प्रत्येक दल र राज्यका उपरिसंरचनामा आफ्ना दलालहरू खडा गरेको छ । त्यसैले नेपालको राजनीतिदेखि अर्थ, परराष्ट्र, सुरक्षा र कर्मचारीतन्त्रमा पनि भारतको हस्तक्षेपकारी व्यवस्थापन हाबी छ । नेपालका राजनीतिक दलहरू हरेक समस्याको हल बाह्य शक्तिबाट गराउँछन् । कतिसम्मभने कुनै दल मिल्न र फुट्न पनि बाह्य शक्तिको पर्खाइमा रहन्छन् । को प्रधानमन्त्री बन्ने, को मन्त्री बन्ने, को मुख्यसचिव बन्ने, को सुरक्षा निकायमा प्रमुख बन्ने भन्ने कुराहरूमा पनि बाह्य शक्ति भारतको प्रभाव बढी नै छ । यस्तोखाले बाह्य शक्तिकेन्द्रमुखी प्रवृत्तिले देशलाई स्वाधीन बनाउनुभन्दा पराधीन बनाउँछ । नेपालमा राज्य सञ्चालनमा रहेका प्रायः सबै स्वचालितभन्दा परचालित भएकै कारण आज हाम्रो राष्ट्रियता अति नै जोखिममा छ । त्यसैले यो प्रवृत्तिका बारेमा जनता पूर्ण जानकार भएकाले एकीकृत जनक्रान्तिलाई थप मलजल गर्न यो पनि वस्तुगत आधार हुन सक्छ।

### ७. मूल्य र मान्यताको राजनीतिबाट दलहरू च्यूत हुनु

नेपालमासंसद्वादी राजनीतिक दलहरूमा मूल्य र मान्यताको राजनीतिको निकै नै खडेरी देखिन्छ । आफ्नो विचार, सिद्धान्त र आदर्शबाट च्यूत भएर काम गर्नु नेपालका संसद्वादी राजनीतिक दलहरूका लागि सामान्य भैसक्यो । यहाँ रूपमा कम्युनिस्ट र काङ्ग्रेस भएपनि सारमा यिनीहरू एउटै कित्तामा छन् । उनीहरू सदैव आफ्नो स्वार्थको राजनीति गर्छन् । स्थानीय चुनावमा माकेले काङ्ग्रेससँग मिलेर चुनाव लडेको र प्रदेशमा एमालेसँग मिलेर लडेको प्रतिनिधि उदाहरण मात्र हुन् । निजी सम्पत्तिको विरोध गर्ने कम्युनिस्टहरूसँग आज सबैभन्दा बढी सम्पत्तिथुप्रिएको छ । उता प्रजातन्त्रको कुरा गरी नथाक्ने काङ्ग्रेसले कहिल्यै विधिको शासनको पालना गरेन । त्यसैले मूल्य र मान्यताको राजनीतिबाट संसद्वादीहरू च्यूत हुने कुरा हाम्रा लागि राजनीतिक रूपमा फाइदाजनक नै हुन्छ तर हामीले मूल्य र मान्यताको राजनीति गर्नु जरुरी छ।

### ८. राज्यबाट जनताले न्याय र सुरक्षाको अनुभूति नपाउनु

विश्वमा नेपाल मात्र त्यस्तो देश हो जहाँ न्याय किनिने र बेचिने साधन भएको छ। पहुँचवालाहरूका निमित्त जस्तोसुकै अपराध पनि क्षमायोग्य हुन्छ तर जनताका लागि कहिल्यै हुँदैन । गरीब जनताले वकील र अदालतलाई पैशा दिन नसकेकै कारण सदैव अन्याय सहेर बसेका छन । आज जनताको सुरक्षाको कुनै ग्यारेण्टी छैन । जनताको सुरक्षाको जिम्मा लिएर बसेका नै उल्टै अपराधीलाई साथ दिएर लाठी र बुटले जनता तर्साउछन । दिनदहाडै हत्या, हिंसा, बलत्कार र अपहरणका घटनाहरू हुन्छन तर राज्य बेखवर हुन्छ । त्यसैले नेपालको न्याय र सुरक्षा प्रणालीवाट सन्तष्टि नहुने कुरा आफैमा क्रान्तिको निमित्त फाइदाजनक छ । तर हामीले सञ्चालन गरेको सत्ताभित्र भने जनतालाई पूर्ण रूपमा न्याय र सुरक्षा हुनुपर्छ।

### ९. स्थानीय जनप्रतिनिधिहरूसँग जनताको अन्तरविरोध बढ्दै जानु

नेपालमा अहिले कथित कम्युनिस्टहरूको दुईतिहाइबहुमतको सरकार छ । तर कम्युनिस्ट आदर्शविपरीत सरकार मातहतका स्थानीय निकायले जनताको टाउकोमाथि करको भारी बढाएकाले जनता र जनप्रतिनिधि संस्थासँग अन्तरविरोध चुलिएको छ। कर पनि थोरै होर ? न्यूनतम सयदेखि हजारसम्म बढाइएको छ। हुँदाहुँदा साइकलको पनि कर लगाएका छन्। केहीले त ठट्यौली पाराले अब हामीले लगाउने जुत्ता र चप्पलको पनि कर लाग्छ भनेर यो सरकारलाई गिज्याइरहेका छन् । स्मरण रहोस्, तत्कालीन अमेरिकामा ब्रिटिस साम्राज्यले बढाएको करका कारणले नै १२५ (१६०७ देखि १७३२ सम्म) वर्षसम्म चलेको उसको साम्राज्य ध्वस्त भएको थियो। त्यसैले कर वृद्धिको मनोविज्ञान पनि क्रान्तिका लागि आधार बन्न सक्छ।

अन्त्यमा नेपालको चौतर्फी सङ्कटको हल भनेको केवल चौतर्फी क्रान्ति हो। सबैले बुझ्ने सत्य यही हो- नेपालमा क्रान्ति आवश्यक छ र सम्भव पनि छ। यहीँनिर हामीले बुझाउने कुरा के छ भने नेपालमा विश्वक्रान्तिका सार्वभौम शिक्षाहरूलाई आत्मसात गर्दै नेपाली विशेषताहरूलाई पक्डेर गर्ने क्रान्ति मात्र सम्भव छ । यो क्रान्ति माओले भन्नुभएजस्तै न कसैको यान्त्रिक अनुकरणबाट सम्भव छ, न त विश्वक्रान्तिका सार्वभौम मान्यतालाई त्यागेर नै सम्भव छ । यो त नेपाली विशेषतासहितको क्रान्तिको मोडेल एकीकृत जनक्रान्तिबाट मात्र सम्भव छ।

*मूलतः भ्रष्टाचार दुईवटा प्रकृतिका हुन्छन् : एक आर्थिक र अर्को नीतिगत भ्रष्टाचार । नीतिगत भ्रष्टाचारमा जनताको त्यति धेरै चासो नभएपनि आर्थिक भ्रष्टाचारमा भने धेरै चासो भएको देखिन्छ । आजका दिनमा नेपालका हरेक ठाउँवा भनौँ राज्यका प्रत्येक उपरिसंरचना भ्रष्टाचारका केन्द्र भएका छन् । चाहे त्यो कर्मचारीतन्त्र भन्नुहोस् वा अदालत, चाहे त्यो सुरक्षा निकायहरू भन्नुहोस्वा राजनीतिक दल र उसका भ्रातृ सङ्गठनहरू, एनसेल करकाण्ड, सशस्त्र प्रहरीभित्र भएको भ्रष्टाचार, चूडामणि शर्मा, गोपाल खड्का, गोविन्दराज जोशी, जयप्रकाश गुप्ता, लाउडा विमान काण्ड, डाफर काण्ड त सतहमा आएका भ्रष्टाचारका प्रतिनिधि काण्डहरू हुन् । कर फर्स्योट आयोगमा हुँदा चूडामणि शर्माले मात्र ३० अर्ब ५२ करोड रुपैयाँ राजस्व बक्यौतामध्ये ९ अर्ब ५४ करोड रुपैयाँ मात्र राज्यकोषमा दाखिला गरी अन्य रकममा नीतिगत भ्रष्टाचार गरे । आयल निगमको हाकिम हुँदा गोपाल खड्काले कम मूल्यको जग्गा बढी पैसामा किनेको बिल पेस गरेर करोडौँ आर्थिक भ्रष्टाचार गरे । सरकारी कार्यालयमा काम गर्न जाँदा कर्मचारीहरूलाई पैसा नदिई कुनै पनि काम हुँदैन । स्थानीय जनप्रतिनिधिहरूले एउटा हस्ताक्षरका भरमा लाखौँकरोडौँ भ्रष्टाचार गरिरहेका छन् । सुरक्षा निकायहरूमा भर्ती हुन जाँदा लाखौँ रकम मागी तलदेखि माथिसम्म बाँडेर संस्थागत भ्रष्टाचार गरिन्छ ।*

# सांस्कृतिक क्रान्ति र विश्वदृष्टिकोण

## (अल्बानियाली सैन्य प्रतिनिधिसमक्ष भाषण)

**माओ–१ मे, १९६७**

मैले १९६२(१) मा ७००० मानिसको भेलामा भनेको थिएँ, “मार्क्सवाद-लेनिनवाद र संशोधनवादका बीचको सङ्घर्षमा कुन विजयी हुनेछ र कुन पराजयी हुनेछ अझै निश्चित भैसकेको छैन, धेरै सम्भावना के छ भने संशोधनवाद विजयी हुनेछ र हामी पराजयी हुनेछौँ । हामीले जनतालाई पराजयको सम्भाव्यताप्रति सतर्क बनाउनुपर्छ जसरी संशोधनवादको रोकथाम र विरोध गर्दैछौँ त्यसरी नै संशोधनवादका विरुद्ध हाम्रो सतर्कताको उचाइलाई धेरै गतिशील बनाउनुपर्छ भन्ने कुरा पत्ता लगायौँ । निश्चय नै कम्युनिस्ट पार्टीभित्र दुई वर्ग र दुई कार्यदिशाबीच सधैँ सङ्घर्ष रहेको हुन्छ। यसलाई कसैले पनि अस्वीकार गर्नै सक्तैन र हामी त झन् भौतिकवादी हुनुको नाताले अस्वीकार गर्ने कुरै हुँदैन। त्यो भेलापछि हाम्रो पार्टीभित्रको वर्गसङ्घर्षले “वाम” रूपमा दक्षिणपन्थी सार र त्यस्तै विपरीत अभिव्यक्ति दिएको छ- वर्गसङ्घर्षको अस्वीकृति र वर्गसङ्घर्षमा जोड तथा सर्वहारा राजनीतिको सम्झौता र विरोधमा । यो बहस दस्ताबेजीकरण भएको छ। त्यो भेलापूर्व नै देखापरेको थियो ।

आज यहाँ अल्बानियाली सैन्य प्रतिनिधिमण्डल हाम्रो राष्ट्रको महान् सर्वहारा सांस्कृतिक क्रान्ति बुझ्न आएको छ । सर्वप्रथम यो समस्याबारे मेरो बुझाइ राख्ने अनुमति दिनूस् ।

चीनको महान् सर्वहारा सांस्कृतिक क्रान्ति याओ वेन-युआनको १९६५ को हिउदँमा “हाईजुई पदबाट बर्खास्त” को आलोचनाका साथ सुरु भयो । त्यो समयमा हाम्रो देशका निश्चित विभाग र स्थानहरू संशोधनवादीहरूद्वारा शासित थिए । ती कति कस्सिएका थिए भने पानी पनि छिर्न सक्तैनथ्यो र सियो पनि घुस्न सक्तैनथ्यो । त्यसपछि मैले कमरेड चियाङ चिङलाई यो सुझाव दिएँ ताकि “हाईजुई पदङाट बर्खास्त” को आलोचना गर्न उनले केही आलेखका लागि पहल गरून् तर यो लाल महानगरमा बसेर यो काम पूरा गर्न असम्भव थियो । यसका लागि पहल गर्न साङ्घाई जानुको विकल्प थिएन । अन्ततः आलेख लेखियो । मैले यसलाई तीनपटक पढेँ र आधारभूत रूपमा ठीक छ भन्ने ठानेँ, यसैले मैले कमरेड चियाङ चिङलाई प्रकाशनका लागि फिर्ता लिन दिएँ । मैले केन्द्रीय समितिका केही नेतृत्वदायी कमरेडहरूलाई यो पढ्न निर्देशन गरेँ तर क.चियाङ चिङले सुझाव दिनुभयो “आलेख जस्ताको तस्तै प्रकाशित हुनसक्छ र मैले कमरेड चाओ एन-लाई र काङ सेङलाई पढ्न भन्नुपर्ने कुनै आवश्यकता ठानेकी छैन । ” (कमरेड लिनप्याओले रोक्दै भने केही मानिसहरू भन्दछन्, कमरेड माओ त्सेतुङले एउटा पक्षको प्रयोग गरेर अर्को पक्षलाई प्रहार गर्नुहुन्छ । तर अहिले सम्पूर्ण केन्द्रीय नेतृत्वका कमरेडहरूको क्रान्तिकारी जनसमुदायमा प्रतिष्ठा बढेको छ र उनीहरू सबैका सामु पहिले नै महान् सर्वहारा सांस्कृतिक क्रान्तिबारे व्याख्या भइसकेको छ। त्यसैले उनीहरूले कुनै गल्ती नगर्ने वाचा गरेका छन् । म के ठान्दछु भने महान् सर्वहारा सांस्कृतिक क्रान्ति भनेको परीक्षाबिनाको एउटा परीक्षा हो। त्यसैले मैले सधैँ के भन्ने गरेको छु भने हामीले बुझेको र अस्थायी रूपले बुझ्न नसकेको दुवै अवस्थामा माओ त्सेतुङ विचार लागू गरिएकै हुनुपर्छ । ) याओ वेन-युआनको आलेख प्रकाशित भएपछि यसलाई देशका धेरैजसो अखबारले प्रकाशित गरे तर बेइजिङ र हुनानमा प्रकाशित भएन। पछि पर्चाका रूपमा प्रकाशन गर्न सल्लाह दिएँ तर यसको पनि विरोध गरियो र सरासर जान सकेन।

याओ वेन-युआनको आलेख महान् सर्वहारा सांस्कृतिक क्रान्तिका लागि सङ्केत मात्र थियो । परिणामस्वरूप, विशेषतः मलाई यसले मे १६ को केन्द्रीय समितिको परिपत्र (२) बनाउन मद्दत गऱ्यो । दुस्मन विशेष रूपले संवेदनशील भएको हुनाले एकपटक सङ्केतको स्वर आउनेबित्तिकै उसले कारबाही गर्न सक्दथ्यो भन्ने कुरा हामीले थाहा पायौँ । हाम्रो पक्षबाट हामीले पनि कारबाही गर्नुपर्थ्यो। कार्यदिशाको प्रश्न र दुई लाइन सङ्घर्षको प्रश्न बाहिर ल्याउन परिमार्जन भएको थियो । त्यो समयमा बहुमत मेरो विचारसँग सहमत भएन र केही समयका लागि म एक्लै परेको थिएँ। उनीहरूले भने, मेरो विचार पुरानो भैसकेको छ। यसकारण चिनियाँ कम्युनिस्ट पार्टीको आठौँ केन्द्रीय समितिको एघारौँ विस्तारित बैठकमा बहसका लागि मैले विचारहरू प्रस्तुत गरेको थिएँ । केही बहसपछि आधाभन्दा अलिकति बढी कमरेडहरूको अनुमोदन प्राप्त गरेँ । मसँग सहमत नहुने ली चुआन र लिउ लानताओ (३) सहित अझै धेरै मानिस थिए । कमरेड चेन पो-ता उनीहरूसँग कुरा गर्न गए र उनीहरूले भने: “म बेइजिङमा यसको अनुमोदन गराउन सक्नेछैन र घर फर्केपछि पनि गराउन सक्नेछैन । ” अन्ततः म निर्वाचित भएको थिइनँ, बरु आउने परीक्षाका लागि मलाई अभ्यास गर्न दिइयो !

चिनियाँ कम्युनिस्ट पार्टीको आठौँ केन्द्रीय समितिको एघारौँ विस्तारित बैठकपछि पुँजीवादी प्रतिक्रियावादी कार्यदिशाको अलोचनामाथि जोड गयो जसले १९६६ को अक्टोबर, नोभेम्बर र डिसेम्बर तीन महिनाको समय लिइसहेको थियो र यसले पार्टीभित्र अन्तरविरोधको रहस्यमय पर्दाफास भयो । यहाँ म अर्को समस्या उल्लेख गर्न चाहन्थेँ । त्यो के थियो भने सक्रिय किसान र मजदुरहरूको बृहत् जनसमुदाय तथा पार्टी र युवक सङ्घका सक्रिय कार्यकर्ताहरूलाई प्रतिक्रियावादी कार्यदिशाको आलोचना गर्ने प्रक्रियामा विश्वासघात गरियो । समस्याको अध्ययन गर्दा जसमाथि विश्वासघात गरिएको थियो । ती कमरेडहरूको हामीले कसरी सम्मान गर्न सक्थ्यौँ । मैले सधैँ के अनुभूत गरेको छु भने मजदुर, किसान र सिपाहीहरूको बृहत् जनसमुदाय, पार्टी र युवक सङ्घका अत्यधिक बहुमत सदस्यहरू असल छन् र उनीहरू नै सर्वहारा क्रान्तिको प्रत्येक चरणमा मुख्य शक्ति भएका हुन्छन् । अवश्य नै महान् सर्वहारा सांस्कृतिक क्रान्ति यसको अपवाद हुँदैन । मजदुर र किसानको बृहत् जनसमुदाय वास्तविक श्रममा भाग लिने भएकाले उनीहरू प्राकृतिक रूपले नै माथिल्लो श्रेणीको परिस्थितिबारे धेरै कुरा जान्दछन् । अझै बढी भन्दा पार्टीका सक्रिय कार्यकर्ताहरूको विशाल सङ्ख्या र युवक सङ्घको पार्टीप्रति हार्दिक समर्पण रहेको छ र पार्टी कार्यकर्ताप्रति असीमित प्रेम रहेको छ जब कि “पुँजीवादी बाटो लिएका सत्ताधारीहरूले” लालझन्डाको विरोधमा लालझन्डा उठाएका छन् । यसैकारणले कार्यकर्ताहरूमाथि यति विश्वासघात गरिएको थियो, सापेक्ष रूपले लामो समयसम्म ती उनीहरूको भ्रमबाट मुक्त हुन सक्तैनथे तर यो सबैको पछाडि ऐतिहासिक कारणहरू थिए । जसरी लामो समयसम्म जसमाथि विश्वासघात भयो उनीहरू आफैँ सुध्रिए, यो सबै ठीक थियो जसरी आन्दोलन विकास भयो, उनीहरू फेरि मुख्य शक्ति भए । मजदुरहरूद्वारा “जनवरी-आँधी” सञ्चालित थियो । यो जनवादी क्रान्ति र महान् सर्वहारा सांस्कृतिक क्रान्तिका लागि पनि उत्तिकै सत्य हो । मे ४ आन्दोलन (४) बुद्धिजीवीद्वारा सञ्चालित थियो । त्यसरी उनीहरूको दृष्टि र सावधानी पूर्णतया प्रदर्शन भइरह्यो । तथापि हामीले वास्तविक उत्तरी अभियान वा लम्बे अभियान हुँदै पूर्ण क्रान्ति गरी मुख्य शक्तिका रूपमा सेवा गर्न समयको मालिक मजदुर, किसान र सिपाहीमाथि भरोसा गर्नैपर्छ । तथ्यको दृष्टिले मजदुर, किसान, सिपाही, वास्तवमै मजुदर र किसान मात्र हुन्, त्यसरी नै सिपाहीहरू सैनिक पोसाकधारी मजदुर र किसान मात्र हुन् । यद्यपि यो बुद्धिजीवी र युवा विद्यार्थीको बृहत् जनसमुदाय थियो, जसले पुँजीवादी प्रतिक्रियावादी कार्यदिशाको आलोचना सञ्चालन गरे, फेरि पनि क्रान्ति पूरा गर्न समयका मालिक मजदुर, किसान र सिपाहीहरूमाथि नै भरोसा गर्नुपर्ने हुन्छ, एकपटक “जनवरी-आँधी” ले सत्ता कब्जा गरेको थियो । बुद्धिजीवीहरू सधैँ नै वस्तुको वैकल्पिक अवधारण दिनमा तीव्र हुन्छन् तर सहजवृत्तिको सीमाका कारण र पूर्वक्रान्तिकारी चरित्रको अभावका कारण उनीहरू कहिलेकहीँ अवसरवादी हुन पुग्छन् ।



नीति र रणनीतिको दृष्टिकोणबाट महान् सर्वहारा सांस्कृतिक क्रान्तिलाई सामान्यतः चार चरणमा विभाजित गर्न सकिन्छ : कमरेड याओ वेन-युआनको आलेख प्रकाशनदेखि चिनियाँ कम्युनिस्ट पार्टीको आठौँ के.स.को.एघारौँ विस्तारित बैठकलाई प्रथम चरण मान्न सकिन्छ र यो मुख्यतः आन्दोलनको चरण थियो । ची.क.पा.को आठौँ के.स.को.एघारौँ विस्तारित बैठकदेखि “जनवरी आँधी” सम्मलाई दोस्रो चरण मान्न सकिन्छ । तेस्रो चरण ची पेन-यु (५) को “राष्ट्रवाद वा राष्ट्रिय विश्वासघात ?” सँग अन्तरनिहित छ र “परिमार्जनको मुख्य बिन्दु के हो भने यसले सर्वहारा अधिनायकत्वमाथि विश्वासघात गर्छ । ” त्यसपछिको अवधि चौथो चरणको हुनसक्छ । तेस्रो र चौथो चरणमा सत्ता कब्जा गर्ने प्रश्न विशिष्ट भयो । चौथो चरण विचारधारात्मक रूपले संशोधनवादी र पुँजीवादीहरूबाट सत्ता कब्जा गर्नुसँग सम्बन्धित छ । परिणामस्वरूप, यो दुई वर्गहरूबीच, दुई मार्गबीच, दुई कार्यदिशाबीचको निर्णायक लडाइँमा प्रमुख चरण भयो र यो नै समग्र आन्दोलनको मुख्य र समुचित विषय थियो । “जनवरी-आँधी” पछि केन्द्रीय समिति दोहोरिएर महान् गठबन्धनको समस्यासँग स्वयम् सम्बन्धित भयो । त्यसपछि यसले के पत्ता लगायो भने यो आत्मगत कामनाले वर्गसङ्घर्षको विकासका वस्तुगत नियमसँग मेल खाँदैनथ्यो । यसो किन हुन्छ भने हरेक वर्ग र राजनीतिक शक्ति स्वयम्‌को हठपूर्वक प्रयत्न गर्ने चाहना हुन्छ । पुँजीवादी र निम्नपुँजीवादी विचारधारा अनियन्त्रित बगेको पानीजस्तै विस्फोट हुन्छ। यसरी महान् गठबन्धनलाई न्यूनीकरण गरिन्छ। ठूलो अभ्यासबिना महान् गठबन्धन असम्भव थियो र भएको भए पनि अन्ततः टुटिसकेको हुन्थ्यो। यसैले के.स.को वर्तमान दृष्टिकोण यसलाई बढाउनु नै हो, यसैलाई लागू गर्ने होइन । अङ्कुर तानेर यसलाई बढाउन गति दिने तरिका अनुचित छ। वर्गसङ्घर्षको नियमलाई कसैको मनोगत इच्छाले बदल्न सकिँदैन । यो प्रश्नबारे धेरै उदाहरणहरू छन् जसलाई उद्धृत गर्न सकिन्छ । एक्स-एक्स नगरपालिकामा भएको मजदुर, लालरक्षक र किसान अधिवेशनमा यस्तो देखिन्छ, किसान अधिवेशनबाहेक मजदुर र लालरक्षकका अधिवेशनमा धेरै झगडाहरू भएका थिए । म के ठान्दछु भने एक्स-एक्स नगरपालिकाको क्रान्तिकारी समिति अहिलेसम्म पुनर्सङ्गठित भएका छन् । मैले मौलिक रूपमा नै बुद्धिजीवीहरू बीचबाट केही अनुयायीलाई तालिम दिने सोचेको थिएँ । तर अहिले आउँदा यो कुरा अव्यावहारिक हुने भयो । मलाई यस्तो लाग्दछ, ती युवा बुद्धिजीवीहरू जो भर्खरै स्कुलबाट शिक्षा लिइरहेका छन् । हाम्रो पार्टी बाहिर र भित्र दुवैतिरका बुद्धिजीवीहरूको विश्वदृष्टिकोण अझै आधारभूत रूपले पुँजीवादी छ । मुक्तिपछि दस वर्षभन्दा बढी सांस्कृतिक र शैक्षिक वृत्त संशोधनवादद्वारा शासित भएको छ र यसैले पुँजीवादी विचारधारा उनीहरूको रगतमा पसेको छ । यसकारण क्रान्तिकारी बुद्धिजीवीहरूले सावधानीपूर्वक यो दुई वर्गहरूबीच, दुई मार्गहरूबीच र दुई कार्यदिशाबीच सङ्घर्ष चलिरहेको गम्भीर परिस्थितिमा आफ्नो विश्वदृष्टिकोण पुनर्संस्कार गर्नुपर्छ। नत्र भने उनीहरू क्रान्तिका विरुद्ध जानेछन्। अब मैले तपाईंहरूलाई एउटा प्रश्न सोध्न चाहुँला: महान् सर्वहारा सांस्कृतिक क्रान्तिको उद्देश्य के हेला ? (कसैले जहाँको त्यहीँ जबाफ दियो : पार्टीभित्रका सत्ताधारी जसले पुँजीवादी बाटो लिएका छन् तिनका विरुद्ध सङ्घर्ष गर्नु) । सत्ताधारीहरूविरुद्ध सङ्घर्ष गर्नु मुख्य कार्यभार हो तर यसको अर्थ यही नै उद्देश्य होइन्, उद्देश्य त विश्वदृष्टिकोणको समस्या समाधान गर्नु हो। यो त संशोधनवादका जरा उखेल्ने प्रश्न हो।

केन्द्रीय समितिले समयमै जोड दिएको छ र फेरि पनि जनसमुदाय स्वयम् शिक्षित हुनुपर्छ र मुक्त हुनुपर्छ। यसो किनभने विश्वदृष्टिकोण उनीहरूमाथि लाद्न सकिँदैन । रूपान्तरणको विचारधाराअनुसार बाह्य कारणहरूले भित्री कारणमार्फत काम गर्न आवश्यक छ; त्यसैले दोस्रो कारण प्रमुख हुन्छ । विश्वदृष्टिकोण रूपान्तरित भएन भने कसरी सर्वहारा सांस्कृतिक क्रान्ति विजयी हुनसक्छ ? विश्वदृष्टिकोण रूपान्तरित हुँदैन भने यो महान् सर्वहारा सांस्कृतिक क्रान्तिमा पुँजीवादी बाटो लिने दुई हजार सत्ताधारीहरू अर्कोपटक चार हजार हुन सक्छन् । सर्वहारा सांस्कृतिक क्रान्तिको मूल्य धेरै महान् भएको छ तर पनि दुई वर्ग र दुई बाटोका बीचको सङ्घर्षको प्रश्न दुईवटा, तीनवटा र चारवटा सांस्कृतिक क्रान्तिले समाधान गर्न सकिँदैन। यो महान् सांस्कृतिक क्रान्तिले अझै कम्तीमा एक दशकभित्र विषयवस्तुलाई सुदृढ गर्नुपर्छ । एक शताब्दीको अवधिमा बढीमा दुई वा तीनपटक यस्तो क्रान्ति सञ्चालन गर्न सम्भव हुनसक्छ। यसकारण हामीले कुनै पनि समयमा संशोधनवादविरुद्ध र विपक्षमा लड्न हाम्रो क्षमता बलियो बनाउन संशोधनवादका जराहरू उखेल्दै जाने कुरामा ध्यान केन्द्रित गर्नैपर्छ। यहाँ म अर्को प्रश्न सोध्न चाहन्छु : पुँजीवादी बाटो समातेका सत्ताधारीहरू तपाईं कसलाई भन्नुहुनेछ ? (श्रोताहरूबाट जबाफ आएन)। पुँजीवादी बाटो लिने तथाकथित सत्ताधारीहरू ती सत्ताधारीहरू हुन् ! मैले भन्न खोजेको कुरा के हो भने जनवादी क्रान्तिको बेला यी मानिसहरू तीन अजङ्गका पहाडको विरोध गर्न सक्रिय रूपले भाग लिए तर जब समग्र देश मुक्त भयो, उनीहरू पुँजीवादको त्यस्तो तीखो विरोधमा गएनन्। यद्यपि स्थानीय अत्याचारीहरूलाई सत्ताच्यूत गर्ने र भूमि वितरण गर्ने कुराको उनीहरूले अनुमोदन गरे र त्यसमा सक्रिय रूपले भाग लिए, देश मुक्त भएपछि जब कृषि सामूहिकीकरण लागू गरिएको थियो, यसमा भने उनीहरू सक्रिय देखिएनन् । त्यो जसले समाजवादी बाटो लिनेछैन र ऊ अहिले सत्तामा छ, के ऊ नै पुँजीवादको बाटो लिने सत्ताधारी होइन र ? भर्खरै यसो भनौँ, “यी नयाँ समस्याको सामना गर्ने वरिष्ठ कार्यकर्ता” हुन् ! जब एकजना वरिष्ठ नयाँ समस्यासँग आमनेसामने हन्छ सर्वहारा विश्वदृष्टिकोणले लैस भएको छ भने उसले दृढतापूर्वक समाजवादी बाटो लिन्छ तर पुँजीवादी दृष्टिकोणले लैस भएको छ भने उसले पुँजीवादी विश्वदृष्टिकोणअनुसार नै यो जगत्‌लाई रूपान्तरण गर्न चाहन्छ भने सर्वहारावर्गले सर्वहारा विश्वदृष्टिकोणअनुसार नै जगत्‌लाई बदल्न चाहन्छ । ती जसले महान् सर्वहारा सांस्कृतिक क्रान्तिमा अभिमुखीकरण र कार्यदिशामा गल्ती गरेका छन् र यसलाई मुद्दा बनाएर “वरिष्ठ कार्यकर्ताहरूले नयाँ समस्याको सामना गर्दैछन्” भनिएको छ । तर तथ्य के हो भने तपाईंले हामीसँग यो झूट बोल्नुभएको छ, तपाईं वरिष्ठ कार्यकर्ताले अझैसम्म सम्पूर्ण रूपले तपाईंको पुँजीवादी विश्वदृष्टिकोणमा पुनः संस्कार गर्नुभएको छैन अहिलेदेखि नै वरिष्ठ कार्यकर्ताहरू अझ नयाँ समस्याको सामना गर्न बाँधिएका छन्। यो सुनिश्चित छकि तपाईं विचारधारात्मक रूपले पर्याप्त सर्वहारा क्रान्तीकरण भएर जानुहुन्छ भने तपाईंले दृढतापूर्वक समाजवादको बाटो लिनुहुनेछ । मलाई सोध्नदिनुस्, साँच्चै नै तपाईं कसरी समाजवादबाट साम्यवादतिर अघि बढ्नुहुन्छ ? यो राष्ट्रका लागि र विश्वका लागि महान् घटना हुनेछ।

म भन्छु, क्रान्तिकारी फुच्चे रथीहरूको क्रान्तिकारी भावना धेरै बलियो हुन्छ र यो उत्तम कुरा हो। तर तपाईं अहिलेको चरणमा कदम राख्न सक्नुहुन्न किनभने तपाईंले यो चरणमा कदम राख्नुभयो भने तपाईं भोलि नै त्यो चरणबाट भकुन्ड्याइनुहुनेछ । तर यो शब्द उपाध्यक्ष प्रधानमन्त्रीको आफ्नै मुखबाट चुहिएको छ र यो धेरै नै अनुचित छ। जहाँसम्म फुच्चे रथीहरू सम्बन्धित छन् यो उनीहरूको पालनपोषण र प्रशिक्षणको प्रश्न हो। साथै उनीहरूले निश्चित गल्ती गरेका छन् भने यस्ता शब्दको प्रयोग गर्नु उनीहरूको भावनाको घाँटी रेट्नु हो। कसैकसैले के भन्छन् भने चुनाव धेरै राम्रो र धेरै जनवादी हुन्छ । जहाँसम्म मेरो सम्बन्ध छ चुनाव केवल काल्पनिक पदावली हो, यस्तो नसोच्नूस् कि त्यहाँ कुनै वास्तविक चुनाव हुन्छ । म बेइजिङ जिल्लाद्वारा राष्ट्रिय जनमहासभाको प्रतिनिधिका हैसियतले सेवा गर्न चुनिएको छु तर मलाई वास्तविक रूपमा बेइजिङले कति बुझेको छ त ? म के महसुस गर्छु भने चाउ एनलाईको प्रधानमन्त्रीत्व केन्द्रीय समितिद्वारा एउटा नियुक्ति थियो । अरूहरूले भन्दछनूरू चीन गम्भीर रूपले शान्तिप्रिय छ तर मैले बुझ्नसकेको छैन त्यो प्रेम कति गहिरो छ। चिनियाँहरू जुझारु छन् भन्ने म ठान्दछु।

कार्यकर्ताहरूका सम्बन्धमा हामीले यो विश्वास स्थापित गर्नुपर्छ, ९५ प्रतिशत वा त्योभन्दा बढी असल छन् अथवा सापेक्षिक रूपले असल छन् र हामीले यसलाई कहिल्यै पनि वर्गदृष्टिकोणबाट विचलन हुन दिनु हुँदैन। नेतृत्वदायी कार्यकर्ताहरू जो क्रान्तिकारी छन् र क्रान्तिकारी हुन चाहन्छन् जोकसैले पनि तिनको रक्षा गर्नुपर्छ, तिनको निष्कपट रूपमा र बहादुरीपूर्वक रक्षा गर्नुपर्छ, उनीहरूलाई गल्तीबाट मुक्ति दिलाउनुपर्छ । यद्यपि उनीहरूले पुँजीवादी बाटो लिएका भए पनि दीर्घ शिक्षाबाट गुज्रिएपछि र गल्तीहरूबाट शुद्धीकृत भएपछि उनीहरूलाई क्रान्तिमा लाग्न निर्देशन दिनुपर्छ । वास्तवमै खराब व्यक्तिहरू त धेरै छैनन्। जनसमुदायमा उनीहरू करिब ५ प्रतिशत सङ्गठित छन्, पार्टी युवक सङ्घमा १-२ प्रतिशत, केवल मुठीभर सत्ताधारी जसले अटेरीपूर्वक पुँजीवादी बाटो लिन्छन् तर हामीले पार्टीभित्रका यी मुठीभर सत्ताधारीहरूलाई विचार गर्नैपर्छ जसले पुँजीवादी बाटो लिन्छन् तिनलाई आक्रमणको पहिलो निशाना बनाउनुपर्छ किनभने उनीहरूको प्रभाव र भित्री विष गहिरो र दूरगामी हून्छ। यसैले, यही नै महान् सर्वहारा सांस्कृतिक क्रान्तिको मुख्य कार्यभार हो । जनसमुदायका बीचमा खराब तत्वहरूको सङ्ख्या बढीमा ५ प्रतिशत छ र उनीहरू छरिएका छन् तिनको कुनै बल छैन । उनीहरूको ३ करोड ५० लाखमध्ये ५ प्रतिशत हिसाब हुन्छ भने साङ्गठनिक तरिकाले हाम्रो विरोधमा सेना निर्माण गर्नेहरूलाई प्रतिबन्ध लगाउनुपर्छ, त्यो गम्भीर र विचारणीय समस्या हुनेछ तर उनीहरू विभिन्न स्थानहरूमा फैलिएका छन् र शक्तिहीन छन्। उनीहरू महान् सर्वहारा सांस्कृतिक क्रान्तिको प्रमुख निशाना हुन चाहँदैनन् तथापि हामीले हाम्रो सतर्कता बढाउन र विशेषतः सङ्घर्षको यो निर्मम चरणमा यी खराब तत्वको बदलापूर्ण विनाश रोक्न आवश्यक छ । यसकारण महान् गठनबन्धनका लागि दुई प्रस्तावना हुनुपर्छ : एउटा स्वार्थलाई ध्वंस गर्नु हो भने अर्को जनस्वार्थका लागि समर्पणको पालनपोषण गर्नु हो। सङ्घर्षबिना महान् गठबन्धन प्रभावकारी हुनेछैन ।

यो महान् सर्वहारा सांस्कृतिक क्रान्तिको चौथो चरण दुई वर्ग, दुई मार्ग र दुई कार्यदिशाबीच सङ्घर्षको निर्मम चरण हो । यसरी जनआलोचना व्यवस्थित गर्न सापेक्ष रूपले लामो समय आवश्यक पर्नेछ। अझै केन्द्रीय समितिको सांस्कृतिक क्रान्ति समूहद्वारा बहस गरिँदैछ । केहीले विचार गर्दैछन्, यसका लागि यो वर्षको अन्तिमतिर उचित समय हुनेछ र अरूहरूले सोच्दैछन्, आउँदो मे महिनामा बढी उपयुक्त हुनेछ । तथापि समय वर्गसङ्घर्षको नियमले निश्चित गर्नेछ।

**टिप्पणीहरू**

१) चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको विस्तारित श्रमजीवी सम्मेलनको एउटा सन्दर्भ- हेर्नुहोस्- माओ चुनिएका रचना ग्रन्थ-८,पृ.३१३-३४४

२) मे.१६ को परिपत्र

३) लि चिङ चुआन


४) मे.४ आन्दोलन पेरिस सम्मेलनपछि ब्रिटेन, संयुक्त राज्य अमेरिका, फ्रान्स, जापान, इटली र अरू साम्राज्यवादी देशहरूद्वारा सान्तुङमा चीनको धेरै सार्वभौमिक अधिकार जापानलाई हस्तान्तरण गरेको विरोधमा मे ४, १९१९ मा बेइजिङका विद्यार्थीले प्रदर्शन गरेका थिए । जुन ३ पछि यो साम्रज्यवादविरोधी र सामन्तवादविरोधी आन्दोलनले सर्वहारावर्ग, सहरिया निम्नपुँजीपति र राष्ट्रिय पुँजीपतिलाई समेत समेट्दै देशव्यापी रूपमा विकास भयो ।

५) ची पेन यु ची.क.पा.को संवैधानिक मुखपत्र हुङ ची- लालझन्डाका सम्पादक थिए ।

**स्रोत : माओ, चुनिएका रचना, श्रमिकवर्ग प्रकाशन भारतद्वारा अङ्ग्रेजीमा प्रकाशित ग्रन्थ ९ को पृ. ३३७–३४४ बाट नेपालीमा अनुवाद गरिएको हो।**

**अनुवादक : हेमन्तप्रकाश वली ‘सुदर्शन’**

# जनपक्षीय कला–साहित्य र सांस्कृतिक कार्य



खेम थपलिया

कलाको अर्थ निर्माण हो। उद्देश्यपूर्ण श्रम यसको स्रोत हो। कला ज्ञानको पनि स्रोत हो। कला यथार्थको सिर्जनात्मक पुनरुत्पादन हो। कला सामाजिक चेतना र मानव क्रियाकलापको विशिष्ट रूप हो। वस्तु र चेतनाको विकाससँगै कलाको पनि विकास हुँदै आएको छ। कला वैचारिक सङ्घर्षको महत्वपूर्ण साधन हो। यसको रूपान्तरणकारी भूमिका हुन्छ। संज्ञानात्मक, विचारधारात्मक तथा सौन्दर्यात्मक तरिकाले कला अभिव्यक्त हुन्छ। कलाले जीवन र जगत्को यथार्थबोध गर्न मानवज्ञानका सम्पूर्ण क्षेत्रलाई समेटेको हुन्छ। कला सामाजिक परिवेशबाट कहिल्यै स्वतन्त्र हुन सक्दैन। कलाले जीवन र जगत्को सौन्दर्यबोध गराउँछ। कला बिम्बमार्फत अभिव्यक्त हुन्छ। कला सौन्दर्यात्मक मूल्य हुन्छ। लेनिनले कला-साहित्यलाई सर्वहारावर्गीय उद्देश्य पूर्ति गर्ने यात्राको अभिन्न सहयात्री मान्नुभएको छ। सबैभन्दा उन्नत समाजवादी यथार्थवादी कलाका संस्थापक म्याक्सिम गोर्की हुन्।

कलाका दुई प्रकारमध्ये उपयोगी कलाअन्तर्गत शिल्प, कौशल, शारीरिक बनावट, केशसज्जा, भवन निर्माण, डिजाइन, फेसन, पार्करचना, दैनिक प्रयोगमा आउने वस्तुहरू पर्दछन्। ललितकलाअन्तर्गत वास्तु, मूर्ति, सङ्गीत, साहित्य आदि पर्दछन्। 'कला कलाका लागि' भन्ने कलावादी जर्मनी दार्शनिक कान्टका जस्ता जीवन विरोधी चिन्तनका विरुद्ध कला जीवनका लागि, कला जनताका लागि, कला परिवर्तनका लागि जस्ता मार्क्सवादी कला चिन्तनको पक्षपोषण गर्नुपर्दछ। मार्क्सले भन्नुभएको छ, "मानिसका श्रममूलक क्रियाकलापकै प्रतिफलका रूपमा कलाको उत्पत्ति भएको हो।" एङ्गेल्सले कलाको उत्पत्ति श्रमबाट भएको बताउनुभएको छ। भाषा-साहित्य कलाका विशिष्ट रूप हुन्। भाषा सङ्केतहरूको यादृच्छिकता हो। शब्दको माध्यमद्वारा यथार्थको कलात्मक प्रतिबिम्बन गर्नु नै साहित्य हो। साहित्यमा भाषा, भाव, विचार र रूपविधानजस्ता तत्वको आवश्यकता पर्दछ। साहित्य समाजको युगीन तथा सामूहिक चेतनाको कलात्मक अभिव्यक्ति हो। यसले गतिशील यथार्थको उद्बोधन गर्दै समाजको समतामूलक एवम् आमूल रूपान्तरणका लागि महत्वपूर्ण योगदान पुऱ्याउँछ। माओले अर्धसामन्ती र अर्धऔपनिवेशिक मुलुकमा कला-साहित्यिक आन्दोलनात्मक प्रकृतिको व्याख्या गर्नुभएको छ। लेनिनले सौन्दर्यशास्त्रका यथार्थको कला-साहित्यसँगको सम्बन्ध, साहित्यमा चित्रणको अर्थात् प्रतिबिम्बनको सामग्री, कला-साहित्यमाथि सामाजिक प्रभाव, कला-साहित्यको वर्गीय पक्षधरता, लेखकीय स्वतन्त्रता र प्रतिबद्धता तथा कला सिर्जनाको उद्देश्यमाथि प्रकाश पार्नुभएको छ। जर्ज लुकासले भन्नुभएको छ, "आधुनिकतावाद कलाको समृद्धीकरण होइन, बरु कलाको निषेध हो।"

**१. कला–साहित्यको वर्गीयता**

हेगेलको आदर्शवादी द्वन्द्ववाद, फायरबाखको अधिभूतवादी भौतिकवाद र चार्ल्स डार्बिनको विकासवादबाट कार्ल मार्क्सले हेगेलीय द्वन्द्ववाद, फायरबाखीय भौतिकवाद र डार्बिनको विकासवादलाई वैज्ञानिक संश्लेषण गरेर ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण निर्माण गर्नुभयो। मार्क्सले आदर्शवादी स्वर्गमा अधिभूतवादी पञ्जाले जकडिएको कला-साहित्यलाई ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणले समृद्ध गर्नुभयो। लेनिनले कला-साहित्यको पक्षधरतालाई स्पष्ट पार्दै 'जनताका लागि कला-साहित्य' मा जोड दिनुभयो। 'पार्टी सङ्गठन तथा पार्टी साहित्य' (सन् १९०५) शीर्षकको लेखलगायत सामग्रीमा उहाँले यसको वर्गीय पक्षधरतामाथि प्रकाश पार्नुभएको छ। 'कला किन र कसका लागि' भन्ने जवाफमा माओले 'क्रान्ति, परिवर्तन र जनताका लागि' भन्नुभएको छ। वर्गीय समाजमा कला-साहित्यको वर्गीय चरित्र हुने गर्दछ। कलाकृतिहरू समाजको वर्गसंरचना तथा वर्गहितहरूको परिणामस्वरूप उत्पन्न वर्गीय मनोविज्ञानका आधार निर्माण हुन्छन्। कला-साहित्य वैचारिक सङ्घर्षका महत्वपूर्ण साधन हुन्।

लु सुनले लेखकहरूले हस्तक्षेप र रूपान्तरणका लागि लेख्नुपर्छ भन्नुभएको छ। साहित्यले सर्वहारावर्गको सेवा, पक्षधरता, सर्वहाराको दृष्टिक्षितिज निर्माणको भूमिका खेल्नुपर्दछ। साहित्यको वर्ग हुन्छ र साहित्यकारले वर्गको पक्ष लिन्छन्। कला-साहित्य उत्पीडित, शोषित, दमितवर्गको पक्षमा उभिनुपर्छ। माओले भन्नुभएको छ, "संसारमा आज सबै संस्कृति, सबै साहित्य र कला विशेष वर्गका अधीनमा छन् र विशेष राजनीतिक दिशातिर हाँकिएका छन्।" त्यसैगरी, हार्वड फास्टले भन्नुभएको छ, "लेखकहरू पछाडि बसेर होइन, अघिल्लो मोर्चामा बसेर अघि बढ्नुपर्छ। सर्वसाधारण जनतालाई यथार्थको स्वरूपबारे जानकारी गराउनु उनीहरूको काम हो। त्यसमा नै उनीहरूको कला र उनीहरूको गौरव रहेको हुन्छ किनभने उनीहरूको कामको स्वरूपले गर्दा नै उनीहरूका निम्ति मानवीय आशा, डर र दुःखकष्ट र विजयको सार निकाल्न सम्भव हुन जान्छ।" मार्क्स र एङ्गेल्सले कला-साहित्यलाई विचारधाराको एउटा रूप मान्दै यसको जन्म समाजको भौतिक आधारलाई मान्नुभएको छ। लेनिनको विचारमा कला-साहित्य सर्वहारावर्गको साझा उद्देश्यको एक अङ्ग बन्नुपर्छ, समस्त मजदुरवर्गको अभिन्न र महान् सामाजिक जनवादी मेसिनको 'दाँती र पेच' हुनुपर्छ। आम जनसमुदायको जीवन नै क्रान्तिकारी कला र साहित्यको एक मात्र स्रोत हो। माओले येनान गोष्ठीमा राजनीतिको नेतृत्वमा साहित्य 'पोलिटिक्स इन कमान्ड' बताउनुभएको छ।

पेरिस कम्युन (१८ मार्च सन् १८७१), बोल्सेभिक क्रान्ति (सन् १९१७), चिनियाँ क्रान्ति (सन् १९४९), नेपाली जनयुद्ध (२०५२-२०६२) सम्म राजनीति र कला-साहित्यको सम्बन्ध सुपष्ट रूपमा गाँसिएर आएको छ। माओले कला र राजनीतिको अभिभाज्य सम्बन्धको विश्लेषण गर्दै कलालाई वर्गीय राजनीतिअन्तर्गत राख्नुभएको छ। कला-साहित्यमा सर्वहारावर्गीय पक्षधरता, विचारधारात्मक प्रतिबद्धता, राजनीतिक प्रतिबद्धता र साङ्गठानिक प्रतिबद्धता हुनैपर्दछ। उत्तर-आधुनिकतावाद सांस्कृतिक साम्राज्यवादको साहित्यिक सिद्धान्त हो। यो पुँजीवादको विफलताबाट जन्मिएको हो। विसङ्घटन, महावृत्तान्तको अन्त, यथार्थको अन्त, लेखकको मृत्यु, विखण्डित मानव व्यक्तित्व र इतिहासको अन्त उत्तर-आधुनिकतावादका विशेषता हुन्। वर्गमुक्ति आन्दोलनलाई रोक्नु नै उत्तर-आधुनिकतावादको मूल उद्देश्य हो। कला-साहित्य जीवन-जगत्को व्याख्या-विश्लेषण वा आलोचना मात्र होइन, समाजको आधार भूत परिवर्तनको साधनसमेत हो र यही प्रक्रियामा नै यो मानवमुक्तिको सङ्घर्षको व्यापक प्रक्रियाको अङ्ग बन्ने गर्दछ। निकोलाई ओस्त्रोब्स्कीले भन्नुभएको छ, "किताबहरू थोरै नै होऊन् तर ती राम्रा होऊन्। सामूहिकतामै हामीले शिक्षा पाएका छौं भन्ने कुरा नबिर्सौं। जुन दिन हामीले हाम्रो सामूहिकतामा छोड्छौं, त्यही दिन हाम्रो अन्त हुन्छ। एउटा लेखकले इमानदारीपूर्वक, आफ्नो देशका अन्य निर्माताझैं काम गरिरहनुपर्दछ। उसको मानसिकता जस्तो होस्; समय मिलोस् नमिलोस्

*वर्गीय समाजमा कला-साहित्यको वर्गीय चरित्र हुने गर्दछ। कलाकृतिहरु समाजको वर्गसंरचना तथा वर्गहितहरुको परिणामस्वरुप उत्पन्न वर्गीय मनोविज्ञानका आधार निर्माण हुन्छन्। कला-साहित्य वैचारिक सङ्घर्षका महत्वपूर्ण साधन हुन्।*

किनभने श्रम नै सबै घाउहरूको मलहमपट्टी हो।" कला-साहित्यसम्बन्धी दुई दृष्टिकोण रहेका छन्। बुर्जुवा दृष्टिकोणमा कला-साहित्यको उद्देश्य यसप्रकार रहेका छन्ः (क) कला-साहित्य अरूका निम्ति होइन, आफ्नै मन बहलाउन (स्वान्त सुखाय) का लागि सिर्जना गरिन्छ। (ख) कला-साहित्य केवल मनोरञ्जनका साधन हुन्, यिनको अन्य सामाजिक उद्देश्य हुँदैन। (ग) जसमा सबैको हित गर्ने भावना हुन्छ, त्यही साहित्य हो। (घ) कला-साहित्य स्वतन्त्र र पवित्र कुरा हुन्, यसलाई राजनीतिसित जोड्नुहुँदैन। (ङ) कला कलाकै निम्ति हुन्। यसैगरी, मार्क्सवादी दृष्टिकोणमा कला-साहित्यको उद्देश्य निम्न रहेका छन्ः (क) कला-साहित्य र संस्कृतिका अङ्गहरूलाई निर्विवाद रूपमा क्रान्तिको साधानको रूपमा प्रयोग गर्नुपर्दछ। (ख) दुश्मनका जालझेलपूर्ण सैद्धान्तिक धरातल भत्काई जनक्रान्तिको सैद्धान्तिक पृष्ठभूमि तयार पारेर जनतालाई चेतनशील र सङ्गठित पार्न एवम् सर्वहारावर्गको पक्षमा उमङ्ग र उत्साहलाई अन्तिम विजयसम्म दिगो र दरिलो राख्न क्रान्तिकारी अग्रिम दस्ताको भूमिका निर्वाह गर्नुपर्दछ। (ग) कला-साहित्यको क्षेत्रमा ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण लागू गर्नुपर्दछ। (घ) कला-साहित्यलाई क्रान्ति, जनता र परिवर्तनको पक्षमा लगाउनुपर्दछ। (ङ) कला-साहित्यलाई राजनीतिसित अन्योन्याश्रित रूपमा र वर्गीय पक्षधरतासित जोड्नुर्दछ। (च) कला-साहित्यलाई सांस्कृतिक क्रान्तिको भावधारासित जोड्नुपर्दछ।

**२.मार्क्सवादी सौन्दर्यशास्त्र र नयाँ यथार्थ**

सौन्दर्यशास्त्र कलाको दर्शन हो। उत्पादनका निम्ति सङ्घर्ष, वैज्ञानिक प्रयोग र वर्गसङ्घर्षका बीचबाट दर्शनको जन्म भएको मानिन्छ। सौन्दर्यशास्त्रलाई 'ब्युटी अफ साइन्स' अर्थात् सुन्दरताको विज्ञान पनि भनिन्छ। मानिसले आफ्ना भौतिक आवश्यकताको परिपूर्तिको प्रक्रियामा प्रकृतिसँग सङ्घर्ष-सहकार्य गर्दा सौन्दर्यको जन्म भएको मानिन्छ। सौन्दर्यशास्त्र मानवीय संवेदना, स्वत्व र सिर्जनात्मक ऊर्जासित सम्बन्धित छ। साहित्य, सङ्गीत, नृत्य, चित्र, मूर्ति, स्थापत्य, रङ्गमञ्च, चलचित्र आदि कलाबाट सौन्दर्य उत्पन्न हुन्छ। सामाजिक जीवन, कला-साहित्य र संस्कृतिमा परिवर्तित सुन्दरसम्बन्धी धारणा, सौन्दर्यबोध, सौन्दर्यपरक आदर्श, नयाँ सौन्दर्यमूल्य, रुचि, वर्गीय चेतनाका साथै कुरूप र सुरूपको ध्रुवीकरण, सौन्दर्यानुभूति, सामूहिकता, उत्तर-आधुनिकता र त्यसका मूल्यहरूको प्रतिरोध, आतङ्क र आनन्दको अनुभूति, त्याग र समर्पणमा सुन्दरताको अनुभूतिजस्ता सुन्दरसम्बन्धी धारणा नै सौन्दर्यशास्त्रसम्बन्धी धारणा हुन्। सौन्दर्यशास्त्रको शाब्दिक अर्थ संवेदना/अनुभूति हो। सौन्दर्यशास्त्रलाई संवेदनात्मक ज्ञानको विज्ञान पनि भनिन्छ। दर्शनकोशका अनुसार सौन्दर्यशास्त्रको उत्पत्ति साढे दुई हजार वर्षपहिले दास-मालिक समाजको युगमा मिश्र, बेबिलोन, भारत र चीनमा भएको थियो। सौन्दर्यशास्त्र शब्दको सर्वप्रथम सन् १७५० मा संवेदन क्षमताको अर्थमा जर्मनीका अलेकज्यान्डर बाउम गार्टेनले प्रयोग गर्नुभएको थियो। कलाका सिद्धान्तकार गार्टेनले सौन्दर्यशास्त्रसम्बन्धी पुस्तक नै लेख्नुभएको पाइन्छ।

सोभियत विश्वकोषका अनुसार "सौन्दर्यशास्त्र दर्शनशास्त्रको त्यो शाखा हो, जसमा मानवीय मूल्यको संसारसितको सम्बन्धको विशिष्ट प्रकटीकरणका रूपमा सौन्दर्यात्मक र मानवीय कलात्मक गतिविधि दुवै क्षेत्रको अध्ययन गरिन्छ।" अधिभौतिकवादी दृष्टिले वस्तुको सङ्गीतपूर्ण संरचना, तौल, रङ आदिमा सुन्दरता देख्दछ भने द्वन्द्वात्मक भौतिकवादले सौन्दर्यलाई सामाजिक जीवन र मानवजातिसँग सम्बन्धित वस्तुको गुण मान्दछ। मार्क्सवादी सौन्दर्यशास्त्र क्रान्तिकारी चिन्तनको संश्लेषणसित सम्बन्धित छ। जीवन र जगत्को व्यापक र उच्च धरातल कलात्मक प्रतिबिम्बन गर्नु मार्क्सवादी सौन्दर्यशास्त्रको क्षेत्र हो। यथार्थको विरोध, पक्षधरताको त्याग, वर्ग-समन्वयको पक्षपोषण, विचारधारात्मक र संज्ञानात्मक तत्वको बहिस्कार, न्यायपूर्ण युद्धको विरोध, कला र राजनीतिलाई पृथकीकरण, प्रतिबद्धताको विरोध र रूपवाद र उत्तर-आधुनिकतावादतिर आकर्षिने मार्क्सवादी विचलनबाट सौन्दर्यशास्त्रीय संशोधनवाद सुरु हुन्छ। संसारको व्याख्या र विश्लेषण मात्र होइन, त्यसलाई बदल्ने र रक्षा गर्ने प्रक्रियामा यसले सौन्दर्यबोध गर्दछ। मार्क्सवादी सौन्दर्यशास्त्रले कलाको मूल्य, त्यसको सार र सामाजिक चेतनाका रूपहरूसँगको सम्बन्धमाथि प्रकाश पार्दछ। लेनिनले सौन्दर्यशास्त्रका यथार्थको कला-साहित्यसँगको सम्बन्ध, साहित्यमा प्रतिबिम्बनको सामग्री, कला-साहित्यमाथि सामाजिक प्रभाव, कलासाहित्यको वर्गीय पक्षधरता, लेखकीय स्वतन्त्रता र प्रतिबद्धता र कला सिर्जनाको उद्देश्यमाथि प्रकाश पार्नुभएको छ। माओले राष्ट्रियतालाई सौन्दर्यतत्वमा सैद्धान्तिक रूपमा प्रवेश गराउनुभएको मानिन्छ। नेपालमा कम्युनिस्ट पार्टीको स्थापना (२००६) सँगै मार्क्सवादी सौन्दर्यशास्त्रको चर्चा सुरु भएको हो। मार्क्सवादी सौन्दर्यशास्त्र मार्क्सवादका तीन सङ्घटक अङ्ग (दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद) सित अभिन्न रूपमा जोडिएको छ। मार्क्सवादी सौन्दर्यशास्त्र मार्क्सदेखि माओसम्मका दार्शनिक तथा वैचारिक चिन्तकहरूले विकास गर्नुभएको सौन्दर्यसम्बन्धी धारणाको मोठ रूप हो। सौन्दर्यशास्त्रीय मूल्यका दृष्टिले येनान गोष्ठीमा माओले दिनुभएको कला-साहित्यसम्बन्धी प्रवचनको सर्वोपरि महत्व छ। 'येनान गोष्ठीमा साहित्य र कलाबारे प्रवचन' (सन् १९४२) ले प्रतिबद्धता, सांस्कृतिक सेना, आधार अधिरचनाबीचको द्वन्द्वात्मक सम्बन्ध, रूप र अन्तर्वस्तु, संयुक्त मोर्चा, इतिहासको मूल्याङ्नजस्ता गहन र सार्वभौमिक विचार प्रस्तुत गरेको छ। म्याक्सिम गोर्कीले भन्नुभएको छ, "समाजको सौन्दर्यपरक चेतनाको स्तर प्रतिबिम्बित हुने कला-साहित्यमा कलात्मक बिम्बको मूर्त रूप दिने विचारधारात्मक शिक्षा-दीक्षा मात्र होइन कि भावनात्मक शिक्षा र मानिसलाई आनन्द र प्रेरणाको स्रोत दिने ज्ञानसिद्धान्त सौन्दर्यशास्त्र हो।" मार्क्सवादी सौन्दर्यशास्त्रका सुन्दर, उदात्त, त्रासदी र प्रहसनात्मक आदि आधारभूत प्रवर्ग रहेका छन्।

भीषण वर्गद्वन्द्वको रूपमा विकास भएको जनयुद्धले नयाँ यथार्थको जन्म गराएको हो। यो फौजी-राजनीतिक युद्ध मात्र नभएर समग्र युद्धको संश्लेषित रूप हो। जनयुद्धले प्रतिक्रियावादी राज्यसत्ता र चिन्तनका सबै क्षेत्रमा यसले जबर्जस्त धक्का दिएको थियो। जनयुद्ध कुनै आकस्मिक र एकलकाँटे घटना नभएर सचेततापूर्वक उद्देश्यपूर्ण ढङ्गले सुरु गरिएको राजनीतिक-ऐतिहासिक कार्य थियो। जनयुद्धकालमा पुरानो ध्वंस हुन थालेपछि त्यसका ठाउँमा नयाँ जनसत्ताको भ्रुणहरू जन्मिए। धार्मिक हैकम, राजतन्त्र, जातीय, क्षेत्रीय, लैङ्गिक उत्पीडनविरुद्ध धर्मनिरपेक्षता, गणतन्त्र, स्वतन्त्रता, समानताजस्ता कुराले ठाउँ लिए। परम्परागत प्रतिक्रियावादी राज्यसत्ताको विकल्पमा जनताको सत्ता स्थापना गर्न सम्भव छ भन्ने कुरामा जनविश्वास बढ्दै गयो। प्रतिक्रियावादी र संशोधनवादी मात्र होइनन्, साम्राज्यवादी र विस्तारवादी शक्तिहरू एक भएर हजारौंको हत्या, गिरफ्तारी र बेपत्ता पार्दा पनि विद्रोह र प्रतिरोध रोकिएन। विचारधारा, राजनीति र वर्गयुद्धका सन्दर्भमा एकीकृत बन्दै प्रतिरोध र आक्रमणका समस्त शृङ्खलासँग जोडिएका घटनाक्रमले नयाँ यथार्थको वस्तुगत पक्षको निर्माण गरेका छन्। २०५४ साल चैत २६ गते कालीकोटका निःशस्त्र महिलाहरूले आफूमाथि दमन गर्न आएका प्रहरीको हतियार खोस्नु, २०५३ मङ्सिर १ गते रोल्पाको मिरुलमा कुमारी बुढालाई जिउँदै आँखा निकाली शरीरमा मट्टीतेल खन्याई जलाएर मारिँदा पनि पार्टीको गोपनीयता कायम राख्नु, २०५३ पुस १९ गते बेथान प्रहरी चौकीमा आक्रमण गर्दा दिलमाया योञ्जनले सहादत प्राप्त गरी पहिलो सैन्य महिला सहिद हुनु तथा २०५७ चैत १८ गते गोरखा जेलमा रहेका ६ जना महिला बन्दीहरूले कमरेड शिलुको नेतृत्वमा सुरुङ खनेर जेलब्रेक गर्नुजस्ता वीरता र बलिदान जनयुद्धीय सौन्दर्यका परिचायक हुन्।

जनयुद्धबाट सिर्जित यथार्थ नै नयाँ यथार्थ हो। जनयुद्धकालमा सौन्दर्यचिन्तनको क्षेत्रमा विकास भएको नवीनता र मौलिकता नै जनयुद्धको सौन्दर्यशास्त्र हो। यो असीम त्याग, वीरता, बलिदान र शौर्यका अनगिन्ती शृङ्खलाबाट निर्माण भएको छ। जनयुद्ध कलम, मादल र बन्दुकको फ्युजन हुँदै प्लाटुन, कम्पनी र बटालियनस्तरमा सांस्कृतिक आन्दोलन अघि बढेको थियो, जहाँ १७० भन्दा बढीले सहादत प्राप्त गरेका छन्। कृष्ण सेन 'इच्छुक' को बलिदान यसको उच्चता हो। माओवादी पार्टीमा टुटफुट र विभाजन आए पनि क्रान्तिकारी आशा र बिम्ब विभाजित नहुनु क्रान्तिकारी र जनयुद्धीय सौन्दर्यचेतना हो। माओले सन् १९४५ को जुन महिनामा सातौं पार्टी महाधिवेशनलाई सम्बोधन गर्दै 'पहाड पन्छाउने बूढो मान्छे' को कथा भन्नुभएको थियो। त्यो बूढो मान्छेको घरअघि 'ताइहाङ' र 'वाङ्बु' ठूला पहाड थिए। त्यो मान्छे निरन्तर प्रयास गरे पहाड सम्याउन सकिने विश्वास गर्दथ्यो। ती बूढो मान्छेजस्तै एकीकृत जनक्रान्ति पक्षधरहरूसित क्रान्तिकारी आशावाद रहेको छ। क्रान्ति र मुक्तिको मूल्यबोधको चेतना 'रातो लालटिन' को जस्तो उच्च भावनाको वर्गीय चेतना हुँदै महान् सर्वहारा सांस्कृतिक क्रान्तिको उदात्त चेतनासम्म विस्तार भएको छ। जनयुद्धीय सौन्दर्यशास्त्रले ध्वंस र निर्माणको द्वन्द्वात्मक सम्बन्ध अनि आनन्द र आतङ्कको द्वन्द्वात्मक सम्बन्धलाई उजागार गर्दै क्रान्ति र परिवर्तनका लागि सङ्घर्षका सबै रूपहरूलाई सौन्दर्यात्मक ढङ्गले आत्मसात् गरेको छ। वैज्ञानिक समाजवादी क्रान्तिचेत मार्क्सवादी सौन्दर्यशास्त्रको सौन्दर्यदृष्टि हो। नयाँ यथार्थ/जनयुद्धको सौन्दर्यशास्त्रीय सौन्दर्यदृष्टि पनि यही हो। यसको सार निरन्तर क्रान्तिको सौन्दर्यचेतनामा आधारित छ। नयाँ यथार्थ सामन्तवादी सोच, बुर्जुवा आधुनिकतावाद, उत्तर आधुनिकतावाद, सबैखाले संशोधनवाद र भ्रष्टीकरणका विरुद्ध उभिएको छ। नयाँ यथार्थ गतिशील यथार्थ हो र समाजवादी-यथार्थवादी यसको रचना विधि हो। जनयुद्धको सौर्न्यशास्त्र मालेमावादी सौन्दर्यशास्त्रकै निरन्तरता र उच्चता हो। जनयुद्धीय सौन्दर्यशास्त्रले जीवन र मृत्युको मूल्यबोध गराउँदै क्रान्तिको विकास हुने कुरामा विशवास गर्दछ। एकीकृत जनक्रान्तिले नयाँ यथार्थ र जनयुद्धीय सौन्दर्यशास्त्रको अन्तर्वस्तु वहन गरेको छ।

**३. सांस्कृतिक रूपान्तरण**

सांस्कृतिक रूपान्तरणको चर्चा गर्दा सबैभन्दा पहिला संस्कृतिका निम्न विशेषता उल्लेख गर्न आवश्यक हुन्छः (क) संस्कृति समय र ठाउँअनुसार फरक फरक हुन्छ। (ख) संस्कृतिलाई भाषाले प्रभाव पार्दछ। (ग) संस्कृति मानिसले निर्माण गर्दछन्। (घ) संस्कृति सिक्ने व्यवहार हो। (ङ) संस्कृति गतिशील हुन्छ। (च) संस्कृति हस्तान्तरित हुन्छ। (छ) प्रत्येक समाजको आफ्नो विशिष्ट संस्कृति हुन्छ। (ज) संस्कृतिमा सामाजिक गुण हुन्छ। (झ) संस्कृति सभ्यताको प्रतिबिम्बिन हो। यसै सन्दर्भमा कम्युनिस्ट नैतिकता प्रसङ्ग पनि सँगसँगै आउँछ। कम्युनिस्ट नैतिकताका निम्न पक्षहरू उल्लेख्य रहेका छन्ः (क) पार्टी र क्रान्तिका लागि सङ्घर्ष गर्नमा आफ्नो जीवन अर्पण गर्नु। (ख) पार्टीका लागि कठीन काम गर्नु, पार्टीको अनुशासन मान्नु। पार्टीको कार्यदिशा एवम् नीतिहरू कार्यान्वयन गर्नु। (ग) पार्टी र श्रमजीवी जनताको हितलाई आफ्नो हितभन्दा पहिले र माथि राख्नु। (घ) दिलोज्यानले जनताको सेवा गर्नु, जनता र पार्टीका लागि निःस्वार्थ रूपले सङ्घर्ष गर्नु तथा हरेक कुरामा दृष्टान्त हुनु। (ङ) आफ्नो सैद्धान्तिक स्तर उठाउनु, आफ्नो काममा सुधार ल्याउनु, आफ्ना कमरेडहरू सँगसँगै प्रगति गर्नका लागि मार्क्सवाद-लेनिनवाद-माओवादको अध्ययन गर्नु तथा निरन्तर रूपमा आलोचना र आत्मालोचनाको प्रयोग गर्नु।

मानिसको श्रम, सीप र कौशलको केन्द्रीकृत रूप संस्कृति हो। मानिसले प्रकृतिसित सङ्घर्ष गर्ने प्रक्रियामा संस्कृतिको जन्म भएको मानिन्छ। समाज विकासको ऐतिहासिक प्रक्रियामा निर्मित भौतिक र आत्मिक मूल्यको समुच्चय नै संस्कृति हो। मानिसद्वारा उत्पादनका निम्ति गरिने सङ्घर्ष, वर्गसङ्घर्ष र वैज्ञानिक प्रयोगका प्रक्रियामा प्राप्त गुणात्मक उपलब्धिको स्तर भौतिक संस्कृति हो भने मानिसको प्रकृति तथा सामाजिक जीवनसम्बन्धी संस्कृति आत्मिक संस्कृति हो। कुनै पनि संस्कृति कुनै पनि समाज विशेषको राजनीति र अर्थतन्त्रको विचारधारात्मक प्रतिबिम्ब हो। म्याक्सिम गोर्कीको भाषामा मानवीकृत दोस्रो प्रकृति नै संस्कृति हो। नेपालमा लामो समयदेखि राष्ट्रिय र अराष्ट्रिय, जनवादी र जनविरोधी तथा वैज्ञानिक र अवैज्ञानिक संस्कृतिबीच सङ्घर्ष चल्दै आएको छ। सांस्कृतिक रूपान्तरण भनेको परम्परागत रुढी चिन्तन र व्यवहारलाई परित्याग गर्नु हो। पुरानो विचारधारा तथा संस्कृतिलाई विस्थापित गर्दै नयाँ विचारधारा र संस्कृतिलाई स्थापित तुल्याउनु नै यसको मूल लक्ष्य हो। यसका आत्मिक सङ्घर्ष, अन्तर्सङ्घर्ष र वर्गसङ्घर्षजस्ता तीन चरण छन्। सांस्कृतिक रूपान्तरण सर्वहारा सांस्कृतिक क्रान्तिको प्रक्रियामा हुन्छ। सांस्कृतिक रूपान्तरण भनेको सामन्ती, पुँजीवादी तथा निम्न पुँजीवादी संस्कृति र सबै किसिमका संशोधनवादी विश्वदृष्टिकोणका विरुद्ध सर्वहारा संस्कृतिको अवलम्बन गर्नु हो। यो वर्गीय र भावनात्मक रूपान्तरण अनि आत्मकेन्द्री व्यक्तिवादको विरोध र वैज्ञानिक समाजवादलाई अवलम्बन गर्ने प्रश्नसित सम्बन्धित छ। सर्वहारावर्गीय आदर्श, इमानदारिता तथा मालेमावादी सैद्धान्तिक प्रतिबद्धता आधारभूत सांस्कृतिक मानक हुन्। सांस्कृतिक रूपान्तरण सारतः ज्वारभाटाबाट सिर्जना हुने नवीन मूल्यमा आधारित हुन्छ।

लक्ष्यमा अघि बढ्नु, नीति, नियम, आचार-संहिता पालना गर्नु, कम्युनिस्ट नैतिकता, आदर्श र जीवनशैली अपनाउनु, आफ्नो वर्गप्रति प्रेम र वर्गबैरीप्रति घृणा गर्नु,

... बाँकी पृष्ठ ७ मा

## कविता

### रातो तारा

अतृप्त पाण्डेय



रगतसित साटिएको रातो तारा थियो
हाम्रो शिरको टोपीमाथि
उफ्काइँदा हुने भा' छन् भोलिपर्सि
आफ्नैहरू आजभोलि भैदिँदा फाल्तु सत्ताको
नि साथी !

उच्च सपना थियो हाम्रो सबै मिली यो
देशको मुहारै पो फेर्ने
समानताको रातो झन्डामुनि सधैँभरि
निमुखाको प्यारो शासनसत्ता हेर्ने
मर्नैपर्ने भए पनि मर्छौं भन्ने लिँदै सधैँ आँट
ठूलो
पूर्वपश्चिम, उत्तरदक्षिण पुगेकाथ्यौँ
जनजनको आससँगै पाई सधैँ साथ ठूल्ठूलो
हाम्रो बाटोघाटो छेक्न खोज्दै
आइरन्थे घरिघरि अनेकथरी व्याधी
झटपट पाइला अघि साथ्यौं हुँदै फेरि आँधी
रगतसित साटिएको रातो तारा थियो
हाम्रो शिरको टोपीमाथि
उफ्काइँदा हुने भा' छन् भोलिपर्सि
आफ्नैहरू आजभोलि भैदिँदा फाल्तु सत्ताको
नि साथी !

दुःखकष्ट सबै भुल्दै हिँडेकाथ्यौँ सधैँभरि
सम्झी लक्ष्यको नै बाटो
भोक मेट्न पाए हुन्थ्यो सागसिस्नुसितै
मकैको नै फाँको
अर्जुनको जस्तै लिँदै फेरि लक्ष्य मात्रै देख्दो
यो जोडी आँखो
अँध्यारोमै जँघार तर्थ्यो हातमा हुन्थ्यो
बलिराको राँको
मोड घुम्ती पार गर्थ्यौं अनि पार्दै ठूलो छाती
दिनजस्तै लाग्थ्यो त नि औँसीको नि राति
जति लड्थ्यौँ, उति उठ्थ्यौँ लिँदै ठूलो शिक्षा
अर्ती
सबका लागि एउटै पाछौं भन्दै शासन
सत्तासितै यो धर्ती
ढल्थे साथी रगत छादी भन्थे हामीलाई नै
फेरि
मुक्तिको यो नासो अब छोड्यौ लौ है हामीले
तिमीलाई नै साथी
सम्झिल्याउँदा त्यो मित्र वचन आजभोलि
पोल्ने भा' छ छाती
रगतसित साटिएको रातो तारा थियो
हाम्रो शिरको टोपीमाथि
उफ्काइँदा हुने भा' छन् भोलिपर्सि
आफ्नैहरू आजभोलि भैदिँदा फाल्तु सत्ताको
नि साथी !

(मार्ग २५,२०६८ को राष्ट्रिय साप्ताहिक नेपालमा भोजराज भाट लिबाङ (रोल्पा) को प्रकाशित अल बिदा माओवाद लेखसँग सम्बन्धित भएर प्रकाशित आवरणपृष्ठको चित्र हेरेपछि लिखित कविता।)

# देशभर नेकपाका नेता कार्यकर्ता पक्राउ

■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका पर्सा जिल्ला इन्चार्ज लक्ष्मण उप्रेती 'आर्जन' लाई प्रहरीले गिरफ्तार गरेको छ । उनलाई आइतबार अपराह्न गिरफ्तार गरिएको हो । नेकपा नारायणी ब्युरो इन्चार्ज मिलनले सोमबार प्रेसविज्ञप्ति जारी गरी गिरफ्तारीको विरोध गर्दै बिनासर्त रिहाइको माग गरेका छन् । मिलनले आफ्नो पार्टीका स्थायी समिति सदस्य प्रकाण्ड, पोलिटब्युरो सदस्यहरू कमरेड पदम राई, ओमप्रकाश पुन, मोहन कार्की, कृष्ण धमला, केन्द्रीय सदस्य आजाद के.सी., देवनारायण शाहलगायत थुप्रै नेता-कार्यकर्तालाई राजनीतिक आस्थाकै आधारमा अपहरण शैलीमा गिरफ्तार गरी झुठ्ठा मुद्दामा फसाइएको बताएका छन् । विज्ञप्तिमा मिलनले सरकार प्रतिगामी बाटोमा अघि बढिरहेको र देशलाई जबर्जस्त युद्धको बाटोमा धकेलिरहेको जनाएका छन् ।

यसैबीच नेपाल कम्युनिस्ट पार्टीका गोरखा जिल्ला इन्चार्ज योगेन्द्र कुमाललाई प्रहरीले गिरफ्तार गरेको छ । कुमाललाई बिहीबार गोरखाबाट गिरफ्तार गरिएको नेकपा गण्डक ब्युरो कार्यालयले जनाएको छ । राजनीतिक आस्थाका आधारमा जिल्ला इन्चार्ज कुमाललाई पक्राउ गरेको भन्दै नेकपा गण्डकले आपत्ति जनाएको छ । गण्डक ब्युरो इन्चार्ज सावित्रा दुरा 'आस्था' ले आफ्नो पार्टीका नेता-कार्यकर्तालाई बिनाकारण गिरफ्तार र धरपकड गर्नु राज्यको गैरजिम्मेवारीपन भएको बताएकी छिन् । गिरफ्तार गरिएका जिल्ला इन्चार्ज कुमाललाई बिनासर्त रिहा नगरिए सङ्घर्ष गर्न बाध्य हुने उनले बताएकी छिन् । यस्तै प्रहरीले नेकपा निकट क्रान्तिकारी भूमिहीन सुकुम्बासी सङ्घ कास्कीका अध्यक्ष टीकाराम घिमिरेलाई गिरफ्तार गरेको छ । आइतबार आफ्नो घरमा बसिरहेको बेला प्रहरीले घिमिरेलाई गिरफ्तार गरेको हो । नेपाल कम्युनिस्ट पार्टीका ब्युरो सदस्य प्रेम दर्नालको डेरामा प्रहरीले छापामारेको छ । शनिबार बिहान प्रहरीले काठमाडौंमा रहेको डेरामा छापामारेर प्रेम दर्नालका भाइ प्रमेश दर्नाललाई गिरफ्तार गरेको छ । प्रेमका भाइ प्रमेश नेकपा सम्बद्ध नभएको उनको परिवारले जनाएको छ ।

## जनपक्षीय कला ...

विचारअनुरूप आचरण र व्यवहार गर्नु रूपान्तरणका प्रक्रिया हुन् । नेपालको सन्दर्भमा सांस्कृतिक रूपान्तरण भनेको जनयुद्धले सिर्जना गरेको मूल्यमा आएको भयानक स्खलनले पुऱ्याएको नोक्सानीको क्षतिपूर्ति गर्नु पनि हो । लेनिनले भन्नुभएको छ, "सर्वहारा संस्कृति भनेको आकाशबाट झरेर आउने कुरा होइन । सर्वहारा संस्कृति त्यस ज्ञानराशिको स्वाभाविक विकासको देन हुनुपर्दछ, जुन मानवजातिले पुँजीपति समाज, भूमिपतिहरूको समाज र नोकरशाही समाजको जुवामुनि नारिएर सिर्जना गरेको थियो । " राजनीतिलाई कमान्डमा राख्नु, विचारधारात्मक क्षेत्रका समस्यालाई द्वन्द्ववादका आधारमा समाधान गर्नु, विश्वदृष्टिकोणका आधारमा हरक्षेत्रमा दक्षता प्राप्त गर्नु, जनसमुदायलाई साथमा लिएर संशोधनवादविरुद्ध मालेमावादलाई दृढताका साथ अवलम्बन गर्दै नयाँ उचाइमा फड्को मार्दै रूपान्तरणका आधार हुन्छन् ।

समकालीन नेपाली समाजमा धर्म पनि समस्याको रूप उभिएको छ । केही मानिसद्वारा धर्मको खोल ओढेर जनविरोधी र राष्ट्रविरोधी कार्य तीव्र पारिएका छन् । मार्क्सले भन्नुभएको छ, "धार्मिक व्यथा एक साथ वास्तविक व्यथाको अभिव्यक्ति तथा वास्तविक व्यथाको प्रतिवाद दुवै नै हो । धर्म उत्पीडित मानिसको सुस्केरा हो । हृदयहीन संसारको मर्म हो साथै, निरुत्साह परिस्थितिको उत्साह पनि हो । यो जनताका लागि अफिम हो । " लेनिनको भनाइ छ, "जहाँसम्म राज्यको सम्बन्ध हो, धर्मलाई व्यक्तिगत मामिला मान्नुपर्दछ तर जहाँसम्म पार्टीको सवाल हो, हामी धर्मलाई कुनै पनि प्रकारले व्यक्तिगत मामिला मान्न सक्तैनौं । हामीले धर्मको विरोध गर्नुपर्दछ । " यसैमा माओले थप्नुभएको छ, "प्रशासनिक आदेशद्वारा धर्मलाई उन्मूलन गर्न सकिँदैन । " धर्मनिरपेक्ष मुलुकमा एउटा अमूक धर्म प्रवर्द्धन गर्ने अधिकार कसैलाई पनि हुँदैन । धर्म व्यक्तिगत मामिला हो तर यसको अन्यमा असर पर्नुहुन्न । नेपालमा राजनीतिक तथा अन्य स्वार्थका कारण धर्म परिवर्तन हुनुले राष्ट्रिय अस्मितामाथि गम्भीर आँच पुऱ्याएको छ । साथै, एक किसिमको जीवनपद्धतिसँग हिँडिरहेको मानिस वा समुदायलाई अर्को किसिमको जीवनपद्धति वा संस्कृतिमा हिंडाउन र रूपान्तर गर्न अर्को नयाँ बाटो दिनुपर्छ । बाटो बन्द गरेर न अग्रगमनमा जान सकिन्छ न त सांस्कृतिक रूपान्तरण नै हुन्छ । जनसंस्कृति वा सर्वहारा संस्कृति शून्यबाट सिर्जना हुँदैन । वैज्ञानिक जनसंस्कृति निर्माण गर्नु भनेको जनताले निर्माण गरेका विगतका सबै सकारात्मक एवम् उपयोगी सांस्कृतिक पक्षहरूलाई मिलाएर अगाडि बढ्नु हो । समाजमा हजारौं वर्षदेखि हरेक तन्तुमा आनीबानी, संस्कार-संस्कृति अन्तर्घुलित भएर बसेकोले सांस्कृतिक रूपान्तरण तुरुन्ताको तुरुन्त हुँदैन ।

मार्क्सवाद कम्युनिस्ट घोषणापत्रबाट सन् १८४८ बाट सुरु हुन्छ । सन् १८४८ बाट अहिले १७० वर्ष भयो । १७० वर्षको बीचमा संसारको दुईतिहाइ भू-भागमा यसले क्रान्तिको सुनामी चलायो । एकातिर ८-१० हजार वर्ष, पुँजीवादको ४ सय वर्ष र अर्कोतिर मार्क्सवादको १७० वर्षको समयावधिलाई पनि हामीले ख्याल गर्न आवश्यक छ । नेपालमा २००६ सालमा कम्युनिस्ट पार्टी स्थापना भयो । समयावधिको कुरा गर्दा नेपालमा मार्क्सवाद ६८ वर्ष मा पूरा भयो । त्यसैले सांस्कृतिक रूपान्तरणमा अग्रगति प्रदान गर्न प्रचारात्मक र क्रियात्मक दुवै क्षेत्रमा ध्यान दिन आवश्यक छ । मार्क्सवादी दृष्टिकोणका साथ सर्वहारा सांस्कृतिक क्रान्तिद्वारा हामीले सांस्कृतिक रूपान्तरणको कार्यभार पूरा गर्न सक्छौं । यसर्थ, सांस्कृतिक रूपान्तरणमा एकीकृत जनक्रान्तिको गहिरो चासो रहेको छ । क्रान्तिकारी कम्युनिस्ट नैतिकताका साथ सांस्कृतिक रूपान्तरणमा एकीकृत जनक्रान्तिको विशेष जोड रहेको छ ।

बाँकी अर्को अंकमा

## गिरफ्तारीको चौतर्फी ...

आफ्नो पार्टीलाई दमन गरेर सिध्याउने दिवासपना नदेख्न चेतावनी दिँदै दमनले प्रतिरोध जन्माउने र जनतामाथि लुट मच्चाउनेहरूको स्वर्ग ध्वस्त भएको इतिहास नबिर्सन आग्रह गरेका छन् । दमनको बाटो पराजयको बाटो भएको भन्दै आफूमाथिको दमनले सत्ताधारीहरूलाई नै पराजित गराउने कुरा विप्लवले विज्ञप्तिमार्फत् व्यक्त गरेका छन् ।

नेकपाका प्रवक्ता प्रकाण्ड लगायतका नेताकार्यकर्तालाई बिनाकारण गिरफ्तार गरी झुट्ठा मुद्दा लगाएको भन्दै त्यसका विरुद्ध सो पार्टीले आह्वान गरेको १ दिने नेपाल बन्दको प्रभाव देशैभरि परेको छ । नेकपाको बन्दको कारण देशैभरि लामो तथा छोटो दुरीका सवारी साधन ठप्प रहेका छन् भने ठूला शहर र बजार बन्द रहेका छन् । बन्दको प्रभाव पूर्वमा झापाको विर्तामोड, मोरङको विराटनगर, सुनसरीको इटहरी, धरान, जनकपुर, बर्दिवास, चितवन, बुटवल, पोखरा, दाङ, कैलाली कन्चनपुर लगायतका ठूला शहरहरु दिनभर ठप्प रहे । लामो तथा छोटो दुरीका यातायातका साधन पनि ठप्प रहे । यस्तै बन्दको कारण उद्योग धन्दा कलकारखाना र हजारौं शिक्षण संस्थाहरु पनि बन्द रहे । बन्दको दिन काठमाडौं उपत्यकाको सवारी आवागमन समेत प्रभावित हुन पुग्यो । बन्दको दिन देशैभरि बम विस्फोटनका घटनाहरु पनि भएका छन् । यस्तै बन्दकर्ताहरुले बन्द अवज्ञा गरेको भन्दै दर्जन बढी सवारीसाधनमा तोडफोड र आगजनी गरिदिएका छन् ।

यसैबिच नेकपाका स्थायी समिति सदस्य प्रकाण्डलाई मंगलबार काठमाण्डौं जिल्ला अदालतले एक दिनको म्याद थप गरेको छ । यसअघि उक्त अदालत पहिलो पटक ५ दिन र पछिल्लो पटक २ दिनको म्याद थप गरेको थियो । उता सर्वोच्च अदालतले सरकारका नाममा एक आदेश जारी गर्दै प्रकाण्ड लगायतलाई ४८ घण्टाभित्र सर्वोच्चमा उपस्थित गराउन आदेश दिएको छ । प्रकाण्ड लगायत नेकपाका नेता कार्यकर्तालाई पक्राउ गरिएको विषयलाई लिएर चौतर्फी विरोध भइरहेको छ ।

## नेकपाका नेतामाथि ...

प्रकाण्डलाई बुधवार दिउँसो काठमाडौं जिल्ला अदालतमा उपस्थित गरायो । दिउँसो ३ बजेतिर अनुसन्धानका लागि भन्दै म्याद थप गर्न बबरमहलस्थित काठमाडौं जिल्ला अदालतमा उपस्थित गराउने क्रममा हत्कडीमै रहेका प्रकाण्डले पत्रकारले सोधेका प्रश्नको जवाफ दिँदै भने -' हत्कडीको कुरा छोड्नुस जनताको अधिकारका लागि बलिदान दिन तयार छौं । आफूहरु देशको रक्षा र जनताको अधिकारको लागि बलिदान दिन तयार रहेको बताउँदै राष्ट्रिय स्वाधीनता र जनताको अधिकार प्राप्तिका लागि आफू बलिदानी भावसाथ एकीकृत जनक्रान्तिको यात्रामा रहेकोले हत्कडी ठूलो कुरा नभएको प्रकाण्डले बताए ।' अदालत परिसरमै नेता प्रकाण्डले आफ्नो पार्टीले उठाएको राष्ट्रिय स्वाधीनता र जनताको राज्य व्यवस्थाको एजेण्डाप्रति बढ्दो जनलहर देखेर आत्तिएको प्रचण्ड-केपी सरकारले क्रान्तिकारी कम्युनिस्ट र तिनका नेताहरुलाई गिरफ्तार गरेको भन्दै आपत्ति जनाए । उनले भने -'हामीले भ्रष्टाचारी, माफिया, घुसखोर, तस्कर, गुण्डाविरुद्ध र राष्ट्रियताको पक्षमा संघर्ष गरेको देख्न नसकेर सरकारले हाम्रो हातमा हत्कडी हाल्ने काम गरे पनि यो कुराको फैसला नेपाली जनताले गर्ने विश्वास व्यक्त गरे ।' प्रकाण्डसँगै पक्राउ गरिएका उनका सहयोगी हरिचन्द्र आचार्य र मानबहादुर श्रेष्ठले रातभर पाइप र बुटले पिटेको कारण बिरामी परेको बताए । अदालतले उनीहरु सबैलाई ५ दिनको म्याद थपेपछि पुनः हिरासत फर्काइएको थियो ।

प्रकाण्डलाई पाँच दिनपछि निकै बाक्लो सुरक्षाकर्मीका माझ आइतवार काठमाडौं जिल्ला अदालतमा उपस्थित गराइयो । प्रहरीले अनुसन्धानका लागि भन्दै १५ दिनको म्याद थप गर्न माग गरेकोमा अदालतले प्रकाण्डलाई २ दिन मात्र म्याद थप गरी पुनः हिरासतमा पठायो । अदालतमा उनलाई संचारकर्मीसँग कुरा गर्न रोक लगाइयो र जबरजस्ती प्रहरीको गाडिमा कोचेर टेकु लगियो । उनका सहयोगी हरिचन्द्र आचार्य, मानबहादुर श्रेष्ठ र प्रमेश दर्नाललाई भने ३ दिनको म्याद थप्यो ।

यसै सिलसिलामा प्रकाण्डलाई ४८ घण्टाभित्र अदालतमा उपस्थित गराउन सर्वोच्च अदालतले सरकारको नाममा आदेश जारी गरेको छ । सरकारले गैरकानूनी रुपमा गिरफ्तार गरी मानसिक र शारीरिक यातना दिई थुनामा राखेको भन्दै त्यसविरुद्ध खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड'का छोरा नरेन्द्र विश्वकर्माले प्रकाण्डसहित तीन नेताकार्यकर्ताको थुनामुक्त गर्न माग गर्दै आइतबार सर्वोच्चमा दायर गरेका थिए । सोमबार बन्दी प्रत्यक्षीकरणको रिट उपर सुनुवाई गर्दै कायममुकायम प्रधानन्यायधीश ओमप्रकाश मिश्रको एकल इजलासले सरकारलाई सो आदेश दिएको हो । यस्तै प्रकाण्डसँगै पक्राउ गरिएका उनका सचिव हरिचन्द्र आचार्य र मानबहादुर श्रेष्ठलाई पनि सर्वोच्च अदालतमा ४८ घण्टाभित्र उपस्थित गराउन सर्वोच्चले आदेश दिएको छ । निवेदकको तर्फबाट बरिष्ठ अधिवक्ताहरु गोविन्द गौतम, शेरबहादुर केसी, विश्वप्रकाश भण्डारी, एकराज भण्डारी, श्री यदुनाथ खनाल, श्री हरि फुयाल, अधिवक्ताहरु कपिलचन्द्र पोखरेल, राजु अधिकारी, कान्तिराम ढुंगाना, नरबहादुर खड्का, सागरप्रसाद बगाले, नारायणप्रसाद तिवारी र राजदेव अधिकारीले बहस गरेका थिए ।

## तीन कम्युनिस्ट ...

पक्राउ गरेको छ । आफूलाई वाम तथा कम्युनिस्ट बताउने सरकारले कम्युनिस्ट क्रान्तिकारीहरुलाई यसरी गिरफ्तार गर्नु अत्यन्तै विडम्बनापूर्ण, निन्दनीय र दुःखद विषय हो । हाम्रो पार्टी यस प्रकारको गिरफ्तारीको घोर विरोध एवम् भर्त्सना गर्दछ । साथै, हाम्रो पार्टी गिरफ्तार गरिएका कमरेड प्रकाण्डलगायत सबै नेता तथा कार्यकर्ताहरुको विनाशर्त अविलम्ब रिहाई गर्नका लागि सरकारसँग जोडदार माग गर्दछ ।'

यस्तै गोपाल किराती नेतृत्वको पुर्नगठित माओवादी केन्द्रले पनि एक विज्ञप्ति जारी गर्दै नेकपाका नेता कार्यकर्ता पक्राउको विरोध गरेको छ । सो पार्टीका महासचिव कर्णजीत बुढाथोकी 'शुसिल' ले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै पक्राउको विरोध गरेका हुन् । देशमा भ्रष्टाचार, बलात्कार, अपहरण, सीमा अतिक्रमण जस्ता समस्याले देश आक्रान्त पारेको बेला त्यसको समाधान गर्नुको साटो फरक राजनीतिक आन्दोलनमा लागेकै कारण नेकपाका नेता कार्यकर्ताहरुलाई गिरफ्तार गरिरहेको भन्दै शुसिलले सरकारी रवैयाको विरोध गरेका छन् । साथै विज्ञप्तीमा सरकारद्वारा नेकपाका नेता कार्यकर्तामाथि गरिएको गिरफ्तारीलाई गैरकानुनी भएको उल्लेख छ ।

यस्तै ऋषि कट्टेल नेतृत्वको नेकपाले पनि पक्राउको विषयलाई लिएर विरोध गरेको छ । उक्त पार्टीका अध्यक्ष कट्टेलले बुधबार प्रेस वक्तव्य जारी गर्दै प्रकाण्डसहित गिरफ्तारी गरिएका सबै नेताकार्यकर्ताको बिनाशर्त रिहाइ गर्न सरकारसँग जोडदार माग गरेका छन् । उनले विप्लवलगायतका नेता-कार्यकर्ताहरुलाई वारेन्ट जारी गर्ने र शान्तिपूर्ण कार्यक्रमहरुमाथि प्रहरी हस्तक्षेप गर्ने जस्ता कुकार्य समेत रोक्न आग्रह गरेका छन् । आमुल परिवर्तनको निम्ति संयुक्त जनसंघर्षलाई अघि बढाउन उत्पीडित वर्ग तथा समुदायका जनता लगायत सबै न्यायप्रेमी जन समुदायलाई अध्यक्ष कट्टेलले अपिल गरेका छन् । कटेलको विज्ञप्तिमा भनिएको छ- 'प्रकाण्ड मात्र हैन यो पार्टीका थुप्रै नेता-कार्यकर्ताहरु दलाल सरकारको जेलमा रहेका छन् वा अनेकन झुठ्ठा मुद्दा खेपिरहेका छन् । ओली सरकारको यस्तो कुकृत्यको नेपाल कम्युनिस्ट पार्टी घोर निन्दा र विरोध गर्दछ र प्रकाण्डलगायत सबै गिरफ्तार गरिएकाहरुलाई विनासर्त तत्काल रिहाई गर्न जोडदार माग गर्दछ । साथै, विप्लव लगायतका नेता-कार्यकर्ताहरुलाई वारेन्ट जारी गर्ने र त्यसपार्टीले गर्ने शान्तिपूर्ण कार्यक्रमहरुमाथि समेत हस्तक्षेप गर्ने कुकार्य समेत रोक्न नेकपा आग्रह गर्दछ । जनताका आवाजहरुलाई दमनको सहाराबाट दबाउन सकिन्छ भन्ने दुस्वप्न नदेख्न ओली र यिनका दलालहरुलाई नेकपा सचेत गराउछ र आमुल परिवर्तनको निम्ति संयुक्त जन संघर्षलाई अघि बढाउन उत्पीडित वर्ग तथा समुदायका जनता लगायत सबै न्यायप्रेमी जन समुदाय लाई अपील गर्दछ ।'

# संक्षिप्त समाचार

## तामाङहरू सङ्गठित

तामाङ मुक्ति मोर्चा, काठमाडौंको प्रथम जिल्ला सम्मेलन शनिबार सम्पन्न भएको छ । तामाङ मुक्ति मोर्चा नेपालका अध्यक्ष तथा ताम्सालिङ स्वायत्त प्रदेशका प्रमुख माणिक लामाको उपस्थितिमा सम्पन्न सम्मेलनमा तमुवान मुक्ति मोर्चा नेपालका अध्यक्ष मकर गुरुङ, अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की महासचिव धीरेन्द्रा उपाध्याय र नेवाः मुक्ति मोर्चा नेपालका अध्यक्ष राजेन्द्र महर्जन उपस्थित थिए । सम्मेलनले साङ्गे तामाङको अध्यक्षतामा ७ सदस्य पछि थप्ने गरी २५ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ । कार्यसमितिको उपाध्यक्षमा विकास तामाङ र दीप तामाङ, सचिव दिव्य लामा, सहसचिव प्रदीप तामाङ र कोषाध्यक्षमा डोल्मा तामाङ चयन भएका छन् । सदस्यहरूमा बलराम तामाङ, पशुपति थिङ, किरण तामाङ, विशाल तामाङ, टेक लामा, तेज लामा, सञ्जित तामाङ, मदन जिम्बा, सानुकान्छा तामाङ, अम्नि वाइबा, अरुण लामा, कुमाल तामाङ र सोनाम तामाङ रहेका छन् । सम्मेलनमा प्रमुख अतिथि माणिक लामाले सम्पूर्ण तामाङ समुदायको स्वायत्त शासन र आत्मनिर्णयको अधिकारका लागि एकीकृत जनक्रान्तिको बाटोबाट प्राप्त हुने वैज्ञानिक समाजवादी व्यवस्था स्थापना हुनुपर्ने बताए । त्यस्तै तमुवान मुक्ति मोर्चा नेपालका अध्यक्ष मकर गुरुङ र नेकपा काठमाडौं जिल्ला सेक्रेटरी भृकुटीले नवनिर्वाचित कार्यसमितिलाई बधाई ज्ञापन गरेका थिए । कार्यक्रमको सञ्चालन दिव्य लामाले गरेका थिए भने अध्यक्षता साङ्गे तामाङले गरेका थिए ।

## जनसांस्कृतिक महासङ्घ ललितपुरको सम्मेलन

अखिल नेपाल जनसांस्कृतिक महासङ्घ ललितपुर जिल्लाको दोस्रो सम्मेलन शनिबार सम्पन्न भएको छ । महासङ्घका महासचिव खेम थपलियाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको सम्मेलनले हरिबहादुर बुढा 'सागर' को नेतृत्वमा २१ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ । कार्यसमितिको उपाध्यक्षमा राम परियार, सचिवमा विवेक चलाउने र कोषाध्यक्षमा चन्द्रकला भट्टराई रहेका छन् । अन्य सदस्यहरूमा प्रेरणा बिसी, विश्वर बिष्ट, निकिता श्रेष्ठ, सोनिया श्रेष्ठ, बालकुमारी श्रेष्ठ, टार्जन रसाइली, अनिता खड्का, मगर सुन्दर विसी, निर्मला विक, शोभा परियार लगायत छन् । प्रमुख अतिथि खेम थपलियाले नवनिर्वाचित कार्यसमितिलाई कार्यकालको शुभकामना दिएका थिए । कार्यक्रमको अध्यक्षता प्रतिबद्ध र संचालन सागरले गरेका थिए ।

## अखिल (क्रान्तिकारी) नवलपरासीको सम्मेलन

**प्रदीप पाठक**, नवलपरासी

अनेरास्ववियु (क्रान्तिकारी) नवलपरासीको १६ औं जिल्ला सम्मेलन बर्दघाटमा सम्पन्न भएको छ । सम्मेलनले शारदा भण्डारी अध्यक्ष रहेको २५ सदस्यीय जिल्ला समिति गठन गरेको छ । क्रान्तिकारीका केन्द्रीय उपाध्यक्ष रुद्र भट्टराईको प्रमुख आतिथ्य, रूपन्देही इन्चार्ज शरद वली र नवलपरासी इन्चार्ज सुमनको उपस्थितिमा सम्मेलन सम्पन्न भएको हो । यस्तै नेकपा नवलपरासी सेक्रेटेरी डा. शिवशङ्कर बस्याल, अखिल क्रान्तिकारी लुम्बिनी ब्युरो संयोजक सुनिल बन्जाडे र लुम्बिनी ब्युरो सदस्य रूपा, रमेश, मुक्ति, विकल्प र क.सुमनले नवनिर्वाचित कार्यसमितिलाई बधाई दिएका थिए । उक्त कार्यक्रममा अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय टोली सामना परिवारले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो । सम्मेलनमा क्रान्तिकारीका उपाध्यक्ष रुद्र भट्टराईले शिक्षामा विदेशी हस्तक्षेप बढ्दै गएको, शिक्षालाई दलाल भ्रष्टाचारीहरूको व्यापार गर्ने थलो बनाइएको भन्दै त्यसलाई जोगाउन सम्पूर्ण विद्यार्थी एक हुँदै अगाडि बढ्नुपर्नेमा जोड दिए । यस्तै नेकपाका रुपन्देही इन्चार्ज ओलीले निजीकरण, व्यापारीकरणका विरुद्ध सङ्घर्ष गर्दै वैज्ञानिक, समाजवादी र व्यावहारिक शिक्षा युगको आवश्यकता भएकाले सम्पूर्ण विद्यार्थीहरू समाजवादी शिक्षा स्थापना गर्न एक हुनुपर्ने बताएका थिए । शारदा भण्डारीको अध्यक्षतामा सम्पन्न सम्मेलनको सञ्चालन पारस राहादी मगरले गरेका थिए भने स्वागत भाषण प्रतीक्षा उपाध्यायले गरेकी थिइन् ।

## जनकपुरमा विद्यार्थीलाई प्रशिक्षण

अखिल (क्रान्तिकारी) जनकपुरले विद्यार्थीलाई एकदिने राजनीतिक-वैचारिक प्रशिक्षण दिएको छ । अखिल (क्रान्तिकारी) का महासचिव प्रकाश शाही र नेकपाका केन्द्रीय सदस्य सन्देश पौडेलको उपस्थितिमा शनिबार विद्यार्थीलाई प्रशिक्षण दिइएको हो । महोत्तरीमा सम्पन्न कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य पौडेलले समसामयिक राजनीतिक वैचारिक विषयमा र महासचिव शाहीले विद्यार्थी आन्दोलनका बारेमा प्रशिक्षण दिएका थिए । यस्तै क्रान्तिकारीकी सचिव सन्तोषी भट्टराईले विद्यार्थी आन्दोलन इतिहास र नेकपा जनकपुर ब्युरोको स्कुलिङ विभागका प्रमुख तीर्थ राईले दर्शनका बारेमा प्रशिक्षण दिएका थिए । प्रशिक्षणमा जनकपुर ब्युरोअन्तर्गत रहेका ६ जिल्लाबाट प्रतिनिधिहरू सहभागी भएका थिए ।

## झापामा नगरपालिकाको कार्यालयमा बम विस्फोट

झापा : गएराती झापाको कन्काइ नगरपालिका कार्यालयको भवनमा बम विस्फोट भएको छ । नेपाल कम्युनिस्ट पार्टीले आह्वान गरेको नेपाल बन्दको अघिल्लो दिन बेलुका उक्त बम विस्फोट भएको हो । बम कसले विस्फोट गराएको हो भन्ने एकिन नभएपनि कन्काइ नगरपालिकाको कार्यालयबाट व्यापक आर्थिक अनियमितता भएको जनगुनासो बढेको हुनाले बम विस्फोट भएको हुनसक्ने स्थानीयले अनुमान गरेका छन् । नगरपालिकाको विभिन्न योजनाहरूमा मेयर र अधिकृतको मिलेमतोमा भ्रष्टाचार भइरहेको स्थानीय जनताले जनगुनासो गरेपछि यो घटना घट्न पुगेको बताइएको छ । विस्फोटबाट के कति क्षति भयो भन्ने यकिन तथ्य नआएपनि ठूलो आवाजमा विस्फोट भएको हुनाले केही भौतिक क्षति भएको हुनसक्ने स्थानीयले बताएका छन् । नेकपा प्रवक्ता प्रकाण्डलगायत नेताकार्यहरुको गैरन्यायिक गिरफ्तारीपछि बिनासर्त रिहाइको मागसहित आह्वान गरिएको नेपालबन्दको प्रभाव झापामा व्यापक परेको छ । बिहानैबाट सडकमा सवारी साधन गुड्न सकेका छैनन् भने बजारहरु पनि बन्द रहेका छन् ।

## नेकपामाथि सरकारले दमन गरेको भन्दै युरोपमा विरोध

युरोपमा रहेका नेपालीहरूले नेपाल कम्युनिस्ट पार्टीमाथि सरकारले दमन गरेको भन्दै विरोध तथा भर्त्सना गरेका छन् । नेपालमा नेकपाका स्थायी समिति सदस्य प्रकाण्ड, पोलिटब्युरो सदस्य पदम राई, ओमप्रकाश पुन, मोहन कार्की, कृष्ण धमला, केन्द्रीय सदस्य देवनारायण शाहलगायत सयौं नेता-कार्यकर्ताहरूलाई राजनीतिक आस्थाकै आधारमा सरकारले पक्राउ गरेको भन्दै जनप्रगतिशील मोर्चा युरोपले तत्काल रिहाइको माग गरेको छ । बिहीबार संयुक्त विज्ञप्ति जारी गर्दै उनीहरूले नेकपाका नेता-कार्यकर्तामाथि सरकारले गरेको दमनको विरोध गरेका हुन् । नेपाली जनप्रगतिशील मोर्चा युरोपका अध्यक्ष विष्णु भुजेल, नेपाली जनप्रगतिशील मोर्चा, बेल्जियमका अध्यक्ष मेख तमु, नेपाली जनप्रगतिशील मोर्चा, जर्मनीका अध्यक्ष शेरबहादुर तुम्बापो, नेपाली जनप्रगतिशील मोर्चा, पोर्चुगलका संयोजक इन्द्र न्यौपाने, नेपाली जनप्रगतिशील मोर्चा, स्पेनका संयोजक ईश्वर शर्मा, नेपाली जनप्रगतिशील मोर्चा युरोप तथा संयोजक नेपाली जनप्रगतिशील मोर्चा पोल्यान्डका महासचिव सुवर्णबाबु सापकोटा, नेपाली जनप्रगतिशील मोर्चा, बेलायतका संयोजक टीएन रिजाल र नेपाली जनजाति सरोकार मञ्च बेल्जियमका अध्यक्ष बदन योङ्हाङले संयुक्त रूपमा विज्ञप्ति जारी गर्दै नेपालमा नेकपामाथि सरकारले गरेको दमन बन्द गर्न आग्रह गरेका छन् । विज्ञप्तिमा फरक राजनीतिक तथा वैचारिक आस्थाका आधारमा गरिने गतिविधिमाथि ठाडो दमन गरेर नेपालमा सरकारले सामाजिक फासिवादको अभ्यास गरिरहेको जनाएका छन् । नेकपाका राजनीतिक गतिविधिमाथि सरकारले अघोषित प्रतिबन्ध लगाएको भन्दै राजनीतिक तथा वैचारिक आस्था प्रस्तुत गर्न पाउने नेपालको वर्तमान संविधानको समेत धज्जी उडाएको विज्ञप्तिमा उल्लेख छ ।

नियमित

# सरकारको फासिवादी राज्यआतङ्क



विष्णु पन्त

एउटा आदर्श सपनाका लागि राज्यद्वारा गराइने गैरन्यायिक हिरासत र झूट्टा मुद्दाहरू फिका हुन्छन् । एउटा महान् उद्देश्यका अगाडि दुःख, कष्ट, जेल, नेल, यातना अनि भोक, प्यास सबै सह्य हुन्छन् । एउटा सुन्दर यात्राका अगाडि पेचिला सङ्घर्षहरू र अप्ठ्याराहरू स्वीकार्य हुन्छन् । नेपालमा क्रान्ति सम्पन्न गर्ने उद्देश्य लिएर थुप्रै गद्दारी, धोका र विश्वासघातका चक्रहरूबाट कत्तिपनि विचलित नभई यो बिन्दुसम्म आउने आदर्श नेताहरूमध्येका एक क. प्रकाण्डको यहीसाउन २१ गते गरिएको गैरन्यायिक हिरासत र त्यसपछिको झूट्टामुद्दा प्रकरणले सबैलाई आक्रोशित बनाएको छ । क. प्रकाण्डको गिरफ्तारीले सरकारी पार्टीभित्र पनि असन्तुष्टि पैदा गरेको छ । त्यति मात्र हैन, क. प्रकाण्डको गिरफ्तारी अपहरणको शैलीमा गरिएको छ र थुप्रै घण्टा गुपचुप राख्ने प्रयत्न भएको छ । मानसिक यातना दिइएको छ र हत्कडी लगाइएको छ । उहाँका साथ गिरफ्तार गरिएका अन्य दुईजनालाई आँखामा कालोपट्टी बाँधेर शारीरिक यातना दिइएको खबर बाहिर आएको छ । त्यतिमात्र हैन, क. प्रकाण्डमाथि चन्दा असुलीको झूट्टो मुद्दा दायर गरिँदैछ । के यो प्रकरणले पुष्पकमल दाहाल, केपी ओली र रामबहादुर थापालाई लज्जित बनाउँदैन ? के उनीहरूलाई दसबर्से जनयुद्ध र झापा विद्रोहको सम्झना दिलाउँदैन होला ? अझै पनि झूट्टा मुद्दाकै खेती, गैरन्यायिक हिरासत, अपहरणशैलीको गिरफ्तारी, अज्ञात शैलीका गिरफ्तारी यो सरकारलाई सुहाउने कुरा हुन् ? हुनत जुन शासकमा नैतिकता र आदर्श हुँदैन, तिनीहरूमा लज्जानुभूति गर्ने क्षमता नै हुँदैन । राज्य र जनताप्रति उत्तरदायी नहुने शासकहरू क्रूर र निरङ्कुश हुन चाहन्छन् । यो सरकार बनेपछि जनतामा यति धेरै आक्रोश बढ्दै गएको छ, त्यो त शासकहरूले रमिता हेरेर बसेका छन् । कर र मूल्यवृद्धिले जनतामा यति ठूलो वितृष्णा पैदा भएको छ, उनीहरू बाँचौंकि मरौं भन्ने द्विविधामा पुऱ्याइएका छन् । जनता एउटा विस्फोटको नजिक पुग्दैछन् जुन विस्फोटबाट कथित दुई तिहाइको सत्ता अपदस्त हुन सक्छ । त्यसकारण जनताको यो आक्रोशलाई नेतृत्व गर्न सक्ने एउटै शक्ति छत्यो हो क्रान्तिकारी शक्ति, विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी ।

आज तीन प्रकारका शक्ति जो राज्यका खम्बा हुन् तिनीहरूलाई आक्रमण वा दमन गर्ने नीति लिइएको छ । पहिलो शक्ति हो क्रान्तिकारी वा प्रगतिशील शक्ति, दोस्रो हो राष्ट्रवादी शक्ति र तेस्रो हो सच्चा लोकतन्त्रवादी शक्ति । सरकार जतिसुकै आत्मसमर्पणवादी वा कठपुतली बनेपनि यी शक्तिहरूको बलमा राज्यको स्वाभिमान जोगिन सफल भएको छ । त्यसकारण वर्तमान गठबन्धन सरकारले यी तीनवटै शक्तिलाई छिन्नभिन्न पार्ने सपना बुन्दैछ । दमन गर्ने, झूट्टा मुद्दा लगाउने, मानहानि गर्ने र विभिन्न आरोप लगाउने रणनीति अङ्गीकार गरेको देखिन्छ । त्यसकारण स्पष्टै छ- सरकार दुईतिहाइको अहङ्कारबाट सामाजिक फासिवादतिर धकेलिँदैछ । फासिवाद एउटा प्रवृत्ति हो, एउटा अहङ्कार हो र एउटा दुस्साहस पनि । शक्तिमा रहँदासम्म उनीहरूलाई लाग्ने एउटा नशा हो र हिटलरलाईजस्तै लाग्छ- 'यो पृथ्वी मेरै आदेशमा मात्र घुम्छ । ' उनीहरूको सूत्र हुन्छ- 'माने मान, नत्र भने ! नत्र ठोकिदिन्छु, कोचिदिन्छु, मारिदिन्छु । '

दुःखको कुरा के हो भने वर्तमान सरकारले न्यायपूर्ण आन्दोलनलाई नाङ्गो दमनको रणनीति अख्तियार गरेको छ । ऊ देशमा भीषण गृहयुद्ध भड्काउने षड्यन्त्र र दाउपेचमा छ । त्यसो भयो भने सत्ताको बलमा वा सेना, पुलिस र गुण्डाहरूको बलमा चुनाव जित्न र राज्यदोहन गर्न सहज हुन्छ भन्ने उनीहरूको सपना छ । विप्लव, प्रकाण्ड, कञ्चन, सुदर्शन र सन्तोष बुढामगरहरूलाई पक्राउपुर्जी टाँस्ने र वारेन्ट जारी गर्नेजस्ता सरकारी हर्कतहरूको उद्देश्य के हो ? हाम्रा पीबीएम र सीसीएमहरूलाई जथाभाबी गिरफ्तार गर्नेर झूट्टा मुद्दाहरू लगाउनुपछाडिको कारण के हो ? देशैभर हाम्रा नेताकार्यकर्ताहरूमाथि दमन गर्नुको उद्देश्य के हो ? आफैँले चलान गरेको अदालतबाट निर्दोष साबित भई रिहाइका आदेशसहितका फैसलालाई पनी नमानी फेरि अदालत परिसरबाटै गिरफ्तार गर्नुपछाडिको कारण के हो ? त्यसकारण यो सरकारी रबैयाको उद्देश्य स्पष्ट छ : देशलाई गृहयुद्धमा धकेल्नु । हाम्रो प्रश्न यति मात्र हो- के राज्य स्वयम्ले गैरन्यायिक हिरासतमा लिने अभ्यास गर्न मिल्छ ? यो त बरु विद्रोही शक्तिले अपनाउने अभ्यास हो, राज्यले हैन । के राज्य आफैँ अपहरणकारी बन्न पाउँछ ? आज कोही भष्टाचारी, तस्कर, कालोबजारियाहरूलाई गिरफ्तार गर्दा हत्कडी लगाइँदैन, नेताहरूलाई हत्कडी लगाउन मिल्छ ?झूट्टा मुद्दा हाम्रो देशमा धेरै पुरानो अभ्यास हो । पञ्चायत कालदेखिझूट्टा मुद्दाको हविगत हामीले देखेका छौँ । के राज्यलाई यो गणतन्त्रको युगमा पनि झूट्टा मुद्दाकै खेती गर्नु परेको हो ? हाम्रा नेताहरूलाई गिरफ्तार गरिसकेपछि कहाँबाट कुन झूट्टा मुद्दा लगाउने होला भनेर सोचिन्छ । प्रहरी भ्यानमै गिरफ्तार नेताहरूलाई जिल्लाजिल्ला दौडाइन्छ । कसलाई कुन घटनासँग वा मुद्दासँग जोड्ने होला भनेर षड्यन्त्र गरिन्छ ।

हामीले पहिले नै भनेका हौँ, यो सरकार दलाल पुँजीवादको कारिन्दा मात्र हो । मालिकहरूलाई रिझाउन सक्दासम्म मात्र त्यो दुईतिहाइरहन्छ र रिझाउन नसक्दा त्यो कति टुक्रा हुने हो हेर्न बाँकी नै छ । फेरि यो दुई तिहाइ त्यतिबेलासम्म वैध रहन्छ जतिबेलासम्म यसलाई सेनाले साथ दिइरहन्छ । वास्तवमा संसदीय सत्ता सेनाकै बलमा र मालिककै बलमा टिकेको छ । यसलाई राजनीतिक रूपमा ध्वस्त पार्ने शक्ति भनेकै क्रान्तिकारी शक्ति हो र त्यो मुख्य रूपमा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी हो । यो तथ्य खुला छ र कहीँ कतै अस्पष्टता छैन । त्यसकारण यो नेपाल कम्युनिस्ट पार्टीलाई गलाउन सकिन्छ कि भन्ने सत्तापक्षको दिवास्वप्न कत्तिपनि काम लाग्ने अवस्थामा छैन । सक्ने भए प्रतिस्पर्धा राजनीतिक रूपमा, वैचारिक रूपमा हुनुपर्‍यो । एजेन्डाहरूका आधारमा हामीलाई परास्त गर्नुपर्‍यो सरकार । हत्कडी लगाएर, दमन गरेर, जेल चलान गरेर वा झूट्टा मुद्दा लगाएर समस्यासमाधान हुँदैन । यो सरकारी रबैयाले उसकै अन्त्य गर्छ ।

सरकारलाई थाहा छ कि छैन, हामी हजारौँ कार्यकर्ता तिम्रा हिरासतमा बस्न, झूट्टा मुद्दा खेप्न, तिमीले दिने यातनाहरूको सामना गर्न अनि परिहाल्यो भने तिम्रा झूट्टा इन्काउन्टरहरूको समेत सामना गर्न तयार छौँ । हाम्रा महान् नेताहरूलाई समातेर हामीलाई धेरै तरङ्गित र आक्रोशित नबनाऊ । तिमीसँग सारा सत्ता छ र पनि बिचरा गुण्डाहरूको समूहजस्तै वा अपहरणकारीको सानो झुण्डजस्तै बनेर नआऊ । तिम्रो त्यो विशाल सत्ताको सञ्जाललाई रूपमा भए पनि अलिकति विश्वसनीय त बनाऊ ।

हिजो जनतालाई एउटा झूट बोलिएको थियो- 'यो वाम गठबन्धन हो र कम्युनिस्ट सरकार हो । ' यसो बाहिरबाट हेर्दा यो सरकार केपी ओली र पुष्पकमलको गठजोड हो पनि तर भित्रबाट यो पूर्ण रूपले दक्षिणपन्थी आत्मसमर्पणवादतर्फ धकेलिएको छ । यो काङ्ग्रेसलाई उछिन्ने र प्रभुलाई खुसी बनाउने रणनीतिबाट अगाडि बढेको छ । सरकार दुईतिहाइको अहङ्कारबाट केवल सामाजिक फासिवादतिर धकेलिँदै छ ।

जथाभाबी करअसुली र महँगीबाट प्रताडित जनतास्वतःस्फुर्त रूपमा सडकमा निस्किने स्थिति बन्दै छ । कसैले विप्लवलाई गुहार्ने, कोही राजा गुहार्ने त कसैलेसेनालाई गुहार्ने अवस्थामा जनता पुगेका छन् । सरकारको बचाउ गर्नेहरूका लागि अबका दिन धेरै चुनौतीपूर्ण हुनेछन् ।


प्रमाण र तथ्यहरू आफैँ बोल्छन्- विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले हतियार बोकेको छैन र सशस्त्र सङ्घर्षको घोषणा गरेको छैन । शान्तिपूर्ण कार्यक्रममा पनि राज्यद्वारा नाङ्गो हस्तक्षेप भइरहेको तथ्य सबैका सामु स्पष्टै छ । नेताहरूलाई पक्राउपुर्जी टाँसेर भूमिगत बनाउने वा गृहयुद्धमा धकेल्ने सरकारको नियोजित अभीष्ट छ । हाम्रो नेतृत्व संयमित र दूरदर्शी नभएको भए यतिबेला सरकार सैन्य ब्यारेकभित्र मात्र कैद हुने थियो होला ।

निष्कर्षमा भन्नु पर्दा यो सरकारलाई के भय छ भने जनताहरू सरकारप्रति रुष्ट बन्दै विद्रोह गर्नेतिर लाग्दैछन् । त्यो सम्भावित जनआक्रोशलाई नेतृत्व गर्न सक्ने एउटै शक्ति छ, त्यो हो विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी । त्यसकारण यसलाई जरैदेखि उखेल्न पाए सत्ता सुरक्षित हुन्थ्यो भन्ने सत्ताधारीको दिवास्वप्न छ । उनीहरूको आक्रमणको निशाना माथिबाट तलसम्म भन्ने छ । २/४ जनालाई सिध्याउन पाए यो शक्ति सिद्धिन्छ भन्ने उनीहरूको विश्लेषण छ । दमनबाट क्रान्तिको घाँटी निमोठ्छु भन्ने शक्तिहरू इतिहासमा सधैँ नामेट भएका छन् । देशलाई युद्धमा धकेलेर आफु विजयी बन्ने सपना देख्नेहरूलाई इतिहासले जबाफ दिने नै छ । दमनको विकल्पमा प्रतिरोध हुन्छ । जनप्रतिरोधले मात्र अहिलेका सामाजिक अन्तरविरोधहरूको व्यवस्थापन गर्न सक्छ । सायद यो पुरानो संसदीय व्यवस्थाका अन्तिम पात्रहरू केपी र प्रचण्ड नै बन्ने सम्भावना प्रबल छ ।

# नेकपाका नेतालाई प्रचण्ड र बादलले दिए भेट्रान सर्टिफिकेट

■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका चितवन जिल्ला इन्चार्ज लालबहादुर बीसीले आफूलाई बादल र प्रचण्डले भेट्रान सर्टिफिकेट दिएको बताएका छन् । दैलेख जिल्लाको गुरास गाउँपालिका २ स्थित बीसीको घरमा शुक्रबार प्रशासनले पक्राउ पुर्जी टाँसेपछि बीसीले भने, '२०६४ सालमा प्रचण्ड र बादलले ललितपुरको खन्ना गार्मेन्टमा हामीलाई प्रशिक्षण दिँदा भनेका थिए, हामी सरकारमा गयौं भने तपाईंहरूलाई भेट्रान सर्टिफिकेट दिन्छौं । आज त्यही भएर


चितवन जिल्ला अदालत बाट जारी भएको

होला प्रचण्ड-बादल सरकारमा गएपछि मेरो घरमा भेट्रान सर्टिफिकेटस्वरूप पक्राउ पुर्जी टाँसिएको छ ।' बीसीले थप भने, ' आज मेरो घर दैलेखमा ४ जना पुलिस पठाएर घरको भित्तामा बादलले दिएको भेट्रान सर्टिफिकेट ७० दिनको म्याद दिएर टाँसेका छन् । मेरा भूतपूर्व कमरेड बादल-प्रचण्डलाई धन्यवाद छ ।'

बीसीका अनुसार चितवन जिल्ला अदालतको आदेशमा ज्यान मार्ने उद्योगमा प्रहरीले उनको घरमा पक्राउ पुर्जी टाँसेको हो ।

# बन्दको दिन ठाँउ-ठाँउमा बम विस्फोट, अवज्ञा गर्ने सवारीसाधनमा तोडफोड

■ झनक श्रेष्ठ/काठमाडौं

आफनो पार्टीका नेता कार्यकर्ता पक्राउ गरिएको विरोधमा नेकपाले आयोजना गरेको एकदिने बन्दको दिन ठाउँठाउँमा बम विस्फोटका घटनाहरु भएका छन् । मंलगबार बिहानै लमजुङ्ग जिल्लाको दुईपिप्ले र भोर्लेटारको बिचमा बम विस्फोट भएको छ । यस्तै चितवन भरतपुर महानगरपालिका १८ मा पर्ने चनौली बजारमा बिहान ६ बजेतिर बम विस्फोट भएको छ । यस्तै हाकिम चोक र टाडी बजारमा पनि बम विस्फोट भएको छ । यस्तै रोल्पामा पनि बम बिस्फोट भएको खबर छ । रोल्पाको सुलिचौर, बागमारा, लिवाङ र रुपन्देहीको बुटवलमा पनि बम बिस्फोट भएको छ । नेपाल बन्दको पूर्वसन्ध्यामा बुटवलस्थित भारतीय भूतपूर्व सैनिक क्याम्पमा बम बिष्फोट भएको प्रहरीले जनाएको छ । विस्फोटबाट कुनै मानवीय क्षति नभएपनि क्याम्पको भवनमा क्षति पुगेको रुपन्देही प्रहरीले जानकारी दिएको छ ।

यस्तै सिन्धुपाल्चोक चौतारामा पनि प्रहरी चौकि नजिकै सिलिन्डर बम बिस्फोट भएको जनाइएको छ । त्यसैगरी म्याग्दीको बेनीमा पनि बम विस्फोट भएको छ । झापाका विभिन्न ठाउमा बम विस्फोट भएको खबर छ । भद्रपुरमा रहको बस पार्कमा एउटा शक्तिशाली बम विस्फोट भएको छ । बन्दको दिन काठमाडौंको बल्खुचोक परिक्षा नियन्त्रण कार्यालय नजिकै बम जस्तो देखिने संकास्पद बस्तु फेला परेको छ । यसैगरी तराईको जिल्ला रौतहट पनि बम विस्फोट भएको खबर प्राप्त भएको छ । मकवानपुरको हेटौडा ११ मा पनि बम विस्फोट भएको खबर प्राप्त भएको छ । यसैगरी सिन्धुपाल्चोकको मेलम्चीमा नेपाल बन्द सफल पारौं लेखिएको प्रेसर कुकर बम फेला परेको छ । यसैगरी झापाको गौरदह नगरपालिकामा पनि गोलढुंगा बजारमा रहेको प्रहरी चौकी नजिकै बम विस्फोट भएको जनाइएको छ । मंगलबार दिउँसो भक्तपुरको लोकन्थलीमा रहेको सिद्धार्थ पेट्रोलपम्पबाट भित्र छिर्ने सर्भिस ट्र्याकमा रातो प्लाष्टिकको झोलाभित्र शंकास्पद बस्तु फेला परेको छ ।

ललितपुरका विभिन्न स्थानमा पनि शंस्कास्पद बस्तु फेला परेको प्रहरी र स्थानीयले बताएका छन् । ललितपुरको चक्रपथ ग्वार्कोस्थित गुण सिनेमा हल नजिक र बटुक भैरम मन्दिर अगाडि राखेको शंकास्पद बस्तु नेपाली सेनाको बम डिस्पोजल टोलीले निस्क्रिय बनाएको छ । काठमाडौंको धर्मस्थली र नैकाप उकालोमा पनि शंकास्पद बस्तु फेला परेको छ । यसैगरी बल्खु र सतुंगलमा शंकास्पद बस्तु फेला परेको खबर छ । यसैगरी पूर्व-पश्चिम राजमार्गको महोत्तरी बर्दिवास १ काठेपूलमा प्रेसर कुकर बम फेला परेको छ । देशैभरी भएका बम विस्फोटनका घटनाले जनजिवन त्रसित बनेको छ भने कैयौ ठाउँमा नेपाली सेनाको बम डिस्पोजल टोलीले बम डिस्पोज गरेको छ । ललितपुरको ग्वार्कोमा गुडिरहेको बसमा बम भेटिएको छ । यस्तै पोखराको र पर्वतका विभिन्न ठाँउमा बम फेला परेको छ ।

यसैबिच बन्दको अवज्ञा गरेको भन्दै बन्दकर्ताहरुले विभिन्न ठाँउमा गाडीमा तोडफोड समेत गरेका छन् । मंगलबार बिहानै नवलपरासीमा बन्दकर्ताले २ वटा मालबाहक ट्रकमा आगजनी गरेका छन् । यस्तै डोटीमा पनि बन्दकर्ताहरुले मालबाहक ट्रकमा आगजनी गरिदिएका छन् । मकवानपुर थाहा नगरपालिकामा बन्दकर्ताहरुले एउटा बसमा आगजनी गर्दा बस पूर्ण रुपले क्षतिग्रस्त हुनपुगेको छ । यस्तै बन्दको अवज्ञा गरी गाडी संचालन गरेको भन्दै बन्दकर्ताले नुवाकोटमा तीनवटा मिनीट्रकमा आगजनी गरेका छन् । शिवपुरी गाउँपालिका ८ बाट बालुवा बोकेर काठमाडौं तर्फ गुडिरहेका ३ गाडीलाई बोहरे खोला नजिकै बन्दकर्ताले आगजनी गरी क्षति पुऱ्याएको नुवाकोट प्रहरीले जनाएको छ । बन्दको कारण त्यहाँ छोटो दुरीका सवारी साधन केही संचालनमा रहे पनि जिल्लाबाट बाहिर जाने गाडीहरु ठप्प भएका छन् । त्यस्तै बन्दकर्ताले बन्दको अवज्ञा गरेको भन्दै डडेलधुरामा मिनिटाटा र एक ट्रकमा पनि आगजनी गरिएका छन् । यस्तै काठमाण्डौं तिनकुनेमा एक यात्रुबाहक बसमा आगजनी गरिएको छ ।

### नेकपाका नेताकार्यकर्ता विभिन्न ठाउँबाट गिरफ्तार

नेपाल कम्युनिस्ट पार्टीका नेताकार्यकर्तालाई विभिन्न ठाउँबाट प्रहरीले गिरफ्तार गरेको छ । यसैगरी नेकपा मेचीब्युरो सदस्य रामदास असल लिम्बुलाई प्रहरीले झापाबाट प्रहरीले गिरफ्तार गरेको छ । उनीहरुलाई झापाको इलाका प्रहरी कार्यालय दमकमै राखिएको छ । यसैगरी नेकपा निकट अखिल (क्रान्तिकारी) का काठमाडौं क्याम्पस जिल्ला अध्यक्ष उषाकिरण र जिल्ला सचिव तारा सङ्ज्याललाई प्रहरीले गिरफ्तार गरेको छ । दुबै जनालाई काठमाडौंमा रहेको वीर अस्पतालमा विरामी भेट्न जाँदा प्रहरीले मंगलबार बिहान ६ बजे गिरफ्तार गरेको हो । आफ्ना नेताकार्यकर्तालाई बिनाकारण प्रहरीले गिरफ्तार गरेको भन्दै तत्काल बिना शर्त रिहा गर्न अखिल (क्रान्तिकारी)ले माग गरेको छ ।

ललितपुरबाट नेकपाका तीन जना कार्यकर्ताहरुलाई प्रहरीले गिरफ्तार गरेको छ । गिरफ्तार पर्नेहरुमा कुमार सिलवाल, चन्द्र परियार, जयराम श्रेष्ठ रहेका छन् । धादिबाट विद्यार्थीका राजु श्रेष्ठलाई प्रहरीले गिरफ्तार गरेको नेकपाले जनाएको छ । यसैगरी चितवनबाट १५ जना सर्वसाधारणलाई प्रहरीले गिरफ्तार गरेको खबर प्राप्त भएको छ । यसैगरी नेकपा रुकुममा ५ जना नेताकार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको छ । मंगलबार कैलालीको सुखडबाट एक जना नगरपालिकाका इन्चार्ज गिरफ्तारीमा परेका छन् । गिरफ्तारी पर्नेमा नेकपाका घोडाघोडी नगरपालिकाका नगर इन्चार्ज छविलाल ओली घर्तिलाई मंगलवार कैलालीको सुखडबाट गिरफ्तार गरिएको छ । उनलाई जिल्ला प्रहरी कार्यालयमा राखिएको छ ।

नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।

उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

छिटो, छरितो, भरपर्दो, सरल

सस्तो दरमा डकुमेण्ट, पार्सल तथा कार्गो नेपालको हरेक ठाउँमा पठाउनु परेमा यती एअरलाइन्समा सम्पर्क गर्नुहोला ।

सम्पर्क: ०१ ४४८६१५७, ०१ ४४६५८८८ Ext. १०४, ११८



Yeti Airlines
You come first
www.yetiairlines.com

Yeti Airlines operates 7 Jetstream-41 advanced turbo prop aircrafts catering to widest network sectors every day.

Yeti Airlines Domestic Pvt. Ltd. Corporate Office: Tilganga, Kathmandu, Tel: 4465888 Fax: 4465115 Reservations: 4464878 (Hunting Line), Kathmandu Airport: 4493901 Email: reservations@yetiairlines.com •Bhadrapur: 023-455232•Biratnagar: 021-536612•Tumlingtar: 029-575120•Janakpur: 041-520047•Bharatpur: 056-523136•Pokhara: 061-464888•Bhairahawa: 071-527527•Nepalgunj: 081-526556•Dhangadi: 091-520004
For any service suggestions, call 977-1-4465888 (Ext. 621) or email us at feedback@yetiairlines.com

निर्देशक : **गुणराज लोहनी**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ